CC-0. In Public Domain. Digitization by eGangotri

कुण्डलीप्रकाश



सहप्रा. माधवप्रसाद पाण्डेय 'विद्यावारिधि'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आमा

लोकमाया पाण्डेय

(१९८२/०२/०७ - २०७९/०४/०७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुण्डलीप्रकाश

नेपालमा शुद्ध र स्पष्ट चिना निर्माणार्थ आधिकारिक पुस्तक,
सरल तरिका, प्रशस्त उदाहरण, प्रामाणिक आधार र
स्रोतहरूसँग सम्बन्धित सामग्रीहरूको सङ्गम

(ने.सं.वि.को चारवर्षे नयाँ पाठ्यक्रमअनुसार शास्त्री प्रथमवर्ष प्रथम
पत्रको ४० अङ्कभारको विषयवस्तुसमेत समेटिएको)

माधवप्रसाद पाण्डेय 'विद्यावारिधि'
सहप्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
काठमाडौं

प्रकाशक

ज्योतिर्विद्या प्रा.लि.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक : कुण्डलीप्रकाश

प्रकाशक : ज्योतिर्विद्या प्रा.लि., कीर्तिपुर–२, मैत्रीनगर, आदर्शमार्ग, काठमाडौं

सर्वाधिकार : © लेखकमा

संस्करण :

प्रथम	२०५७, ऋषिपञ्चमी
द्वितीय	२०५७, महाशिवरात्री
तृतीय	२०६१, विजयादशमी
चतुर्थ	२०७९, कोजाग्रतपूर्णिमा

(समग्र परिष्कृत र परिवर्द्धित संस्करण)

१११११ प्रति

प्राप्तिस्थान

रत्नपुस्तक भण्डार, माइतीघर, काठमाडौं,
०१–५३४८९६३३, ५३२१८१८

श्रीचन्नीप्रसाद पाण्डेय, बाकामलाङ, पाल्पा, ९८६४४४४९२२

श्रीमती दुर्गादेवी तिवारी, मध्यबिन्दु, चोरमारा, नवलपुर

अभिनव पाण्डेय र सुश्री अभिज्ञा पाण्डेय, कीर्तिपुर–२, मैत्रीनगर, काठमाडौं।

ISBN 9789937-1-2718-9

मुद्रक : सुप्रवाह प्रकाशन प्रा. लि., ५२३४९८३, ५२३४४१४

मूल्य रु. ४५९।–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Kundali-Prakash

(In Nepal pure and obvious horoscope construct meaning official book, simple way, Authentic foundations and sources horoscope relating to construction Confluence of materials)

Madhav Prasad Pandey "Ph.D."

Associate Professor

Nepal Sanskrit University

Balmiki Vidyapith, Kathmandu Nepal

Publisher

Jyotirbidya Pvt. Ltd

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Book **: Kundaliprakash**

Publisher **:** Jyotirbidya pvt, ltd,

Kirtipur 2, Maitrinagar, Kathmandu,Nepal

All right : In Writer

Edition:

First : 2057 B.S, Rishipanchami

Second : 2057 B.S, Mahashivaratri

Third : 2061 B.S, Bijayadashami

Fourth : 2079 B.S, Kojagrat Poornima

(Overall refinement enhanced edition)

1111 Copys

Place of receipt

Ratna Pustak Bhandar, Maitighar, Kathmandu,

Ph. 01-53489633/ 5321818

Shree Channi Prasad Pandey, Bakamalang, Palpa 9864444922

Mrs. Durga devi Tiwari, madhyebindhu, Chormara, Nawalpur

Abhinav Pandey and Abhigya Pandey, Kirtipur 2, Maitrinagar, Kathmandu

ISBN 9789937-1-2718-9

Price Rs. 459/-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

आमामा



लोकमाया पाण्डेय

(१९८२।२।७ – २०७९।४।७)

पितुरप्यधिका माता गर्भधारणपोषणात् ।
अतो हि त्रिषु लोकेषु नास्ति मातृसमो गुरुः ॥

माता धरित्री जननी दयार्द्रहृदया शिवा ।
देवी त्रिभुवनश्रेष्ठा निर्दोषा सर्वदुःखहा ॥

बृहद्धर्मपुराण १, ७ ।

उदात्त शील सद्भाव मीठो बोली सधैभरि ।
दुःखमा सुखको भाव देखिन्थ्यो लोकमा–धुरि ।

"चाह मेरो कुनै छैन तिमि पास रहे पुग्यो" ।
यस्तो निःस्वार्थको माया मलाई अब गर्छ को ?॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महेन्द्र संस्कृत विश्वविद्यालय
उपकुलपतिको कार्यालय
बेलझुण्डी, दाङ

सम्मति

नेपालको प्राचीन सांस्कृतिक वैभव प्रत्येक नयाँ पिढीमा हस्तान्तरण गर्दै जाने प्रक्रियालाई संस्कृतका विद्वान्हरूले निरन्तरता दिँदै आएको तथ्य कसैका सामु लुकेको छैन। वैदिक कालदेखि आजसम्म पनि वाङ्मयका विभिन्न विधाका क्षेत्रमा भएको यो परम्पराले संस्कृत वाङ्मयलाई निकै समृद्ध तुल्याएको छ। यसै क्रममा वाल्मीकि विद्यापीठमा कार्यरत सहायक प्राध्यापक श्री माधवप्रसाद पाण्डेयले म.सं.वि. अन्तर्गत शास्त्री प्रथम वर्षको पाठ्यवस्तु र सामाजिक आवश्यकतालाई मनन गरी **कुण्डलीप्रकाश** नामक ग्रन्थ लेखी प्रकाशन गर्न लाग्नुभएकोमा मलाई निकै खुशी लागेको छ।

वास्तवमा ज्योतिषशास्त्रको अध्ययन अध्यापन वैदिककालदेखि नै चलिआएको हो। पौराणिक कालमा आएर यसको अझ विकास भयो। सिद्धान्त र फलितका रूपमा अध्ययन, अध्यापन हुने क्रममा फलितज्योतिषको उत्थान र विकासले गर्दा कुण्डलीलाई अझ सूक्ष्म, व्यापक र वस्तुगत बनाएको छ। बृहज्जातक, बृहत्पाराशरहोराशास्त्र आदि कृतिहरूले मानिसका शुभाशुभ फलदायक भावी घटनाको विवरण दिनुका साथै जन्मको समयमा गतिमान् ग्रहस्थिति, विभिन्न योग आदिको स्पष्ट व्याख्या गरेका छन्। संस्कृत भाषामा यस्ता प्रशस्त ग्रन्थ भए तापनि आम नेपाली समुदायले बुझ्ने कृति भने नेपाली भाषामा कमै लेखिएका छन्। त्यसमा पनि नेपाली भाषामा सजिलो तरिकासँग कुण्डली निर्माण गर्न सिकाउने कृतिको अत्यन्त अभाव देखिन्छ। गाउँ ठाउँमा पौरोहित्य गर्ने व्यक्तिका साथै कुण्डली निर्माण गर्न सक्ने व्यक्तिको अभाव हुँदै गएको आजको अवस्थामा श्री माधवप्रसाद पाण्डेयद्वारा लिखित **कुण्डलीप्रकाश** नामक कृतिले यस दिशामा अवश्य पनि सहयोग पुऱ्याउनेछ भन्ने मलाई लागेको छ। फलितज्योतिष विषय लिई अध्ययनरत विद्यार्थी तथा अन्य जिज्ञासु पाठक सबैका निमित्त यो कृति उपादेय बन्नेछ भन्ने मैले ठानेको छु।

अन्तमा **कुण्डलीप्रकाश** लेखी प्रकाशन गरेर महनीय कार्य गर्नुहुने श्री माधवप्रसाद पाण्डेयलाई हार्दिक धन्यवाद दिन्छु।

माधवराज गौतम
उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय

ऋषितर्पणी, २०५७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशंसा

पौरस्त्य ऋषिमुनि एवं आचार्यहरूद्वारा अपौरुषेय, आद्यन्तरहित र नित्यज्ञानमय मानिएको वेद मानवमात्रलाई उपलब्ध आदिम साहित्य हो। वैदिक संहिताको अध्ययन र वैदिक कर्मानुष्ठानको सम्पादनार्थ व्यवस्थित ६ वेदाङ्गमध्ये ज्योतिषशास्त्र वेदाङ्ग आँखा हो। वैदिक कर्मानुष्ठानका अधिकरण तिथि, नक्षत्र आदि ज्ञानार्थ यस अङ्गको उपयोग गरिएको छ। हालै बेलायती ज्योतिषशास्त्रीहरूले ज्योतिषमय आँखाकै भरमा यो विश्वब्रह्माण्ड लगभग १४ अर्ब वर्ष पुरानो हो भन्ने निक्यौंल निकालेका छन्। वेदाङ्ग आँखा गणितज्योतिषको माध्यमबाट अतीत, वर्तमान र भविष्यत्को ग्रहनक्षत्रगति छर्लङ्ग देखिन्छ। फलितज्योतिषका माध्यमबाट मानवीय जीवनचक्रको घटना, तीनोटै कालको व्याप्तिमा देख्न सकिन्छ। पर्वत पाङ्का स्वर्गीय फलितज्योतिषशास्त्री तोयनाथबाट आफ्ना जीवनको तीनै कालको यथार्थ फलादेश सुन्न पाउँदा नेपालीहरूले फलितज्योतिषलाई पनि गणित ज्यातिषलाई झैं विज्ञानात्मा तथ्यपरक मानेका छन्। फलितज्योतिषमा नेपालीहरूको कति आस्था र विश्वास छ भन्ने कुरामा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको "म आफ्नो जन्मकुण्डली अनुसार तेस्रोपटक प्रधानमन्त्री बन्नेछु" भन्ने उक्ति नै नमूनाको रूपमा छ।

जुन बेला कसैसँग हाते घडी थिएनन्, घण्टा मिनेटको कुरा थिएन, त्यसबेला पौरस्त्यशास्त्रीय परम्पराको षष्टिदण्डात्मक अहोरात्रकै व्यवस्थाबाट काम चालउनुपर्थ्यो। वि.सं. २००० तिर गुल्मीको विख्यात रेसुङ्गा महागिरिका काखको गाउँमा बस्ने मेरा पितापितृव्यहरूले दिनमा आफूहरूले घटी पला छुट्याउन निश्चित गरेका सूर्यछायात्मक परिधिबाट र रातीमा ताराहरूको अवस्था र कीटपतङ्गको ध्वनिबाट घटी पला छुट्याउनुहुन्थ्यो। बालक जन्मने बित्तिकै आएर पञ्चाङ्गमा अर्को धर्का लेखाउनेहरूको लग्न कहिल्यै बिरिँदैनथ्यो। पछिका दिनहरूमा आएर "गाई फुकाउने बेला, लैनीगाई फर्कने बेला" जस्ता कुरा भन्नेहरूमध्ये कसैको दोसाँधको लग्न रहेछ भने फरक पर्न सक्दथ्यो। केही वर्षपछि उसको जीवनशैली हेरेर संशोधन गरिन्थ्यो। वि.सं. २००० देखि २००८ सम्म पर्वत पाङ्का विद्वान् ज्योतिर्विद् तोयनाथ शर्मा गुल्मीका इस्मा र तंघासमा पटक-पटक आउने बस्ने गर्नुभयो। त्यसबेला ग्रहफल बताउने सन्दर्भमा गुल्मीका बूढापाका मानिसहरूका पनि चिनामा लेखिएका अशुद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मलग्नहरूको परिवर्तन गरिएको थियो । हाल घडीको सुविधा भएकाले बालकको ग्रह–दशावारे सोध्न वा चिना लेखाउन ज्योतिषिकहाँ आउनेले यथार्थ घण्टा, मिनेट बताइदिन्छ तापनि थोरै अध्ययनको आधारमा जन्मपत्रिका बनाउने ग्रामीण युवक ज्योतिषीहरूले कुण्डलीमा लग्न फरक पार्ने र ग्रहहरूको विन्यास बिराउने गरेको जताततै देखिन्छ । नेपाली पञ्चाङ्गको प्रत्येक पक्षको छेउमा कुण्डली हुन्छ, त्यो प्रथम दिन, प्रतिपदा अनुसार राखिन्छ । बीचका तिथिहरूमा कुनै ग्रह अर्को राशिमा सरेको हेर्दै नहेरेर पूर्णिमाका दिन जन्मने बालकको चिना बनाउँदा १५ दिन अगाडिका प्रतिपदाको ग्रहस्थिति (जसको तस पात्रोबाट सारेर) राखेका चिना पनि अनेकौं देखिए । यसरी हामी जस्ता अज्योतिषिक व्यक्तिहरू पनि अचम्ममा पर्दछौं । यस्तै अनुभवको आधारमा मैले 'मङ्गलग्रह' मा यी दुई श्लोक पारेको थिएँ –

"सिद्धान्तपक्षे फलशंसने वाऽनुग्रामभागं प्रतिमण्डलञ्च ।
मौहूर्तिकम्मन्यगणो वराकः प्रतारयत्यल्पधियो मनुष्यान् ॥
आराजधानीहृदयात् समन्ताद् या दुर्दशा ज्योतिषविस्तरेऽस्ति ।
न सर्वकारो न सतां गणो वा न विश्वविद्यालय ईक्षते ताम् ॥"

मैले सुहृद्वर श्रीमाधवप्रसाद पाण्डेयज्यूलाई यी दुई पद्य वि.सं. २०५४ सालमा सुनाएको थिएँ र उहाँसँग फलितज्योतिषमा नेपालीहरूको अत्युत्कण्ठा तथा गाउँगाउँमा प्रामाणिक फलितज्योतिषीहरूको अभाव भइरहेको गुनासो पोख्दै यी कुरा भनेको थिएँ– "चिना लेख्ने ज्योतिषीहरू प्रायः सबै ग्रामीण क्षेत्रमा छन् तापनि कुशल र शिक्षित ज्योतिषीहरू साह्रै कम पाइन्छन् । ती अल्पज्ञ पेशेवर ज्योतिषीहरूलाई शुद्ध जन्मपत्रिका लेख्न आधारभूत प्रामाणिक पुस्तक आवश्यक छ जसबाट उनीहरूले लग्नराशि र ग्रहविन्यास शुद्ध रूपले राख्न सकून् ।"

प्रस्तुत पुस्तक **कुण्डलीप्रकाश**का लेखक श्री पाण्डेयज्यूसँग मेरो २०५१ देखि सौहार्दपूर्ण सम्बन्ध थियो । उहाँको वैदुष्यबाट म अतिशय प्रभावित छु । मैले आत्मीय जनका अनेकौं अशुद्ध जन्मकुण्डलीहरू उहाँबाट संशोधन गराएको छु र यथेष्ट सहयोग प्राप्त गरेको छु । मूलतः जन्मकुण्डली शुद्ध बनाउने परम्परा हुनु अत्यावश्यक छ । फलादेशका लागि जता पनि जान सकिन्छ । भारत उत्तरप्रदेशको देवरियाका एक गाउँका कुनै विशिष्ट परिवारकहाँ फलितज्योतिषको ग्रन्थ **'रावणसंहिता'** हस्तलिखित पुरानो लिपिमा छ । शुद्ध चिना त्यहाँ लगेर दिएपछि त्रिकालव्यापी यथार्थ ग्रहफल पाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत पुस्तक प्रामाणिक आचार्यहरूका आकरग्रन्थहरूको आधारमा तयार पारिएको छ। यसमा जन्मचक्र तयार पार्ने गणितीय विषयहरू, नेपालका हरेक ठाउँका सूर्योदयकालका सूक्ष्मभेदका आधारमा द्वादशभावस्पष्टसहितको षड्वर्गयुक्त जन्मलग्न निर्धारित गर्ने मूलभूत सङ्केतहरू र ग्रहविन्यासका सुस्पष्ट आधारहरू दिइएका छन्। यसमा ग्रहहरूको स्पष्ट स्थितिवारे व्यवस्था र दशा निकाल्ने रीति यथार्थतः प्रस्तुत छन्। यसमा विंशोत्तरी, त्रिभागी र योगिनीका दशा, अन्तर्दशाहरू प्रस्तुत छन्। यसबाट जन्मपत्रिका लेख्ने ज्योतिषीहरूमध्ये धेरैले यस पुस्तकको स्वयमेव अध्ययन गरी आद्योपान्त बुझ्नेछन्। कतिपयले आफूभन्दा बढी जान्नेलाई सोधेर सन्दिग्ध कुरा बुझ्नेछन्। तसर्थ प्रत्येक फलितज्योतिषीकहाँ यो पुस्तक पुग्नुपर्छ, सो व्यवस्था हुन म लेखक पाण्डेयज्यूलाई साग्रह अनुरोध गर्दछु।

हाम्रा ग्रामीण इलाकाहरूमा फलितज्योतिषका दुई पक्षको उत्कट रूपमा आवश्यकता परिरहन्छ– (१) मुहूर्तनिर्धारण, (२) जन्मपत्रिकालेखन। पहिलो– अर्थात् यात्रा, गृहारम्भ, गृहप्रवेश, आदि मुहूर्त बताउने काम अज्योतिषिक पुरोहितबाट पनि चल्दछ, समस्या छैन। दोस्रो (चिना लेख्ने काम) पक्षमा पाण्डेयज्यूको यो सत्प्रयास नेपाली ग्रामीण क्षेत्रका सामान्य शिक्षित, अनौपचारिक अध्ययनबाटै पेशामा लागेका चिना लेख्नेहरूलाई एउटा महत्त्वपूर्ण उपलब्धि सावित हुनेछ। जसरी जन्मपत्रिका तयार पार्ने कामका लागि प्रारम्भिक तर महनीय यति काम पाण्डेयज्यूले गर्नुभएको छ त्यसैगरी उहाँले भविष्यमा यथासम्भव छिट्टै, फलादेशका लागि प्रारम्भिक पुस्तक तयार पार्नुहुनेछ भन्ने पूर्ण विश्वासका साथ उहाँलाई पुनः शतशः साधुवाद दिँदै विश्रान्ति लिन्छु।

मौहूर्तिकाचार्यवरेण्यमाधवप्रसादपाण्डेयविनिर्मिता कृतिः।
इयं धियं शोधयताद् विपश्चितां सूर्यादिखेटस्थितिबोधकाङ्क्षिणम्॥
तनुधियः सुधियः सुखजीवनाञ्जनपत्रिकया त्रिकयाजिनः।
कृतिरियं विदधातु दधातु वा सुगणकान् गणकान् विनयान्वितान्॥

डा. टीकाराम पन्थी
सदस्य
नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

२०५७ नागपञ्चमी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशंसा

सिद्धान्तसंहिताहोरारूपं स्कन्धत्रयात्मकम्।
वेदस्य निर्मलं चक्षुर्ज्योतिःशास्त्रमकल्मषम्।

ज्योतिषशास्त्रका तीन शाखा छन्– सिद्धान्त, संहिता र होरा। तीमध्ये सिद्धान्तज्योतिष ग्रहगणित विज्ञान, संहिताज्योतिष ग्रहफलादेश विज्ञान र होराज्योतिष राशिचक्र र ग्रहस्थितिको विज्ञान हो। यसलाई कुण्डलीविज्ञान भन्न पनि सकिन्छ। यो होराशास्त्र वा अहोरात्र–विज्ञान हो–

"होरेत्यहोरात्रविकल्पमेके वाञ्छन्ति पूर्वापरवर्णलोपात्" (बृहज्जातके)

अहश्च रात्रिश्च यो विग्रहमा द्वन्द्वसमास भएर अहोरात्र शब्द बन्दछ। अतः होराशास्त्रले अहोरात्र (२४ घण्टा) मा १ फन्का मार्ने द्वादशराशिचक्र र राशिचक्रमा विचरण गर्ने ग्रहहरूको स्थिति बताउँछ। कुण्डलाकार शरीर भएको त्यो शिशुमारचक्रमा २७ नक्षत्र, १२ राशि र ग्रहहरू घुम्छन्। त्यो शिशुमारचक्रको कुण्डल (कुँडुलो) भित्र पृथिवी छन्। पृथिवीको तलमाथि रहेको शिशुमार चक्रभित्र दिनमा ६ राशि रातमा ६ राशि गरेर बाह्र राशि र तिनका २७ नक्षत्र रहन्छन्, यो कुनै कल्पित कुरा होइन। स्वच्छ आकाश भएको बेला ६ राशि र राशिका नक्षत्रलाई ज्योतिःपुञ्जका रूपमा आकाशमा प्रत्यक्ष देख्न सकिन्छ। दिनमा ६ राशि र ती राशिका नक्षत्र सूर्यको तेजले अभिभूत हुनाले देख्न सकिँदैन तर वैज्ञानिकहरूले सूर्यको तेजलाई अभिभव गरेर राशि, नक्षत्र, तारा सबै देख्न सकिने गरी बनाएको वेधशालाबाट हेर्दा दिनमा पनि राशि, नक्षत्र, ग्रहहरूको स्थिति गति अवलोकन गर्न सकिन्छ। अत एव भनिएको छ– ***प्रत्यक्षं ज्योतिषं शास्त्रम्***। यसरी ज्योतिश्चक्रको कुँडुलोभित्र रहेको पृथिवीमा ग्रह, नक्षत्र, राशिको प्रभाव पर्दछ भन्ने कुरा आस्तिक, नास्तिक, अध्यात्मवादी, भौतिकवादी सबैले समानरूपमा मान्नुपर्ने हुन्छ।

कुण्डलाकार शिशुमारचक्रको प्रतीक नै कुण्डली हो र कुण्डली मानिसको आध्यात्मिक एवं भौतिक स्वरूपको पनि प्रतीक हो, परिचायक हो। कुण्डलीमा लग्न र ग्रहको स्थिति याथातथ्यरूपमा अङ्कित छ भने कुशल ज्योतिषीले भूत भविष्यत् वर्तमानको शुभाशुभफल सही रूपमा बनाउन सक्छन्। कुन समयमा कुन काम गर्दा ठीक हुन्छ भन्ने विचार गरेर आफ्नो जीवनमा गर्नुपर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृत्यहरूको समय सारणी बनाउन सकिन्छ । कुण्डली सही छैन भने शुभाशुभफल थाहा हुँदैन। अर्को कुरा ब्रतबन्ध विवाहादि संस्कारमा पनि नक्षत्र ग्रह मिलाउनुपर्छ, अन्यथा वैपरीत्य हुन्छ र जीवन अन्योलपूर्ण एवं असफल हुन्छ। अतः कुण्डली सही ढङ्गले बनाउनु सबैका लागि परमावश्यक छ।

यसै कुरालाई हृदयङ्गम गरी नवोदितप्रतिभा सहायक प्राध्यापक माधवप्रसाद पाण्डेयज्यूले बृहत्पाराशरहोराशास्त्र, मुहूर्तमार्तण्ड, मुहूर्तचिन्तामणि, ग्रहलाघव आदि विविध ग्रन्थहरूमा विकीर्ण भएर रहेको कुण्डली निर्माण प्रक्रियालाई एकत्र सङ्ग्रह गरी सरल तरिका र प्रशस्त उदाहरण दिएर यो **कुण्डलीप्रकाश** नामक पुस्तिका तयार गर्नुभएको छ । विविध ग्रन्थगत विषयवस्तु एकत्र गर्नमा र विविध स्थलगत देशान्तरसारणी आदिको निर्माणमा लेखकले ठूलो प्रयास गर्नुभएको छ। यस पुस्तकमा नक्षत्रको भुक्त, भोग्य, भभोग, बनाउने प्रक्रिया चालनबाट ग्रहहरूको तात्कालिक स्पष्ट ल्याउने र नक्षत्रको भुक्तघटीबाट चन्द्रस्पष्ट ल्याउने रीति, तन्वादि द्वादशभावस्पष्ट, नवांश, द्वादशांश, त्रिशांशकुण्डली बनाउने प्रक्रिया, विंशोत्तरी–त्रिभागी–योगिनी–दशाहरू ल्याउने रीति, अनि ती प्रत्येक दशाको अन्तर्दशा ल्याउने रीति र सारणी सुस्पष्ट रूपमा उल्लेख गरिएको हुनाले यो ग्रन्थ चिना बनाउने ज्योतिर्विद्हरूलाई र यो विषय, शास्त्री परीक्षाको पाठ्यांशमा रहेको हुँदा अध्येता छात्रहरूका लागि पनि परमोपयोगी सिद्ध हुनेछ भन्ने ठान्दछु। पुनश्च, म यो शुभकामना व्यक्त गर्दछु कि यस्ता समाजोपयोगी अन्य ग्रन्थहरू पनि लेखकको कलमबाट निस्कँदै जाऊन्। अन्तमा –

विविधपुष्पविकीर्णरजःकणानलिरिवैष विचिन्त्य समन्ततः ।
रचयिता मधुसन्निभसत्कृतेर्जयतु सैष चिरं खलु माधवः ॥

यो उद्‌गारप्रकट गर्दछु।

प्रा.डा. दुर्गादत्त शर्मा उपाध्याय
वाल्मीकि विद्यापीठ
काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभेच्छा

त्रिस्कन्ध ज्योतिषशास्त्रमा सिद्धान्त, संहिता, होरा पर्दछन् । व्यावहारिक दृष्टिकोणबाट होरा (जातक) शास्त्रको स्थान सर्वोपरि देखिन्छ। होराशास्त्रद्वारा नै मानव जीवनको प्रारम्भबाट मृत्युपर्यन्तका समग्र जीवनोपयोगसँग सम्बन्धित अनुकूल, प्रतिकूल समयको आभास हुन्छ। प्रतिकूल समयाभास भएमा ग्रहशान्ति, ग्रहस्तव, जप, दान, सम्बन्धित रत्नधारण, औषधीस्नान आदिद्वारा प्रतिकूल वातावरणबाट मुक्त हुन सकिन्छ तर अनुकूल प्रतिकूल समयज्ञानहेतु सूक्ष्म, समुचित तरिकाबाट निर्माण भएको जन्मपत्रिका हुन परमावश्यक छ। यसै परिप्रेक्ष्यमा फलितज्योतिष विषयमा आचार्य तहको अध्ययनका बेलाका मेरा विद्यार्थी र हाल सहायकप्राध्यापक श्री माधवप्रसाद पाण्डेयज्यूले सङ्कलन गर्नुभएको होराशास्त्रान्तर्गतको **कुण्डलीप्रकाश** नामक पुस्तकले पूर्ण दिग्दशर्न गराउने कुरामा मलाई विश्वास छ। प्रस्तुत पुस्तकमा नेपालका प्रायः सबै स्थानका अक्षांश, रेखांश, दैनिक क्रान्तिसारणी, वेलान्तरसारणी र चरसारणी, अक्षांशका माध्यमबाट पलभा ज्ञान, पलभाद्वारा चरखण्ड, चरखण्डबाट स्वदेशीय लग्नमान, अवगत सुगम तरिकाबाट गर्न सकिन्छ जसबाट शुद्ध जन्मपत्रिका निर्माण गर्न सहयोग हुन्छ। शुद्ध स्वदेशीय लग्नज्ञानार्थ स्पष्ट देशान्तर ज्ञान पनि अत्यधिक महत्त्वपूर्ण छ। देशान्तर दुई प्रकारका हुन्छन्– पूर्वापर देशान्तर र याम्योत्तर देशान्तर । पूर्वापर देशान्तर रेखांशान्तरबाट आउँछ, याम्योत्तर देशान्तर क्रान्ति तथा अक्षांशको माध्यमबाट चरसारणीद्वारा अवगत गरिन्छ । पूर्वापर तथा याम्योत्तरका संस्कारले स्पष्ट देशान्तर प्राप्त हुन्छ। यी सबै विषयवस्तुले परिपूर्ण भएको प्रस्तुत पुस्तकले जातकशास्त्रका जिज्ञासुवर्ग र सम्बन्धित विद्यार्थी समूहलाई समुचित मार्ग दर्शन गर्नेछ भन्ने मेरो धारणा छ। अब भविष्यमा पनि यस्तै ज्ञानवर्धक उच्चस्तरीय पुस्तक लेखनका लागि लेखकलाई परमेश्वरले प्रेरणा प्रदान गरून् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

पद्मनाभ त्रिपाठी
हिमाल पञ्चाङ्ग सञ्चालक
तथा
ज्योतिषविभागाध्यक्ष
श्री नेपाली सं.म. विद्यालय, वाराणसी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही कुरा

मानवसभ्यताको विकासमा ज्योतिषको अद्वितीय योगदान छ। मानवीय जीवनशृङ्खलाको अद्वितीय र अपौरुषेय आद्य ग्रन्थ वेदका षडङ्गमध्ये चक्षुस्थानीय एक प्रमुख अङ्ग ज्योतिषशास्त्रमा मानव–सभ्यताको मुहान अन्तर्निहित छ भन्न आनेकाने गरिरहनु पर्दैन।

ज्योतिषशास्त्र समाजकल्याणको अमोघ शस्त्र हो। ज्योतिषको मुख्य प्रयोजन लोककल्याण र त्रिकालज्ञान नै हो। यी लगायत अन्य थुप्रै प्रयोजनहरूले ज्योतिषको महत्त्वलाई गम्भीरताका साथ स्थापित गरेका छन्।

ज्योतिष भूत, भविष्य र वर्तमानको प्रत्यक्ष साक्षी हो। ज्योतिषशास्त्रको सम्पूर्ण ज्ञान छ भने व्यक्ति त्रिकालदर्शी हुनसक्तछ र उसलाई निश्चित सिद्धि प्राप्त हुन्छ तर सम्पूर्ण ज्ञान छैन भने अलमलको भूमरीले अल्झाउँछ र उचित निष्कर्ष प्राप्त गर्न हम्मे पर्छ। तसर्थ उचित एवं उपयोगी त्रिकालज्ञानका लागि उपयुक्त सम्पूर्ण ज्ञानको आवश्यकता हुन्छ।

यही परिप्रेक्ष्यमा अत्यधिक मानिसहरू ज्योतिष सिक्न चाहन्छन् तर ज्योतिषशास्त्रका ग्रन्थहरू संस्कृत भाषामा लेखिएकाले यसको ज्ञान सर्वसुलभ हुनसकेको छैन।

त्रिस्कन्धात्मक (सिद्धान्त, संहिता, होरा) ज्योतिषमध्ये होरा–ज्योतिष सहज रूपमा व्यवहारमा अधिकाधिक प्रचलनमा रहेको पाइन्छ। होराज्योतिष अर्थात् फलितअन्तर्गत जातकज्योतिष, ताजिकज्योतिष, मुहूर्तज्योतिष आदि शाखा–प्रशाखा पर्दछन्। तीमध्ये जातकज्योतिषको मूल आधार जन्मपत्रिका (चिना) हो।

सर्वसाधारण ज्योतिषकर्मीका लागि प्रामाणिक चिना निर्माण गर्न पनि दुरूह प्रतीत हुन्छ जसले गर्दा उनीहरू, स्तरीय र शुद्ध चिना बनाउनसमेत सुगम नभएको अनुभव गर्छन्, वस्तुतः शुद्ध रूपमा निर्मित चिनाका सहायताले प्रत्येक प्राणीका जीवनका घटनाहरू प्रकाशित हुनसक्छन्।

यस्य नास्ति किल जन्मपत्रिका या शुभाशुभफलप्रकाशिनी।
अन्धकं भवति तस्य जीवनं दीपहीनमिव मन्दिरं निशि॥

चिना नभएको मनुष्यको जीवन रात्रिमा दीपक नभएको घरजस्तै अन्धकारमय हुन्छ। **चिना जातकको जीवनको दर्पण हो। सिसाको दर्पणले त मानवको वर्तमान क्षणको अनुहारलाई मात्र देखाउँछ तर चिना यस्तो दर्पण हो जसमा विगत, आगत र वर्तमानलाई समेत हेर्न सकिन्छ। जसरी कुनै दाग लागेको सिसाको दर्पणमा अनुहार स्पष्ट देखिँदैन र कुनै दर्पणमा त अनुहार नै विकृत देखिन्छ त्यसैगरी चिनानिर्माणमा गणित र त्यसका आधारहरू गलत भएमा वा गणनामा त्रुटि रहेमा चिना अशुद्ध हुन्छ। त्यस त्रुटिपूर्ण चिनारूपी दर्पणबाट देखिने**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातकको भूत, भविष्यत् र वर्तमानका घटनारूपी अनुहार पनि त्रुटिपूर्ण नै देखिन्छन्।

परम्परागत रूपमा चिना बनाउँदै आएका प्रायशः पुराना ज्योतिषीहरूले बनाएका चिनामा जन्मसमय (घण्टा, मिनेटमा) र सूर्योदय केही पनि लेखिएको हुँदैन, केवल घटीपलात्मक इष्टकालको उल्लेख हुन्छ। यस्ता चिनाहरू शुद्ध बने नबनेको परिक्षण गर्न र यस्ता चिनामा लेखिएका इष्टघटिकादि र लग्न स्पष्ट पार्न कठिन हुन्छ।

सटीक भविष्यज्ञानका लागि शुद्ध जन्मसमय र तदनुसार स्पष्ट चिनाको निर्माण हुनुपर्छ। माानक समय (Standard Time) र स्थानीय समय (Local Time) तथा वेलान्तरको फरकले गर्दा चिना त्रुटिपूर्ण हुन्छ। त्यसैले मानक जन्मसमयलाई स्थानीय जन्म सयमयमा परिवर्तित गरी तदनुसार स्थानीय सूर्योदय आदिद्वारा शुद्ध चिना निर्मित हुनुपर्छ।

महेन्द्र संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा प्राध्यापनसेवा सुरु गरेकै बेलादेखि यहाँ शास्त्री प्रथम वर्ष फलितज्योतिष विषयको पाठ्यवस्तुका रूपमा पाठ्यक्रममा समाविष्ट कुल अङ्कमध्ये २० अङ्कको पाठ्यसामग्रीसम्बन्धी पाठ्यपुस्तकको अभाव खट्किइरहेको परिप्रेक्ष्यमा सो अभावको परिपूर्ति गर्ने उद्देश्यले प्रेरित भई यो प्रयास गरिएको हो। प्रस्तुत पुस्तक यस दिशामा पहिलो ताते पाइलो हो।

यस ग्रन्थमा चिना निर्माणसम्बन्धी आधिकारिक जानकारी गराइएको छ। पाठ्यक्रमकै आधारमा तयार पारिएको भए तापनि ज्योतिषविषयसँग अपरिचित अन्य जिज्ञासुहरूलाई समेत स्वाध्ययनबाटै विषय प्रवेश हुन सकोस् र उनीहरू सजिलैसँग उच्चस्तरीय र प्रामाणिक चिना निर्माण गर्न सकून् भन्ने उद्देश्य पनि राखिएको छ। त्यसका लागि अत्यावश्यक आधारभूत सामग्रीहरूसमेत यसमा समाविष्ट छन्।

विषयवस्तुलाई स्पष्ट पार्नका लागि मूल श्लोक र आवश्यकतानुसार केही सामान्य संस्कृत व्याख्या दिइएको छ। त्यसबाहेक सबैतिर नेपाली भाषामा सरल तरिकाले प्रशस्त उदाहरणहरू दिई विषयवस्तु र प्रसङ्गलाई छर्लङ्ग बुझाउने प्रयास गरिएको छ। साथै चिनानिर्माणसँग सम्बन्धित गणितलाई यसमा सिलसिला मिलाएर क्रमबद्ध रूपमा राखिएको छ।

पहिलो (संज्ञा) अध्यायमा पञ्चाङ्गसम्बन्धी र अन्य अत्यावश्यक कुराहरू दिई दोस्रो (गणित) अध्यायमा चिना बनाउने गणित क्रमैले दिइएका छन्। जस्तै– सूर्योदय, सूर्यास्त, दिनमान, रात्रिमान आदि साधन गरी विविध मतमतान्तर केलाउँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उदाहरणसहित चन्द्रस्पष्ट दिइएको छ । नतज्ञानसम्बन्धी सबै मतमतान्तरको उल्लेख गर्नुका साथै ग्रहलाघवोक्त पद्धतिलगायत अन्य सबै प्रकारका भिन्न मतहरूको उल्लेख गर्दै सबैका उदाहरण दिई प्रथमलग्न र दशमलग्नस्पष्टका साथै बाह्रै भावलाई स्पष्ट पारी उदाहरणसहित देखाइएको छ। यसबाहेक चलितचक्र निर्माण र षड्वर्गयुक्त अष्टकुण्डली एवं कारकांश तथा स्वांशकुण्डली निर्माणसमेत सोदाहरण प्रस्तुत गरिएका छन् । तेस्रो (दशाविचार) अध्यायमा दशाविषयक मतान्तर देखाउँदै दशा निकाल्ने तरिका, क्रम र भुक्त जान्ने नियम तथा दशान्तर्दशालगायत सबैका विभिन्न तरिका र उदाहरणहरूका साथै चौथो (दशायोग) अध्यायमा दशाहरू (विंशोत्तरी, त्रिभागी र योगिनी) का दशान्तर्दशा देखाइएका छन् । पाँचौं (सारणी) अध्यायमा चिना निर्माणसँग सम्बन्धित सम्पूर्ण सारणीहरू दिइएका छन् । यसबाहेक परिशिष्टमा ग्रहशान्ति प्रकरण, घरबनाउन माटो हेर्ने सरल तरिका र नेपालभित्रका चौधै अञ्चलका राश्युदयमानसमेत दिइएका छन्।

यसमा दिइएका उदाहरणहरूबाहेक मूल प्रमाण र आधारहरू पारम्परिक नै हुन्। पूर्वाचार्यहरूका विविध ग्रन्थहरूमा रहेका सामग्रीहरूलाई एकत्रित पारी तिनलाई यहाँ शृङ्खलाबद्ध र सरल बनाउने प्रयास गरिएको मात्र हो। तसर्थ यसमा प्रयुक्त सामग्रीहरूका स्रष्टा आदरणीय आचार्यहरूप्रति म कृतज्ञ छु।

पाठ्यवस्तुलाई पाठ्यपुस्तकमा मात्र सीमित नगरी सर्वसुलभ हुने गरी सरल नेपाली भाषामा चिना लेख्ने सहयोगी पुस्तकका रूपमा अधुनातन ढाँचामा ढालेर प्रस्तुत गर्नका लागि अभिप्रेरित गर्नुहुने र सम्मतिसमेत दिनुभई हौसला प्रदान गरिदिनुहुने म.सं.वि.का वर्तमान उपकुलपति श्री माधवराज गौतमज्यूप्रति म हार्दिक कृतज्ञ छु।

वर्तमानमा नेपालमा फलितज्योतिषको अवस्था र स्थितिका वारेमा चासो राखी यस विषयमा व्यावहारिक आवश्यकता परिपूर्ति गर्ने दिशामा प्रामाणिक पुस्तक तयार पार्न समयसमयमा प्रेरित गर्नुका साथै सम्मतिसहितको शुभकामनासमेत लेखिदिनुभई म.सं.वि.का पूर्व शिक्षाध्यक्ष र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका वर्तमान प्राज्ञ तथा नेपालका वरिष्ठ विद्वान् डा. श्री टीकाराम पन्थीज्यूले मलाई ठूलो गुन लगाउनुभएको छ, उहाँप्रति म आभारी छु। यसैगरी स्नेहपूर्ण सहयोग र 'शुभासंसा' का लागि प्रा.डा. श्री दुर्गादत्त उपाध्यायप्रति म अभार प्रकट गर्दछु।

अत्यन्त व्यस्त समयका कारण मन्तव्य दिन नसक्नुभए तापनि आफ्नो अमूल्य परामर्श प्रदान गर्नुहुने, नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष, खगोल तथा भूगोल विषयका मूर्धन्य विद्वान् प्रा.डा श्री मङ्गलराज जोशीज्यूप्रति मैले सादर आभार व्यक्त गर्नैपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यसम्पादनका क्रममा प्रस्तुत कृतिको कम्प्युटर कपी आद्योपान्त हेरी कतिपय स्थलहरूमा मूल्यवान् सुझाव दिनुभई मार्गदर्शन गर्नुहुने वाल्मीकि विद्यापीठका ज्योतिषविभागाध्यक्ष तथा विशिष्ट विद्वान् प्रा.डा. श्री साम्बराज आचार्यज्यू तथा साहित्यमनीषी प्रा.डा. श्री वेणीमाधव ढकालज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यसबाहेक बेलाबेलामा महत्त्वपूर्ण तथा सद्भावपूर्ण सहयोग गर्नुहुने प्रा.डा. श्री मोहनहिमांशु थापाज्यू, प्रा.डा. नीलमणि ढुङ्गानाज्यू, सहप्राध्यापक श्री श्रीकृष्ण अधिकारीज्यू, उपप्राध्यापक श्री मोतीलाल रिजालज्यू र उपप्राध्यापक श्री खगेन्द्रप्रसाद लुइटेलज्यूप्रति समेत म आभार प्रकट गर्दछु।

यस पुस्तकको पाण्डुलिपि तयारीका क्रममा श्रद्धापूर्वक सहयोग गर्ने प्रतिभाशाली छात्र श्री अम्बरराज ढकालका साथै सम्पूर्ण विद्यार्थीहरूलाई साधुवाद दिन्छु।

प्रस्तुत कृतिलाई यस रूपमा ल्याइपुऱ्याउने क्रममा कतिपय अनपेक्षित खुड्किला र गल्छिँडा पार गर्नुपर्दा तथा प्रकाशनमार्गमा ६ महिनाभन्दा बढी भौतारिँदा पनि सहाराको लौरो फेला पार्न नसकेपछि 'बाँसमाथि' प्रकाशनको नामकरण तथा सुरुआत गरी सोही मार्फत् प्रस्तुत पुस्तक प्रकाशित हुनसकेको हो। नवजात यस प्रकाशनले हुर्किने, बढ्ने, फुल्ने, फल्ने र मौलाउने मौका पाओस् र आगामी प्रयासलाई पनि क्रमशः मूर्तरूप दिँदै जान सकोस् भन्ने सदिच्छाका साथै यस कार्यमा निर्देशन र सुझाव दिई उत्साहवर्धन गर्नुनुहुने सम्पूर्ण गुरुवर्ग र विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने मेरा मित्र तिलकप्रसाद लुइँटेलज्यू तथा अन्य शुभचिन्तक स्वजनहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

प्रथम प्रयासका रूपमा प्रस्तुत गरिएको हुँदा यसमा कतिपय थपघट, परिमार्जन, स्पष्टीकरण र सरलीकरणको आवश्यकता देखापर्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन किनभने कतिपय प्रसङ्गलाई स्पष्ट पार्ने क्रममा र कतिपय थप्नुपर्ने कुराको अभाव आफैँलाई खट्किँदा खट्किँदै पनि यस पटकमा पूरा हुन नसकेको अनुभव भइरहेको छ। तसर्थ यसमा रहेका सम्पूर्ण भुलचुक र त्रुटि मेरा आफ्ना हुन् भने राम्रा पक्षहरू चाहिँ गुरुवर्गबाट प्राप्त सहयोग हुन्। अतः आगामी प्रकाशनमा सम्भाव्य सबै त्रुटिहरूको सुधार गर्नका लागि आदरणीय प्रबुद्ध पाठकवर्गबाट निर्मत्सरपूर्ण सुझावहरूको अपेक्षा गर्दछु।

प्रस्तुत प्रयासले सहज तथा सरल ढङ्गले शुद्ध र स्पष्ट चिना निर्माण गर्ने कार्यमा ज्योतिष विषयका जिज्ञासुहरूलाई अवश्य पनि सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु।

विद्वद्वसंवद

माधवप्रसाद पाण्डेय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो संस्करणमा फेरि ...

ज्योतिष विद्यामा नेपाली भाषामा सजिलो गरी लेखिएको प्रामाणिक पुस्तकका पाठकको संख्यामा वृद्धि भएको कुरा **कुण्डलीप्रकाश** प्रथम संस्करणको ६ महिनामै दोस्रो संस्करण छापिनुले स्पष्ट पारेको छ।

यस पुस्तकको देशान्तर संस्कार गर्दा ख्याल गर्नुपर्ने केही कुराहरू उल्लेख्य छन्–

वि.सं. २०४२ साल वैशाख १ गतेदेखि यता नेपालको देशान्तरमान ८६।१५ कायम गरिएको छ भने त्यसअघि ८५।०० थियो। ८५।०० देशान्तरअनुसार ग्रीनबीचबाट ५।४० घण्टा, मिनेट पूर्व अर्थात् छिटो थियो भने ८६।१५ अनुसार नेपालको मानक समय ग्रीनबीचभन्दा ५।४५ घण्टा, मिनेट पूर्व र छिटो छ। त्यसैले देशान्तर संस्कार गर्दा २०४२ वैशाख १ गतेभन्दा पहिला जन्मेका जातकका लागि गणित गर्दा ८५।०० र त्यसपछि जन्मेका जातकका लागि ८६।१५ देशान्तरमानलाई आधार मानेर देशान्तर संस्कार गर्नुपर्छ।

यस संस्करणमा केही नयाँ कुरा आएका छन् भने थप कुरा अझ अर्को पटकलाई भाका राखिएको छ। यस पुस्तकको प्रथम संस्करणको सम्यक अवलोकन गरी शुभेच्छा लेखिदिनुभएकोमा पूज्य गुरुचरण श्री पद्मनाभ त्रिपाठीज्यूमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यस कुण्डलीप्रकाशलाई मन पराइदिनुभएकोमा सम्पूर्ण ज्योतिषप्रेमीहरूलाई हृदयतः धन्यवाद टक्र्याउँछु र भविष्यमा पनि प्रेरणामूलक प्रतिक्रियाको अपेक्षा गर्दछु।

अन्त्यमा, यस पुस्तकको हिन्दी संस्करण चौखम्बा प्रकाशन वाराणसीबाट शीघ्र प्रकाशित हुनलागेको कुरा पनि सहर्ष जानकारी गराउन चाहन्छु।

वि.सं. २०५७

माधवप्रसाद पाण्डेय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो पाइलामा आइपुग्दा

छोटो समयमै तेस्रो पटक प्रकाशित हुन सफल **कुण्डलीप्रकाशले** ज्योतिष विधाप्रतिको जनजिज्ञासा पूर्ति गर्न केही हदसम्म सहयोग गरेकोमा मेरो हृदय गदगद भएको छ। प्रस्तुत पुस्तकबाट ज्योतिषका शुभेच्छुकहरू थोरै मात्र भए पनि लाभान्वित हुन सक्नुभएको प्रसङ्गले मलाई सक्रियताका साथ व्यवस्थित अध्ययन-अनुसन्धान गर्नका लागि उत्प्रेरित गरेको छ। साथै आगामी दिनमा यस विषयमा अझै गहन ढङ्गले लेखन-प्रकाशन गर्ने दायित्वबोधसमेत गराएको छ । ज्योतिषका जिज्ञासुहरूले अपेक्षा गरेअनुरूप आवश्यक पाठ्यसामग्री प्रकाशित गर्न पटक पटक घचघच्याउनुहुने आदरणीय शुभेच्छुक महामनुभावहरूप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु।

माधवप्रसाद पाण्डेय
उपप्राध्यापक
महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ, काठमाडौं

वि.सं. २०६१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो प्रकाशनको उपोद्घात

यस सृष्टिचक्रमा चतुर्दश लोक छन्। तिनलाई व्यवस्थित गर्नका लागि सर्वहितकारी सविधानको निमार्ण भएको छ। समग्र सृष्टिजगत्लाई समेटेको त्यो विश्वसंविधान वेद हो। ती ऋगादि चार वेद अन्तर्गत ब्राह्मण, आरण्यक, उपवेद, उपनिषद्, सूत्र, स्मृतिहरू अनेकन् छन्। तीमध्ये आ-आफ्ना वेद, उपवेद, ब्राह्मण, उपनिषद्, सूत्र, स्मृति आदि परम्परागत रूपमा निर्धारित छन्।

उदाहरणका लागि शुक्लयजुर्वेदाध्यायीको परम्परामा- वेदमा शुक्लयजुर्वेद, वाजसनेय माध्यन्दिनीय शाखा, उपवेदमध्ये धनुर्वेद, ब्राह्मणग्रन्थमा शतपथ ब्राह्मण, माध्यन्दिनीय, सूत्रग्रन्थहरूमध्ये श्रौतसूत्रमा कात्यायन श्रौतसूत्र, गृह्यसूत्रमा पारस्करगृह्यसूत्र, धर्मसूत्रमा आपस्तम्ब/बौधायन धर्मसूत्र- हरदत्तको व्याख्या, स्मृतिहरूमा याज्ञवल्क्यस्मृति, उपनिषद्हरूमा ईशावास्योपनिषद् आदि शुक्लयजुर्वेदाध्यायीको परम्परासिद्ध मूल आधार ग्रन्थ हुन्।

यसरी शुक्लयजुर्वेद, वाजसनेय माध्यन्दिनीय शाखा, धनुर्वेद, शतपथब्राह्मण, माध्यन्दिनीय, कात्यायन श्रौतसूत्र, पारस्करगृह्यसूत्र, आपस्तम्ब धर्मसूत्र, याज्ञवल्क्यस्मृति, ईशावास्योपनिषद् आदि शुक्लयजुर्वेदाध्यायीको परम्परासम्बद्ध मूल शाखासूत्र हुन्। धर्मकर्मका विषयमा निर्णय लिंदा सम्बद्ध शुक्लयजुर्वेदाध्यायी शाखासूत्रधारकहरूले उक्त शास्त्रहरूको अनुसरण गरेर तदनुसार मात्र निर्णय लिनुपर्दछ।

मूलमा विद्याको समग्र परम्परालाई अठार प्रकारले विभाजन गरी अध्ययन अध्यापन गर्ने गराउने परम्परा रहेको पाइन्छ, यद्यपि मतान्तरमा चौध प्रकार पनि पाइन्छ।

वेद –४– ऋक्, यजु, साम, अथर्व।
उपवेद –४– आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, स्थापत्यवेद।
वेदाङ्ग–६–शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिष।
उपाङ्ग–६– प्रतिपद, अनुपद, छन्दोभाषा, न्याय, मिमांसा, धर्मशास्त्र
धर्मशास्त्र– धर्मसूत्र, पुराण, उपपुराण, इतिहास।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर्कशास्त्र– न्यायशास्त्र, दर्शनशास्त्र आदि मध्ये १४ विद्याभित्र वेद– ४, वेदाङ्ग– ६, पुराण, न्याय, मिमांसा, धर्मशास्त्र यी ४ सहित जम्मा १४ विद्या मानिन्छन् ।[1]

हाम्रो मूल विद्या वैदिक सनातन परम्परा सुदीर्घ र अक्षुण्ण रहेको छ। जसलाई ज्योतिषशास्त्रको गणितीय दृष्टिमा एक अर्ब पञ्चानब्बे करोड अन्ठाउन्न लाख पचासी हजार एक सय तेइस (१, ९५, ५८, ८५, १२३) वर्षदेखि अखण्ड रहेको प्राचीनताको प्रमाण हाम्रा पञ्चाङ्गहरूमा नै उल्लेख गरिएको छ।

ज्योतिषमा जाग्रत दिव्यज्योतिको नाम नै जीवन हो। ज्योतिको पर्याय नै ज्योतिष या ज्यौतिष हो। अर्थात् ज्योतिस्वरूप ब्रह्मको अवान्तर नाम ज्योतिष हो।[२] वेदरूप ज्योतिष ब्रह्मरूप ज्योति या ज्योतिष हो। नामान्तरमा संवत्सरब्रह्म या महाकाल भनिन्छ र जसलाई अक्षरब्रह्म भनी उच्चारण गरिन्छ। ब्रह्मसृष्टिको मूल बीजाक्षर या मूल अनन्तकलाहरूलाई सूक्ष्मरूपले जान्ने ज्ञान नै वैदिक दार्शनिक ज्योतिष वा अव्यक्त ज्योतिष हो।

यसको अर्को स्वरूप लौकिक या व्यक्त ज्योतिष हो, जसलाई खगोलीय या ब्रह्माण्डीय ज्योतिष भनिन्छ। व्यक्त या अव्यक्त यी दुबैको आकार र कला एक समान छन्।

वैदिक दर्शनलाई ९ प्रकारले विभाजन गरिएको छ। यस आधारमा अहोरात्र या संवत्सर ब्रह्मदर्शनसँग सम्बद्ध गणितद्वारा लोकव्यवहारको विवेचन गर्दै अद्यावधि वैदिक ज्योतिषको सुरक्षा मध्ययुगपूर्वका आचार्यहरूले गरेका हुन्।

वैदिक दर्शनको परिचयका लागि वेदाङ्गीभूत ज्योतिषदर्शनले सूर्य समान प्रकाश दिने काम गर्दछ। त्यसैले यसलाई वेदपुरुष वा ब्रह्मपुरुषको चक्षु अर्थात् सूर्यका रूपमा उपस्थापन गरिएको छ। त्यसैले ज्योतिषलाई चक्षु वा चक्षुसिद्धान्त मानिएको हो।

हिमवत्खण्डको प्राचीनतम इतिहास खगोलविद्याका रूपमा सुदूर पूर्वको अनन्तकालको गर्भदेखि नै अनुबन्धित रहेको छ। प्राचीनतम ग्रन्थ ऋगादि वेद त्रिकाल सूत्रधर हो।[३] वेदका मन्त्रद्रष्टा ऋषि त्रिकालदर्शी थिए। ती ऋषि–

---

१. पुराण–न्याय–मीमांसा–धर्मशास्त्राङ्गमिश्रिताः ।
वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दशः ॥–याज्ञवल्क्यको वचन

२. क्रियदामृतस्वरूपत्रयी त्रीणि ज्योतींषि– **ऐतरेय ब्राह्मण, ५।५।२।**

३. भूतं भव्यं भविष्यं च सर्वं वेदात् प्रसिद्धयति– **मनुस्मृति।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूगोल, खगोल, कृषि तथा राजधर्मसम्बद्ध अनेकौँ विषयको अन्वेषणमा संलग्न रहन्थे । आधुनिक कालको घडीको अभावमा मन्त्रद्रष्टा ऋषि आकाशीय ग्रह, उपग्रह तथा नक्षत्रका आधारमा नै समयज्ञान गर्दथे ।

समग्र वेदको अस्सी प्रतिशत भाग यज्ञकर्मसँग सम्बद्ध छ । यज्ञको सम्पादन शुभ समयको अधीनमा रहन्छ । शुभ वा अशुभ समयको बोध ज्योतिषशास्त्रद्वारा हुन्छ। अतः ज्योतिषशास्त्रलाई वेदाङ्गशास्त्र भनिन्छ। वेदरूप पुरुषका मुख्य छवटा अङ्गमध्ये व्याकरणशास्त्र वेदको मुख, ज्योतिषशास्त्र दुबै नेत्र, निरुक्त दुबै कान, कल्पशास्त्र दुबै हात, शिक्षाशास्त्र वेदको नासिका, छन्दशास्त्र वेदपुरुषका गोडा/पाउ भनिएको छ। परम् पुरुष वेदको नेत्रस्थानीय हुनाले ज्योतिषशास्त्रलाई वेदको मुख्य अङ्ग मानिएको छ।[४]

यस प्रकार वेदसँग ज्योतिषशास्त्रको निकटतम सम्बन्ध स्वतः सिद्ध हुन्छ। संवत्सर, अयन, ऋतु, मास, पक्ष, तिथि, नक्षत्र र ग्रहरूको परिज्ञानद्वारा कालको उद्बोधन गर्ने शास्त्र ज्योतिषशास्त्र नै हो।

अपार तथा अनन्तज्ञेय ज्ञानराशिको नाम नै वेद हो। वेदमा जम्मा मन्त्र संख्या १ लाख, महाभारतमा जम्मा श्लोक संख्या १ लाख, र व्याकरणशास्त्रमा जम्मा सूत्र/श्लोकसंख्या १ लाख, पाइन्छ भने ज्योतिषशास्त्रमा जम्मा श्लोक संख्या ४ लाख रहेको मानिएको छ।[५]

समग्र विशाल ज्योतिषशास्त्रमा गणितका मुख्य पाँच भेद रहेका छन् । जसमा (१) अङ्कगणित, (२) बीजगणित, (३) रेखागणित, (४) त्रिकोणमिति गणित, (५) ग्रहगोल गणित । गणितका यी पाँच भेदहरूमा उत्तरोत्तर ग्रहगोल गणितमा पर्यवसान भएको छ । अतः ग्रहगोल गणितको सर्वाधिक महत्त्व स्वयं सिद्ध हुन्छ।

यस प्रकार सर्वाधिक महत्वाधायी ज्योतिषशास्त्रका प्रवर्तकहरूमध्ये महात्मा 'लगध' को कालज्ञान सर्वोपरि रहेको छ, किनभने उनले वेदाङ्ग मूलक ज्योतिषशास्त्रको सिद्धान्त निर्माण गरेका छन्। जसको जगमा रहेर अद्यावधि

---

४. वेदास्तावद् यज्ञकर्मप्रवृत्ता यज्ञाः प्रोक्तास्ते तु कालाश्रयेण।
शास्त्रादस्मात् कालबोधो यतः स्याद् वेदाङ्गत्वं ज्यौतिषस्योक्तमस्मात् ॥
शब्दशास्त्रं मुखं ज्योतिषं चक्षुषी श्रोत्रमुक्तं निरुक्तं कल्पकरौ।
या तु शिक्षाऽस्य वेदस्य नासिका पादपद्मद्वयं छन्द आद्यैर्बुधैः ॥
वेदचक्षुः किलेदं स्मृतं ज्यौतिषं मुख्यता चाङ्गमध्येऽस्य तेनोच्यते।
संयुतोऽपीतरैः कर्णनासादिभिश्चक्षुषाऽङ्गेन हीनो न किञ्चित् करः ॥
तस्माद् द्विजैरध्ययनीयमेतत् पुण्यं रहस्यं परमञ्च तत्त्वम्।
यो ज्योतिषं वेत्ति नरः स सम्यग् धमार्थकामान् लभते यशश्च ॥

५. लक्षं वेदाश्चत्वारो लक्षं भरत एव च।
लक्षं व्याकरणं प्रोक्तं चतुर्लक्षन्तु ज्यौतिषम् ॥ -चरणव्यूह ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिषशास्त्र प्रतिष्ठित छ, तर ज्योतिषशास्त्रका प्रवर्तक एवं संहिता आदि ग्रन्थका प्रणेता आचार्यहरूले लगधको चर्चा खासै गरेको पाइँदैन । यसमा लगधप्रोक्त वेदाङ्‌गज्योतिष वैदिक यज्ञकालसँग मात्र सम्बन्धित रहेको भन्ने पक्षहरू पाइन्छन् ।

महात्मा 'लगध' को वेदाङ्गज्योतिष पछि आर्यभटसम्मको यस बीचको कालमा अरु कतिपय आचार्यहरू देखापर्दछन्, तर सिद्धान्तलक्षण घटित ग्रहगणितका दृष्टिले सर्वप्रथम ग्रन्थ आर्यभटीय नै अद्यावद्यि उपलब्ध रहेको पाइन्छ । ज्योतिषशास्त्रको इतिहासमा आर्यभटको पौरुषेय ग्रन्थ आर्यभटीय नै उपलब्ध छ । त्यसपछि स्वल्पान्तर समकालीन त्रिस्कन्धज्ञ आचार्य वराहमिहिरको तीन वटै स्कन्ध- सिद्वान्त-संहिता होरामा अद्वितीय ग्रन्थहरू उद्‌भाषित भएपछि ज्योतिषशास्त्रको इतिहासमा मानवकृत ग्रन्थलेखन परम्परा तीव्रगीतमा अघि बढेको देखिन्छ । उत्तरकालमा थप सूक्ष्म रूपमा भएको ज्योतिषको अध्ययन, अनुसन्धान, साधना र सिद्धिले गर्दा ज्योतिषका विषयमा अध्ययन गर्न अझ सजिलो भएको पाइएको छ ।

सिद्धान्त-संहिता-होरारूपी त्रिस्कन्धात्मक ज्योतिष-विभागलाई जातक, ताजिक, मुहूर्त, प्रश्न र संहिता गरी पञ्चस्कन्धात्मक रूपमा पनि विभाजन गरिएको छ ।

अवान्तरमा संहिता र होरा विभागलाई फलितज्योतिषको फाँटमा राखेर अध्ययन अध्यापन गर्ने गराउने परम्परा विकसित भएको पाइन्छ । यिनमध्ये होराभित्र अध्ययन गरिने जातक र ताजिकका माध्यमद्वारा द्वादशभावात्मक चक्रमा निखिल सौरमण्डलको सटीक चित्रण गर्ने परम्पराले फलादेश गर्ने दिशामा सर्वोपरि स्थान लिएको छ । खगोल तथा ग्रहगोलसम्बद्ध गणितको महनीय योगदानद्वारा गणितागत ग्रहको आकाशीय स्थितिलाई द्वादशभावात्मक चक्रमा देख्न सकिन्छ ।

द्वादशभावहरूको युक्तियुक्त कल्पनाद्वारा आकाशीय ग्रहको नियत स्थितिलाई यथास्थान स्थापित गरी प्राचीन आचार्यहरूले अमूल्य सुझबुझपूर्वक प्रदान गरेको यो महनीय योगदान हो । आधुनिक विकसित वैज्ञानिक विश्व पनि यहाँसम्म पुग्न सकेको छैन ।

सृष्टिको आरम्भविन्दु मेषादि सम्पातद्वारा ग्रहस्थिति ज्ञान गरी तदनुसारी नै सदाका लागि स्थिर वा एक रूप फलितशास्त्रको निमार्ण भएको हो । आजको खगोलद्वारा पुस ६/७ देखि दिनवृद्धि (उत्तरायणारम्भ) र चैत्र ६/७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा आश्विन ६/७ लाई दिनरात्री बराबर हुने दिनका रूपमा स्वीकार गरिएको छ भने आषाढ ६/७ लाई सर्वाधिक लामो दिन स्वीकार गरिएको छ।

यसमा फलितज्यौतिष तथा त्यसमा आधारित धर्मशास्त्रीय व्यवस्था फरक छ। धर्मशास्त्रीय मीमांसक धर्म ग्रन्थहरूमा माघ १ गतेदेखि उत्तरायण र श्रावण १ गतेदेखि नै दक्षिणायन भनिएको छ। सृष्टि-आरम्भको उत्तर-अयन, दक्षिण-अयन, उत्तरगोल, दक्षिणगोल आदि स्थिर बिन्दुलाई नै फलितज्यौतिष तथा धर्मशास्त्रीय मीमांसा आदिमा धर्म, कर्म, नीति, पर्व आदिको व्यवस्था गरिएको छ।

आकाशमा देखिने ग्रहको दृश्यकाल पत्ता लगाउँन र गणितशुद्धिका लागि सायनग्रह र सायनलग्न नै हुनुपर्दछ, तर फलित तथा धर्मशास्त्रको अनुसरणका लागि निरयणगणितको परम्परा नै मान्य रहेको छ।

ग्रह-गणितद्वारा सायनलग्नको मानलाई जानेर त्यसबाट अयनांश घटाएर निरयण बनाइएको लग्नादि द्वादशभावहरूमा यथास्थान ग्रहहरूलाई स्थापित गरेर तदनुसार पलादेश गर्नुपर्दछ र त्यही परम्परा चलिरहेको छ। फलितज्योतिष र धर्मशास्त्रले दृष्यादृष्ट दुबै फलको प्रतिपादन गर्दछन्। त्यसैले अदृष्ज्ञान गर्नका लागि यिनका केही पद्धति र परम्परा फरक रहेका छन्।

...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो प्रकाशन र कृतज्ञता

त्रिस्कन्धात्मकज्योतिष– सिद्धान्त, संहिता र होरामध्ये संहिता र होराका संयुक्त विषयवस्तुलाई व्यावहारिक रूपमा प्रचलनमा फलितज्योतिष भनिए पनि विश्वविद्यालयको पाठ्यक्रम र तदनुकूल पठनपाठनमा त्रिस्कन्धज्योतिष नै यसमा सहमाहित छ। यसका विभिन्न शाखामध्येको एक प्रमुख शाखा जातकज्योतिषको मूलमा रहेर प्रस्तुत कृति **कुण्डलीप्रकाश** २०५७ सालमा पहिलो पटक प्रकाशित भएको हो । त्यसपछि अन्य संस्करण पनि प्रकाशित भए। त्यस क्रममा प्रथम संस्करणदेखि तृतीय संस्करण पार गर्दासम्म मैले सम्बद्ध विषयका धेरै विद्वान्हरूलाई प्रस्तुत कृतिका विषयमा संशोधन गर्नुपर्ने विषय दिग्दर्शन गरी सहयोग गर्नका लागि समीक्षार्थ **कुण्डलीप्रकाश** पुस्तक दिएको छु। उहाँहरूमध्ये प्रथम संस्करणको कुण्डलीप्रकाश अवलोकन गरी सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयअन्तर्गत नेपाली संस्कृत महाविद्यालय वाराणसीका प्राध्यपक एवं हिमाल पञ्चाङ्गका सञ्चालक तथा पञ्चाङ्गकार मेरा आदरणीय गुरु पं. श्रीपद्मनाभ त्रिपाठीज्यूले पहिलो संस्करणको अवलोकन गरी दोस्रो संस्करणमा भूमिका लेखिदिनुभएको छ। उहाँप्रति कृतज्ञ छु।

पछिल्लो समयमा चौथो संस्करणको सामग्री व्यवस्थापनमा प्रा.डा. जीवन अधिकारीज्यूको सहयोग सराहनीय रहेको छ। प्रायजसो मेरा प्राज्ञिक कार्यहरूमा साथ सहयोग र उत्साहवर्द्धन गरिरहनुहुने मेरा अग्रज आदरणीय अधिकारीज्यूप्रति कृतज्ञ छु। त्यसैगरी प्रा. डा. ऋषिराम पौड्यालज्यू, डा. के एन स्वामीज्यू, सहप्रा. डा. लालमणि पाण्डेयज्यू, सहप्रा. डा. सुमोदवर्धन आचार्यज्यू तथा सहप्रा डा. विमला शर्माज्यूको सहयोग पनि यसमा रहेको छ भने उपप्राध्यापक उपेन्द्रप्रसाद भट्टराइ र उपप्राध्यापक पुरुषोत्तम भट्टराईले यस कार्यमा थप सहयोग गर्नुभएको छ। सहायकप्राध्यापक अम्बरराज ढकाल तथा कृष्णराज पाण्डेले पनि थप सहयोग गर्नुभएको छ। त्यसका लागि उहाँहरूमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

पहिलो पटक **कुण्डलीप्रकाश** प्रकाशित भएपछि डा. खिलनाथ बस्ताकोटीज्यूले पुस्तकसमीक्षा लेखिदिनुभएको थियो । डा. बस्ताकोटीद्वारा लिखित समीक्षा कान्तिपुर दैनिकमा २०५७ सालमा प्रकाशित भएको थियो । उक्त समीक्षा पढेपछि बजारमा **कुण्डलिप्रकाश** पुस्तक खोजेर पढेर यस पुस्तकको राम्रोसँग एक एक केस्रा केलाएर ७ पानामा लेखी पठाएको एक पत्र २०६२ साल माघमासान्ततिर वाल्मीकि विद्यापीठमा प्राप्त भएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रजिष्टरी गरी पठाइएको सो पत्र मननपूर्वक धेरै पटक पढें। जसमा गणितको सैद्धान्तिक विषयमा, सारणीहरूका विषयमा पुस्तकमा प्रस्तुत भएका विविध विषयवस्तुलाई पाठक तथा विद्यार्थीलाई प्रभावकारी रूपमा सिकाउन सकिने गरी लेख्नुपर्ने विषयमा अयनांश, लग्नानयन, ससन्धिद्वादशभाव तथा देशान्तर एवं बेलान्तरसारणी र त्यसको प्रयोगका विषयमा, सूर्योदय र सूर्यास्त लगायतका धेरै विषयमा मार्गदर्शन गर्ने क्रममा २० भन्दा बढी आधिकारिक पुस्तक तथा पत्रिकाको स्रोत समेत उद्धरण गरी अत्यन्त परिश्रम र सदाशयका साथ लेखी पठाइएको त्यो पत्र मेरो मनोबल बढाउन र ऊर्जा थप्न सम्बल बन्यो। सबै प्रकारले प्रसंशनीय पत्र पठाउने साविक- देउराली गा.वि.स. वडा नं. ५ मसहारबारी पाल्पा तथा भैरहवा एवं कपिलवस्तु निवासी श्री केदारनाथ गौतमज्यूप्रति हृदयतः आभार व्यक्त गर्दछु।

मूलतः **कुण्डलीप्रकाश**का अनन्य पाठक, संस्कृत व्याकरणशास्त्र, न्यायशास्त्र र ज्योतिषशास्त्रका अनन्य विद्वान् सुयोग्य पिताका सुयोग्य सन्तति श्रीकेदारनाथ गौतमज्यूले यस पत्रद्वारा पुत्रलाईझैँ मार्गदर्शन गर्नुभएबाट उहाँ मेरा पितृतुल्य हुनुहुन्छ। गौतमज्यू सम्प्रति कहाँ हुनुहुन्छ, त्यस विषयमा म अनभिज्ञ छु, जहाँ हुनुहुन्छ उहाँलाई हार्दिक सम्मान व्यक्त गर्दछु। गणित, भौतिकविज्ञान र ज्योतिषविज्ञानका विशिष्ट विद्वान् एवं निर्मत्सर श्री केदारनाथज्यूको सुझावलाई यथासम्भव अक्षरशः स्वीकार गरी दुई दशकबढी समयान्तरमा **कुण्डलीप्रकाश**को यो चतुर्थ संस्करण परिस्कृत र परिवर्धित स्वरूप लिएर आउन सफल भएको छ। यसमा उदारमना केदारनाथज्यू तथा अन्य सहृदयी अग्रज तथा अन्य अनुजहरूका परामर्शको महत्त्वपूर्ण योगदान रहेको छ। ज्योतिषार्णवमा मलाई प्रवेश गराउने र समय समयमा उत्साह प्रवर्धन गरिरहने बहुप्रतिभावान् र बहुआयामिक व्यक्तित्व डा. बलराम उपाध्याय रेग्मीज्यूको मप्रतिको सकारात्मक भूमिका मेरा लागि प्रेरणादायी रहेको छ। त्यसका लागि उहाँप्रति म सदा कृतज्ञ छु र कृतज्ञभाव व्यक्त गर्दछु।

यस प्रकाशनको अन्तिम चरणमा आइपुग्दा २०७९ श्रावण ८: ००:३० मा ममतामयी आमा लोकमाया पाण्डेयको पाञ्चभौतिक शरीर पञ्चभूतमा र उहाँको आत्मा परमात्मामा तदाकार भएको क्षणमा उहाँको और्ध्वदेहिकयात्रा तथा अप्रत्यावर्तनीय ऊर्ध्वगमनका लागि जगदीश्वरमा हार्दिक प्रार्थना गर्दछु।

पछिल्लो समयमा विश्वविद्यालयले चारवर्षे शास्त्रीको पाठ्यक्रम निर्माण गरी सोहीअनुसार पाठ्यक्रम लागु गरिसकेको वर्तमानमा शास्त्री प्रथम वर्षको प्रथम पत्रको कूल पूर्णाङ्कमध्ये ४० प्रतिशत पाठ्यक्रमलाई समेटेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत संस्करणमा सामग्रीहरू थपिएका छन्। ती विषयवस्तु तथा अध्यायहरूमा परिचयाध्याय, सिद्धान्ताध्याय, षड्वर्गाध्याय, कालचक्रध्याय र अष्टोत्तरीदशा आदि छन् । त्यसबाहेक सपरिष्कार परिवर्धन गरिएका विषयवस्तु तथा अध्यायहरूमा– परिशिष्टमा नेपालसहित विश्वभरिका सबै देशका अद्यावधिक स्थानीयरेखांशादि ग्रहशान्तिदिग्दर्शन तथा केही परिभाषाहरू लगायतका महत्त्वपूर्ण सामगीहरू पनि थपिएका छन् र यसको स्वरूप पनि बृहत्कायमा परिणत भएको छ। यति हुँदा हुँदै पनि यस संस्करणमा आइपुग्दा समेत म पूर्ण सन्तुष्ट हुन सकेको छैन।

त्यसो हुनुको कारण यहाँ प्रस्तुत छ। सृष्टिमा अनन्त ब्रह्माण्ड छन्। ती अनन्त ब्रह्माण्डमध्येको एउटा ब्रह्माण्डभित्र असंख्य तारापुञ्ज/तारामण्डल छन्। तीमध्ये एउटा ताराभित्र अनन्त सौरमण्डल छन्। तीमध्ये एउटा तारा हाम्रो सौरमण्डल हो । त्यही एउटा सौरमण्डलभित्र रहेका सूर्यादि ग्रहमण्डलभित्रको पृथ्वीमा हामी छौं।

रात्रिमा आकाशमा जति पनि तारामण्डल देखिन्छ, ती ताराहरू पृथ्वीबाट धेरै टाढा छन्। त्यसैले स–साना देखिन्छन्। ती ताराहरू पनि हाम्रो सूर्यजत्रै छन्।

आकाशमा देखिने ताराहरू सबै आकाशगङ्गाभित्र पर्दछन् । यस आकाशगङ्गामा असङ्ख्य ताराहरू छन्। हाम्रो सूर्य पनि यिनीहरूमध्येकै एउटा तारा हो । यो आकाशगङ्गाको विस्तार वा रूपलाई सामान्य दूरीका दृष्टिले आँक्न सकिँदैन । यसको विस्तार वा दूरीलाई बुझ्नका लागि प्रकाशवर्षको साहारा लिनुपर्दछ। प्रकाशकिरणहरू एक सेकेण्डमा तीन लाख किलोमिटर दूरीसम्म पुग्दछन्। सूर्यको किरण पनि यस्तै वेगले हामीसम्म आइपुग्छ। सूर्य हामीबाट पन्ध्र करोड कि.मि. जति दूरीमा छ। यति दूरी पार गरेर हामीसम्म सूर्यको किरण आइपुग्न आठ मिनेट जति समय लाग्छ। यस वेगले प्रकाशकिरणहरू एक वर्षमा जति दूरी पार गर्दछन्, त्यस दूरीलाई प्रकाशवर्ष भनिन्छ। एक प्रकाश वर्ष चौरानब्बे खरब, त्रिसट्ठी अरब (९४, ६३, ००, ००, ००, ०००) कि.मि जति हुन्छ।

यस आधारमा आकाशगङ्गाको व्यास वा फैलावट१ लाख प्रकाशवर्ष हुन्छ। यसरी हेर्दा आकाशगङ्गाको एक छेउबाट अर्को किनारसम्म प्रकाशका किरणहरू पुग्न एक लाख वर्ष लाग्छ। हाम्रो सूर्यका रूपमा जाज्वल्यमान तारा, आकाशगङ्गाको केन्द्रमा छैन। आकाशगङ्गाको केन्द्रदेखि हाम्रो सूर्यसम्म पुग्न ३० हजार प्रकाशवर्ष दूरी पार गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रात्रिमा आकाशमा देखिने ताराहरूको समूह आकाशगङ्गाको एकभागमात्र हो। हाम्रो सामान्य आँखाले रात्रिमा आकाशमा देखिने सबै ताराहरू आकाशगङ्गाका सदस्य हुन्।

आकाशगङ्गा जस्तै योजनालाई मन्दाकिनी भनिन्छ। मन्दाकिनी पनि अनेकौं छन्। ब्रह्माण्डमा करोडौं मन्दाकिनी छन्। हाम्रो आकाशगङ्गा जस्ता मन्दाकिनीहरूमा पनि अरबौं ताराहरू छन्। ती अनेकौं मन्दाकिनीहरूमध्ये सबैभन्दा नजिकमा रहेको देवयानी नामक मन्दाकिनी पृथिवीबाट बीस लाख प्रकाशवर्ष जति दूरीमा छ। सर्वाधिक दूरीमा रहेको मन्दाकिनी आठ अरब प्रकाशवर्षसम्मको दूरीमा रहेका छन्।

यतिका विशाल सृष्टिमा कहाँ असङ्ख्य ब्रह्माण्ड, कहाँ असंख्य तारापुञ्ज, कहाँ असंख्य सौरमण्डल, ती अनगिन्तिमध्येको एउटा सौरमण्डल, त्यसभित्रका अनेकौं ग्रहादिमध्येको एउटा पृथ्वी, त्यस विशाल परिधिभित्र पनि कता, कुन कुनामा, कुन अवस्थामा, कति सम्पन्नता, विपन्नता वा कति जानकारी राख्न सक्ने क्षमता भएको, त्यसमा पनि अनन्त ज्योतिमध्ये कति ज्योति वा ऊर्जा/क्षमता/योग्यता भएको विचरो मानव बबुरोले आफूलाई ज्ञानवान्, धनवान्, शक्तिमान् आदि आदि अनेकौं उपाधि र घमण्ड राख्नु कति सुहाउँदो हुन्छ होला ?

यो ज्योतिर्मण्डलको जटिलताको अध्ययनले जति गम्भीरता र उच्च लगानिको अपेक्षा गर्दछ त्यसको अत्यन्त सानो अंशको ग्रहणक्षमता समेत आफूले प्राप्त गर्न नसकेका कारण म आफू असन्तुष्ट हुनुमा हेतु छ। यसैले **कुण्डलीप्रकाश**को परिष्कार र परिवर्धनका ढोकाहरू खुला रहनेछन्। यस क्रममा विज्ञ पाठकका मार्गदर्शनहरू प्राप्त भइनै रहनेछ भन्ने अपेक्षा सहित अहिले कलम बिसाउँछु॥ अस्तु मङ्गलम्॥

विनयावनत
माधवप्रसाद पाण्डेय
९८५१००५९६३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Introduction to the fourth publication

The whole universe has fourteen worlds. The world constitution has been drafted to maintain the well being of the universe. The world constitution is the veda. The Vedas, the earliest literature of the Aryans are four in number: the Rigveda, Yajurveda, Sanveda and Atharvaveda. The four Vedas have their different branches Brahamamas, Aranyakas, Upanisads, sutras and sanritis.

For example one branch of the yajurveda is the shukla Yajurveda, which is a popular branch known as the Vajasaneya Madhyandiniya branch. The Dhanurveda as upaveda, shatapath Brahman, katyayan shrauta sutra, parasaragrihasutra, apastamba, dharmasutra, yajuravalkya sunriti, ishavasyo parisad belong to the transclition of the madhyandiniya branch of the shukla yajurva.

Thus, Shuklayajurveda, Vajasaneya Madhyandiniya branch, Dhanurveda, Sutra, Apastamba Dharmasutra, Yajnavalkyasmriti, Ishavasyopanishad belong to the traditional main branch of Shuklayajurveda. When making a decision on Dharmakarma, we must follow the concerned scriptures and make a decision accordingly.

Originally, there were eighteen branches of knowledge. so. ıe believe that there are only fourteen branches of knowledge.

Vedas - 4 - Rik, Yaju, Sam, Atharva.

Sub Veda - 4 - Ayurveda, Dhanurveda, Gandharva Veda, Sthapatya Veda.

Vedang-6- phonetic religious practices,shiksha or phonetics, kalpa or religious practices, Grammar, Nirukta, onetimology, metrics and astronomy

Appendix -6 -Pratipada, Anupada, Chhandobhasha, Nyaya, Mimamsa, Dharmashastra

Dharmashastra - Dharmasutra, Purana, upapurna, History.

The four Vedas, sixVedanga, Purana, myayaphilosophy, Mimamsa, Dharmashastra are considered as 14 disciplines.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Our original Vedic Sanatan tradition is long and intact. The mathematical proof of antiquity which has been intact from the mathematical point of view of astronomy for one billion nine hundred and ninety five million eight hundred and eighty five thousand one hundred and twenty one(1,95, 58, 85, 121) years is mentioned in our calendars.

In astrology, life is the name of the awakened divine light. Jyotish or Jyotish is synonymous with Jyoti. That is, theanother avantar name of Brahman as Jyotiswar is Jyotish. Vedarupa astrology is Brahmarupa Jyoti or astrology. Its another name, is called Sanvatsar Brahm or Mahakal and which is pronounced as Akshar Brahma. Vedic philosophical astrology or latent astrology is the knowledge that knows the basic alphabet or the original infinite arts of the universe.

Another form of this is cosmic or expressed astrology, which is called astronomical or cosmic astrology. Both expressed and implicit have the same shape and art.

Vedic philosophy is divided into nine types. On this basis, modern day Vedic astrology has been protected by the teachers of the Middle Ages by considering folklore through mathematics related to day and night or yearly Brahmadarshan.

For the introduction of Vedic philosophy, Vedankibhuta astrology works to give light like the sun. Therefore, it has been presented as the eye of the Vedapurus or Brahmapurush, i.e. the Sun. That is why astrology is considered to be an eye or an eye principle.

The earliest history of the hinaval khanda has been associated with astronomy since time immemorial in the Far East. The oldest text the RigVeda is the basis of Trikala Sutradhar. The sage Trikaldarshi was the seer of the Vedas. The sages -were involved in search of knowledge concerned with geography, astronomy, agriculture and Rajdharma . In the absence of a modern clock, the sage used to calculate the time on the basis of celestial planets, satellites and constellations.

Eighty percent of the entire Veda is related to Yajna. The performance of the yajna is subject to auspicious times. The realization of auspicious or inauspicious times is through astrology. Therefore astrology is called Vedangashastra. Among the six vedangs, grammar is called Veda's mouth, astrology is called both eyes, Nirukta is called

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

both ears, Kalpashastra is called both hands, phonetics is called Veda's nose, metrics is called Vedapurusha's legs. Astrology is considered to be the main point of the Vedas as it is the eye-witness of the Supreme Personality the veda.

Thus the closest relationship of astrology with the Vedas is self-evident. Astrology is the science of enlightenment of time through the knowledge of years, solstice, seasons, months, sides, dates, constellations and planets.

The Veda is the name of the infinite and infinite amount of knowledge. The total number of mantras in the Vedas is one lakh, the total number of verses in the Mahabharata is one lakh, and the total number of sutras / verses in the grammar is one lakh, while the total number of verses in astrology is considered to be four lakh.

There are five main divisions of mathematics in the overall giant astrology. These include (1) Arithmetic , (2) Algebra, (3) Geometry, (4) Trigonometry, (5) Planetary Mathematics. These five distinctions in mathematics have gradually led to planetary mathematics. Therefore, the greatest importance of planetary mathematics is self-evident.

Thus, Mahatma Lagadha is one of the most important promoters of astrology, because he has formulated the principles of Vedic astrology. On the basis of which up-to-date astrology is distinguished, but the promoters of astrology and the pioneers of Samhita and other texts, the Acharyas have not discussed Lagadha much. There are aspects in it which say that Vedanga astrology is related only to the Vedic sacrificial period.

A number of other Acharyas appear in the intervening period up to Aryabhatta after the Vedanga astrology of Mahatma Lagadha, but the Aryabhatiya is the first text available to date from the point of view of theoretical astronomy.

Aryabhata's D text Aryabhatiya is available in the history of astrology. After that, the unique texts were revealed in all the three volumes of Siddhanta-Samhita Hora by the contemporary Trishakandajna Acharya Varahmihira. It has been found that it has become easier to study astrology due to the study, research, practice and accomplishment of astrology which has become more subtle in later times.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

The three-part astrological department in the form of Siddhanta-Samhita-Hora has been divided into Jatak, Tajik, Muhurta, Prashna and Samhita.

In later, a tradition has been developed to teach D by placing the Samhita and Hora departments in the field of astrology. Of these, the tradition of accurately depicting the Nikhil solar system in a dichotomous cycle through Jatak and Tajik, which is studied in Hora, has taken a prominent place in the direction of Faladesh. The celestial position of the mathematical planets can be seen in the dichotomous cycle through the monthly contribution of astronomy and planetary mathematics.

This is an invaluable contribution made by the ancient Acharyas with invaluable insight by establishing the fixed position of the celestial planets through the rational imagination of the Twelve. Even the modern developed scientific world has not been able to reach here.

The starting point of creation is Meshadi Sampat. Today's astronomers have accepted December 22 as the day of increase (Uttarayanarambha) and march 21, and September 21 as the day equal to day and night, while june 11 has been accepted as the longest day.

There is a difference between astrology and the theological system. In the scriptural theological scriptures, it is called Uttarayana from January 1 and Dakshinayan from Shravan 1. Religion, karma, policy, festivals, etc. have been arranged in the astrological and theological theories such as the north-ion, south-ion, north-sphere, south-sphere, etc. of the beginning of creation.

In order to find the visible time of the planets visible in the sky and to correct the mathematics, there must be a planetary planet and a celestial body, but the tradition of judgment and mathematics is valid for following the results and theology.

Knowing the value of sajanalangna by planetary arithmetic and deciding by reducing the decimal point from it, it is necessary to establish the planets in their place in Lagnadi Dvadashabhavas and do the same accordingly and the same tradition is going on. Astrology and theology represent both visual results. Therefore, some of their methods and traditions are different for fortune telling.

...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयानुक्रमणिका

१.**मङ्गलाचरणाऽध्यायः** १–२

२.**संज्ञाध्याय** ३–७

२.१.अध्यायपरिचय ३

२.२.पक्षनाम ३

२.३.तिथिनाम ३

२.४.वारनाम ४

२.५.नक्षत्रनाम ४

२.६.विष्कम्भादियोग ५

२.७.आनन्दादियोग ५

२.८.करणनाम ६

२.९.ग्रहनाम ६

२.१०.अष्टकूटनाम ६

२.११.षड्वर्ग ७

२.१२.शवर्ग दिग्दर्शन ७

२.१३.षोडशवर्गदिग्दर्शन ७

३.**परिचयाध्याय** ८–४५

३.१.अध्यायपरिचय ८

३.२.ज्योतिषको मूल भाग ८

३.३.शाखापरिचय ८

३.३.१.होरा ८

३.३.२.सिद्धान्त ८

३.३.३.संहिता ९

३.३.४.प्रश्नशास्त्र ९

३.३.५.शुकुनशास्त्र ९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.४.खगोलपरिचय ९
३.४.१.नाडीवृत्त ११
३.४.२.क्रान्तिवृत्त ११
३.४.३.याम्योत्तरवृत्त ११
३.४.४.विमण्डल ११
३.४.५.पातस्थान तथा परिभाषा १२
३.४.६.राहु –केतु १२
३.५.गोलपरिचय १२
३.५.१.गोलसन्धि १२
३.५.२.अयनवृत्त १३
३.५.३.ऋतुपरिचय १३
३.६.मास तथा दिनरात्रि परिचय १३
३.६.१.अधिक–क्षयमास परिचय १४
३.६.२.दिनरात्रि परिभाषा १४
३.७.पञ्चाङ्गसाधन संक्षिप्तपरिचय १५
३.७.१.तिथिसाधन १५
३.७.२.वारसाधन १५
३.७.३.नक्षत्रसाधन १५
३.७.४.योगसाधन १६
३.७.५.करणसाधन १६
३.८.तिथिपरिचय १६
३.८.१.तिथिस्वामी १७
३.८.२.तिथिवृद्धि १७
३.८.३.तिथिक्षय १८
३.८.४.नन्दादि संज्ञा १८
३.९.करणपरिचय १८
३.९.१.चरकरण ज्ञान १९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.९.२.स्थिरकरण ज्ञान..१९
३.९.३.करणस्वामी २०
३.९.४.भद्रापरिचय..२१
३.९.५.भद्रावासविशेष..२१
३.१०.वारपरिचय..२१
३.१०.१.वार र वर्ण २२
३.१०.२.स्थिरादिसंज्ञा २३
३.११.नक्षत्रपरिचय २३
३.११.१.अभिजित्परिचय..२३
३.११.२.स्थिरादिसंज्ञा..२३
३.११.३.तिर्यगादिसंज्ञा..२४
३.११.४.नक्षत्रस्वामी २४
३.११.५.पादपरिचय २५
३.११.६.नक्षत्रोक्तमुहूर्त..२६
३.१२.विष्कम्भादियोग तथा स्वामी २६
३.१३.आनन्दादि योगोद्भव तथा अशुभयोग परिहार..२७
३.१३.१.आनन्दादि योगोद्भव..२७
आनन्दादियोगहरू..२८
३.१३.२.अशुभयोग परिहार..२९
३.१४.ग्रह, ग्रहकक्षा तथा ग्रहावस्थापरिचय २९
३.१४.१.ग्रहकक्षा ३०
३.१४.२.ग्रहावस्था ३०
३.१४.३.शयनाद्यवस्थाज्ञान..३०
३.१४.४.बालाद्यवस्था ३२
३.१४.५.दीप्ताद्यवस्था ३२
३.१५.अष्टकूट..३३
३.१५.१.वर्णकूट ३३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१५.२.वश्यकूट ३४
३.१५.३.ताराकूट ३५
३.१५.४.योनिकूट तथा योनिवैर.. ३६
३.१५.५.ग्रहमैत्री तथा ग्रहगुणविचार.. ३७
३.१५.६.गणकूट तथा गणफल ३८
३.१५.७.भकूट ३९
३.१५.८.नाडीकूट ४०
३.१५.९.वर्गकूट तथा भेद ४१
३.१६.घातविचार ४२
३.१६.१.घातचन्द्र तथा त्याज्य चरण.. ४२
३.१६.२.घाततिथि ४३
३.१६.३.घातवार ४३
३.१६.४.घातनक्षत्र ४४
३.१६.५.घातलग्न ४४
३.१७.पारिभाषिक शब्द एवं कालमान.. ४५

४.सिद्धान्ताध्याय ४६-५७

४.१.अध्यायपरिचय ४६
४.२.सूर्योदयास्तयोर्दिनमानरात्रिमानादीनां साधनञ्च ४६
४.३.देशान्तरसाधनम्.. ४७
४.४.इष्टघटिकादि साधन गर्ने पूर्वाधार.. ४८
४.४.१.भूपरिधि ४९
४.४.२.भूमध्यरेखा/रेखादेश ५०
४.४.३.देशान्तर ५०
४.४.४.वेलान्तर ५१
४.४.५.सूर्योदय, सूर्यास्त, दिनमान आदि साधनविधि ५१
४.४.६.चरकालज्ञान तथा त्यसको प्रयोग.. ५१
४.४.७.चरान्तरज्ञान र त्यसको प्रयोग ५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.४.८.चरान्तर ५२
४.४.९.इष्टस्थानीय पञ्चाङ्ग साधन ५२
४.५.इष्टकाल ५२
४.५.१.इष्टकाल बनाउने तरिका ५३
४.६.अहर्गण साधन गर्ने तरिका र सूत्र ५३
४.६.१.अहर्गण निकाल्ने तरिका ५३
४.६.२.अहर्गण निकाल्ने सूत्र.. ५४
४.६.३.भगणपरिभाषा ५५
४.६.४.युगग्रहभगण ५६
४.६.५.भभ्रम र ग्रहसावनदिन...५६
४.६.६.अहर्गणद्वारा मध्यमग्रह साधन गर्ने विधि.. ५७
५.ग्रहादिस्पष्ट्यध्याय ५८-७७
५.१.अध्यायपरिचय.. ५८
५.२.उदाहरण ५८
५.२.१.श्रीसूर्योदयादिष्ट घटिकादि साधन..६०
५.२.२.वेलान्तर संस्कारविशेष..६०
५.२.३.भयात-भभोगसाधन ६१
५.२.४.नाम जुराउने तरिका ६२
५.२.५.ग्रहस्पष्टीकरण चालनज्ञान ६२
५.२.६.ग्रहस्पष्टीकरणस्य विधिः प्रक्रिया च १०४
५.३.अयनांशको सैद्धान्तिक ज्ञान..७१
५.३.१.अयनांशपरिचय ७२
५.३.२.केतकीमतानुसार अयनांशसाधन.. ७३
५.३.३.पलभा तथा चरखण्डानयनम् ७४
५.४.अक्षांशको सैद्धान्तिक ज्ञान ७५
५.४.१.अक्षांशद्वारा स्थानीयपलभानयनविधिः.. ७५
५.४.२.स्थानीयचरखण्डानयनविधिः.. ७६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.प्रथमभावस्पष्ट्यध्याय ७८-८९

६.१.अध्यायपरिचय ७८

६.२.लङ्कोदयमानानि तेभ्यः स्वोदयसाधनञ्च ७८

६.२.१.मेषादीनां राशीनां लङ्कोदयमानानि ७८

६.२.२.स्वोदयमान ७९

६.३.लग्न ७९

६.३.१.लग्नानयने सामान्यविधिः ८०

६.३.२.लग्नानयने विशेषविधिः ८७

६.३.३.प्रथम लग्न ल्याउने विशेष तरिका ८७

७.दशमभावस्पष्ट्यध्याय ९०-१००

७.१.अध्यायपरिचय ९०

७.२.दशमलग्नसाधनमा नतानयन ९०

७.२.१.दशमलग्नसाधने नतानयनस्य प्रथमप्रकारः- ९०

७.२.२.दशमलग्नसाधने नतानयनस्य प्रकारान्तरम्- ९१

७.२.३.विभिन्न नतज्ञानविधि ९२

७.२.४.प्रथम-चतुर्थ-सप्तम-दशमलग्नको परिभाषा ९४

७.२.५.दशमलग्नानयनम् ९४

८.शेषभावस्पष्ट्यध्याय १०१-११०

८.१.अध्यायपरिचय १०१

८.२.ससन्धिकं शेषभावानयनम् १०१

८.२.१.ससन्धिकं शेषभावानयनस्य प्रथमः प्रकारः- १०१

८.२.२.ससन्धिकं शेषभावानयनम् (द्वितीयः प्रकारः) १०६

८.३.चलितचक्रनिर्माणविधि १०९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९.षड्वर्गाध्याय..१११-१२२

९.१.अध्यायपरिचय १११

९.२.षड्वर्गविवेचन १११

९.२.१.क्षेत्र र स्वामी..१११

९.२.२.होरा १११

९.२.३.द्रेष्काण ११४

९.२.४.नवमांश ११६

९.२.५.द्वादशांश ११८

९.२.६.त्रिंशांश कारकांश स्वांश ११८९

१०.दशाविचाराध्यायः १२३-१५२

१०.१.अध्यायपरिचय १२३

१०.२.दशाचर्चा..१२३

१०.२.१.दशाक्रमपूर्वक विशोत्तरीदशासाधन.. १२४

१०.२.२.विंशोत्तरीदशायां सूर्यादिग्रहाणां वर्षमानम् १२५

१०.२.३.विंशोत्तरीदशा भुक्तभोग्यसाधन.. १२६

१०.२.४.विंशोत्तरी अन्तरदशासाधन १२८

१०.३.योगिनिदशा १३३

१०.३.१.योगिनीदशासाधन १३४

१०.३.२.योगिनीदशा भुक्तभोग्यसाधन..१३४

१०.३.३.योगिनी अन्तर्दशासाधन १३५

१०.४.त्रिभागीदशा.. १४१

त्रिभागी अन्तर्दशासाधन..१४२

१०.५.विंशोत्तरीअन्तर्दशामान १४५

१०.६.योगिनी अन्तर्दशामान १४८

१०.७.अष्टोत्तरीदशा १५१

१०.७.१.अष्टोत्तरीदशावर्ष १५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०.७.२.अष्टोत्तरीदशाचक्र १५१
१०.८.दशान्तर्दशादि निकाल्ने सूत्र १५२
१०.८.१.अन्तर्दशा निकाल्ने सूत्र – १५२
१०.८.२.प्रत्यन्तर्दशा निकाल्ने सूत्र – १५२
१०.८.३.विदशा/सूक्ष्मदशा निकाल्ने सूत्र – १५२
१०.८.४.उपदशा/प्राणदशा निकाल्ने सूत्र – १५२

दशायोगाध्यायः **१५३-२०४**

११.१.अध्यायपरिचय १५३
११.२.विंशोत्तरीदशान्तर्दशा १५३
११.३.त्रिभागीदशाऽन्तर्दशा १७१
११.४.योगिनीदशाऽन्तर्दशा १८९

१२.अथ कालचक्रदशाध्याय **२०५-२१९**

१२.१.अध्यायपरिचय २०५
१२.२.कालचक्र २०५
१२.३.कालचक्रदशाको आधार २०६
१२.४.दशाक्रमको सिद्धान्त २०७
१२.५.कालचक्रानुसारी संक्षिप्त फलसङ्केत २१७
१२.५.१.देहजीवराशिहरू २१७
१२.५.२.देहजीवराशिअनुसारको फल २१७
१२.५.३.देहजीवराशिअनुसारको थप फल २१८

परिशिष्टखण्ड

परिशिष्ट –१ .... २२३– २४०
परिशिष्ट –२ .... २४१– २४५
परिशिष्ट –३ .... २४६– २६६
परिशिष्ट –४ .... २६७– २७०
परिशिष्ट –५ .... २७१– २७८

सन्दर्भविवरण– २७९– २८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीः

मङ्गलाचरणाऽध्यायः

वन्दे गणपतिं विष्णुं शङ्करं शङ्करप्रियाम्।
पूर्वाचार्यांश्च सूर्यादीन् निर्विघ्नं ग्रन्थसिद्धये ॥१॥
महाकाली महालक्ष्मी महासरस्वती तथा।
प्रकाश्य ज्योतिषालोकं वाचि तिष्ठन्तु मे सदा ॥२॥

१.१. उपक्रम

वेदका षडङ्गमध्ये चक्षुस्थानीय ज्योतिषशास्त्रमा ग्रहस्पष्टादि व्यवस्था सहित जातकको जन्मपत्रिका निर्माणसँग सम्बद्ध समग्रपक्ष यहाँ समावेश गरिएको छ। आकाशमा गतिशील ग्रहादिलाई जातकको जन्मसमयमा स्थिर गरेर तात्कालिक उदयलग्नका आधारमा फलादेशका लागि सहयोगी सिद्ध हुने गणितीय विषयमा केन्द्रित रहेर प्रस्तुत ग्रन्थको रचना गरिएको हो । यसर्थ 'ज्योतिष' शब्दको व्युत्पत्तिसहित फलादेशका लागि आवश्यक पर्ने गणितीय पक्षको विश्लेषण यहाँ गरिँदै छ।

१.२. 'ज्योतिष' शब्दको व्युत्पत्ति

'ज्योतिषां सूर्यादि ग्रहाणां बोधकं शास्त्रम् ज्योतिषम्' यस निर्वचनअनुसार सूर्यादि ग्रह र कालबोधक शास्त्रलाई ज्योतिषशास्त्र भनिन्छ। व्युत्पत्तिगत दृष्टिले समयनिरूपक शास्त्र नै ज्योतिषशास्त्र हो भन्ने बुझिन्छ।

मानवमात्रको अपरिहार्य अपौरुषेय आदिग्रन्थ वेदमा विविध प्रसङ्गमा ज्योतिषसम्बन्धी चर्चापरिचर्चा पाइन्छ। यसरी वैदिक कालदेखि नै अस्तित्वमा रहेको यस शास्त्रलाई कालान्तरमा आचार्य लगधले 'वेदाङ्गज्योतिष' मा सङ्कलित गरेपछि यसको पृथक् अध्ययन गर्न मार्ग प्रशस्त भएको देखिन्छ। त्यसपछि वि.सं.पू. ५०० देखि वि.सं. ५०० को अन्त्यतिर गणित, सिद्धान्त र फलित गरी स्वतन्त्र रूपमा ज्योतिषको प्रस्फुटन भएको पाइन्छ। त्यतिबेला ग्रहहरूको गति, स्थिति, अयनांश, पात आदिलाई गणितज्योतिष अन्तर्गत र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशुभ समयको निर्णय, यज्ञयागादि कार्यहरू गर्नका लागि समय र स्थानको निर्धारण गर्नु आदिलाई फलितज्योतिष अन्तर्गत मानिएको देखिन्छ।

स्कन्धत्रय होरा, सिद्धान्त र संहिताका रूपमा अध्ययन गरिँदै आएकोमा वि.सं. ५०० देखि १००० को मध्यतिर यसमा परिवर्तन भई पञ्च रूपात्मक होरा, गणित या सिद्धान्त, संहिता, प्रश्न र शकुनका रूपमा अध्ययन गर्दै आएको देखिन्छ । यसप्रकाको त्रिस्कन्धात्मक वा पञ्चस्कन्धात्मक ज्योतिषको व्युत्पत्तिगत तथा रूपसिद्धिको स्वरूपलाई संस्कृतमा निम्नानुसार देखाइएको छ–

द्युत दीप्तौ इत्यस्माद्धातोः "द्युतेरिसिन्नादेश्च जः" इति उणादि सूत्रेण 'इसिन्' प्रत्यये 'द्युत+इसिन्' इति जाते अनुबन्धलोपे 'द्युत्+इस्' इत्यवस्थायां वर्णसम्मेलने 'द्युतिस्' इत्यवस्थायाम् आदेर्दकारस्य जकारादेशे 'ज्युतिस्' इति रूपे "पुगन्तलघूपधस्य च" इति गुणे सति 'ज्योतिस्' इत्यत्र सकारस्य "आदेशप्रत्यययोः" षत्वे, रुत्वे, विसर्गे च 'ज्योतिः' इति रूपं सिद्धम्।

अत्र ज्योतींषि ग्रहनक्षत्रादीनि अधिकृत्य कृतं शास्त्रम्, इति विग्रहे ज्योतिष्–शब्दात् "शेषे" इति सूत्रस्याधिकारे "अधिकृत्य कृते ग्रन्थे" इति सूत्रेण अणि, "तद्धितेष्वचामादेः" इत्यनेन आदिवृद्धौ, वर्णसम्मेलने विभक्तिकार्ये च 'ज्यौतिषम्' इति रूपं सिद्ध्यति।

अथवा

ज्योतिष् शब्दात् "अर्शादिभ्योऽच्" इति अचि अनुबन्धलोपे 'ज्योतिष्+अ' इति जाते वर्णसम्मेलने विभक्तिकार्ये च ज्योतिषम् इति रूपं सिद्ध्यति । इत्थम् उभयविधव्युत्पत्त्या नक्षत्रादीनां ज्ञानदं शास्त्रं ज्योतिषशास्त्रमित्युपपन्नम्।

इति प्रथमोऽध्यायः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संज्ञाध्यायः

२.१. अध्यायपरिचय

विषयवस्तुको प्रकृति हेरी तिनलाई विभिन्न अध्यायमा समन्वय गरेर राख्ने क्रममा पहिले ज्योतिषमा प्रयोग गरिने संज्ञात्मक शब्दको सङ्ग्रहयुक्त प्रसङ्गको थालनीबाट यस ग्रन्थको आरम्भ गरिएको छ। यस अध्यायमा पञ्चाङ्गभित्र गणना गरिने तिथि, वार, नक्षत्र, योग र करणको नामसङ्केत, ग्रहनाम, अष्टकूट, षड्वर्ग, दशवर्ग र षोडशवर्गको नामोल्लेखमा मात्र विषयवस्तु सीमित गरिएको छ।

२.२. पक्षनाम

प्रत्येक महिनामा शुक्ल र कृष्ण गरी दुई पक्ष हुन्छन्।

पूर्वापरं मासदलं पक्षौ नीलसिताभिधौ।
आदौ शुक्लः प्रवक्तव्यः केचित् कृष्णेऽपि मासके ॥४॥[६]

२.३. तिथिनाम

प्रतिपदा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमी, अष्टमी, नवमी, दशमी, एकादशी, द्वादशी, त्रयोदशी, चर्तुदशी गरी १४ तिथिहरू शुक्ल र कृष्ण दुबै पक्षमा रहन्छन्। कृष्णपक्षको अन्त्यमा औँसी र शुक्लपक्षको अन्त्यमा पूर्णिमा तिथि समेत मिलाउँदा जम्मा तिथिसंख्या ३० हुन्छ।

प्रतिपद् द्वितीया चैव तृतीया तदनन्तरम्।
चतुर्थी पञ्चमी तस्मात् षष्ठी चैव ततः परम् ॥५॥
सप्तमी चाष्टमी चैव नवमी दशमी तथा।
ततश्चैकादशी ज्ञेया द्वादशी च त्रयोदशी ॥६॥
ततश्चतुर्दशी प्रोक्ता कृष्णान्तेऽमा प्रकीर्तिता।
पूर्णिमा शुक्लपक्षान्ते तिथयः कथिताः बुधैः ॥७॥[७]

---

६ दीनानाथ झा, *पञ्चाङ्गविज्ञानम्,* (वाराणसी : चौखम्बा अमरभारती प्रकाशन, सन् १९६८), पृ. ४, ५।

७ पूर्ववत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.४. वारनाम

रविवार, सोमवार, मङ्गलवार, बुधवार, बृहस्पतिवार, शुक्रवार र शनिवार गरी जम्मा ७ वार छन्।

> रविः सोमस्तथा भौमो बुधो गीस्पतिरेव च।
> शुक्रः शनैश्चरश्चैव सप्त वाराः प्रकीर्तिता ॥३॥[८]

२.५. नक्षत्रनाम

आश्विनी, भरणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, अभिजित्, श्रवण, धनिष्ठा, शतभिषा, पूर्वाभाद्रपदा, उत्तराभाद्रपदा र रेवती, यी २८ नक्षत्र गनिन्छन्।

> अश्विनी भरणी चैत्र कृत्तिका रोहिणी तथा।
> मृगशीर्षस्तथाऽऽर्द्रा च पुनर्वसुरतः परम् ॥१३॥
>
> पुष्याश्लेषामघा प्रोक्ताः पूर्वाचोत्तरफाल्गुनी।
> हस्तश्चित्रा तथा स्वाती विशाखा तदनन्तरम् ॥१४॥
>
> अनुराधा तथा ज्येष्ठा मूलभं च ततः परम्।
> पूर्वाषाढोत्तराषाढाऽभिजिच्च श्रवणस्ततः ॥१५॥
>
> धनिष्ठा च ततो ज्ञेया शततारास्ततः परम्।
> पूर्वाभाद्रपदा प्रोक्ता ततश्चोत्तरभाद्रकम् ॥१६॥
>
> रेवती चेति भानां हि नामानि कथितानि वै।
> सप्तविंशतिसङ्ख्याकं सदसत्फलहेतवे ॥१७॥[९]

विशेष– उत्तराषाढाको समग्रभोगकालमध्ये अन्तिम चतुर्थांश (६० घटी जम्माभोगकाल मान्दा १५ घटी) र श्रवणको समग्र भोगकालमध्ये प्रथम पञ्चदशांश (६० घटी जम्माभोगकाल मान्दा ४ घटी) मिलेर अभिजित्को मान १९ घटी हुन्छ।

(यसमा नक्षत्रको तात्कालिक मानअनुसार थप घट हुनसक्छ)। अभिजित्को छुट्टै अस्तित्व छैन। अतः नक्षत्रहरू २७ नै हुन्।[१०]

---

८ पूर्ववत्।

९ पूर्ववत्, पृ. ७।

१० *पूर्ववत्*।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.६. विष्कम्भादियोग

पञ्चाङ्गभित्र गणना गरिने योगमा विष्कम्भादि २७ वटा योगहरू पर्छन् । ती विष्कम्भ, प्रीति, आयुष्मान्, सौभाग्य, शोभन, अतिगण्ड, सुकर्मा, धृति, शूल, गण्ड, वृद्धि, ध्रुव, व्याघात, हर्षण, वज्र, सिद्धि, व्यतीपात, वरीयान्, परिघ, शिव, सिद्धि, साध्य, शुभ, शुक्ल, ब्रह्म, ऐन्द्र र वैधृति हुन् ।

विष्कम्भः प्रीतिरायुष्मान् सौभाग्यः शोभनस्तथा ।
अतिगण्डः सुकर्मा च धृतिः शूलस्तथैव च ॥८॥
गण्डो वृद्धिर्ध्रुवश्चैव व्याघातो हर्षणस्तथा ।
वज्रः सिद्धिर्व्यतीपातो वरीयान् परिघः शिवः ॥९॥
सिद्धिः साध्यः शुभः शुक्लो ब्रह्म चैन्द्रोऽथ वैधृतिः ।
क्रमादेता योगसङ्ख्या कीर्तिताः सप्तविंशतिः ॥१०॥[११]

२.७. आनन्दादियोग

आनन्द, कालदण्ड, धूम्र, धाता, सौम्य, ध्वाङ्क्ष, ध्वज, श्रीवत्स, वज्र, मुद्गर, छत्र, मित्र, मानस, पद्म, लुम्ब, उत्पात, मृत्यु, काण, सिद्धि, शुभ, अमृत, मुसल, गद, मातङ्ग, राक्षस, चर, स्थिर र प्रवर्धमान गरी २८ वटा योगहरू छन् । यी योगहरूले आ–आफ्ना नाम अनुसारकै फल दिन्छन् । नक्ष र वा"को योगमा यी योगहरूको निर्माण हुन्छ ।

आनन्दाख्यः कालदण्डश्च धूम्रो, धाता सौम्यो ध्वाँङ्क्षकेतू क्रमेण ।
श्रीवत्साख्यो वज्रकं मुद्गरश्च, छत्रं मित्रं मानसं पद्मलुम्बौ ॥
उत्पातमृत्यू किल काणसिद्धी, शुभोऽमृताख्यो मुसलो गदश्च ।
मातङ्ग–रक्षश्चर–सुस्थिराख्याः, प्रवर्धमानाः फलदाः स्वनाम्ना ॥ [१२]

---

११ दीनानाथ झा, *पञ्चाङ्गविज्ञानम्*, पूर्ववत्, पृ. ११, १२ ।
१२ श्रीरामदैवज्ञ, *मुहूर्तचिन्तामणि*, शुभाशुभप्रकरणम्, श्लोक २३, २४, ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.८. करणनाम

वव, वालव, कौलव, तैतिल, गर, वणिज र विष्टि यी ७ वटा चरकरण र शकुनि, चतुष्पद, नाग तथा किंस्तुघ्न यी ४ वटा स्थिरकरण गरी जम्मा करण ११ वटा छन्। चतुर्दशीको उत्तरार्धबाट स्थिर करण प्रारम्भ हुन्छ।

ववाह्वयं बालवकौलवाख्ये ततो भवेत्तैतिलनामध्येयम्।
गराभिधानं वणिजं च विष्टिरित्याहुरार्याः करणानि सप्त॥

चतुर्दशी या शशिना विहीना, तदर्धभागे शकुनिर्द्वितीये।
दर्शार्धयोः स्तश्चतुरङ्घ्रिनागौ, किंस्तुघ्नमाद्ये प्रतिपद्दले च॥[१३]

२.९. ग्रहनाम

ग्रहका नाम निम्नानुसार बताइएका छन्- सूर्य, चन्द्रमा, मङ्गल, बुध, बृहस्पति, शुक्र र शनि, यी सात ग्रहहरू तथा राहु र केतु (छायाग्रह) सहित गरी जम्मा नौवटा ग्रहहरू छन्। ग्रहफलको प्रकाशनमा यिनैको प्रभाव रहने भएकाले व्यवहारमा पनि यिनैको प्रयोग बढी हुन्छ। यीबाहेक अन्यको स्थिति अति दूर र प्रभाव पनि अति न्यून रहने हुनाले व्यवहारमा अरुको उल्लेख गरिएको छैन।

रविश्चन्द्रः कुजश्चैव बुधश्चैव गुरुस्तथा।
शुक्रः शनैश्चरश्चैव राहुः केतुर्यथाक्रमम्॥२१॥[१४]

२.१०. अष्टकूटनाम

विवाह गर्ने गराउने प्रसङ्गमा वरवधूको परस्पर मेलापक विचार गरिन्छ। तिनलाई अष्टकूट भनिन्छ। ती आठवटा कूट यसप्रकार बताइएका छन्- वर्ण, वश्य, तारा, योनि, ग्रहमैत्री, गण, भकूट र नाडी।

वर्णो वश्यं तथा तारा योनिश्च ग्रहमैत्रकम्।
गणमैत्रं भकूटं च नाडी चैते गुणाधिकाः॥२८॥[१५]

---

१३ दीनानाथ झा, *पूर्ववत्*।

१४ *पूर्ववत्*, पृ. १२।

१५ श्रीरामदैवज्ञः, *मुहूर्तचिन्तामणिः*, विवाहप्रकरणम्, श्लो.- २१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.११. षड्वर्ग

जन्मपत्रिका निर्माण, मुहूर्तनिर्धारण तथा फलादेश लगायतका विभिन्न विधामा प्रयोगमा आउने क्षेत्र, होरा, द्रेष्काण, त्रिंशांश, द्वादशांश र नवमांश यी षड्वर्ग हुन्।

क्षेत्रं होरा च द्रेष्काणस्त्रिंशांशो द्वादशांशकः।
नवांशश्चेति विज्ञेयाः षड्वर्गाः संविचक्षणैः ॥२३॥

२.१२. दशवर्ग दिग्दर्शन

जातकशास्त्रको प्रयोगगत रूपमा प्रचलनमा रहेका दशवर्गलाई यसप्रकार बताइएको छ- (१) लग्न, (२) होरा, (३) द्रेष्काण, (४) सप्तमांश, (५) नवमांश, (६) दशमांश, (७) द्वादशांश, (८) षोडशांश, (९) त्रिंशांश र (१०) षष्ट्यंश। जन्मपत्रिका निर्माण, मुहूर्तनिर्धारण तथा फलादेश लगायतका विभिन्न विधा र स्थानमा विभिन्न तरिकाले यिनलाई प्रयोग गरिन्छ।

लग्नं होरा–दृक्काण–स्वर–नव–दशक–द्वादशांशाः कलांशाः।
त्रिंशत्–षष्ट्यंशकाख्या व्ययदुरितचयश्रीकरा मानवानाम् ॥[१६]

२.१३. षोडशवर्गदिग्दर्शन

जन्मपत्रिका निर्माण, मुहूर्तनिर्धारण तथा फलादेश लगायतका विभिन्न विधामा प्रयोगमा आउने १–क्षेत्र, २–होरा, ३–द्रेष्काण, ४–चतुर्थांश, ५–सप्तमांश, ६–नवमांश, ७–दशमांश, ८–द्वादशांश, ९–षोडशांश, १०–विंशांश, ११–सिद्धांश, १२–भांश, १३–त्रिंशांश, १४–खवेदांश, १५–अक्षवेदांश, १६–षष्ट्यंश यी षोडशवर्ग हुन्।

क्षेत्रं होरा च द्रेष्काणस्तुर्यांशः सप्तमांशकः। नवांशो दशमांशश्च सूर्यांशः षोडशांशकः
विंशांशो वेदबाह्वंशो भांशस्त्रिंशांशकस्ततः। वेदांशोऽक्षवेदांशः षष्ट्यंशश्च ततः परम्[१७]

ईति संज्ञाध्यायः

---

१६ वैद्यनाथ, *जातकपारिजातः*, राशिशीलाध्यायः, श्लो.– ३०।
१७ पराशरः, *होराशास्त्रम्*, षोडशवर्गाध्यायः, श्लो.– ३, ४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिचयाध्यायः

३.१. अध्यायपरिचय

प्रस्तुत अध्यायमा यस ग्रन्थमा विश्लेषण गरिने अधिकांश विषयवस्तुको सामान्य परिचय दिइएको छ। तीमध्ये ज्योतिषशास्त्रका शाखा-प्रशाखा, खगोल, संवत्सर, अयन, ऋतु, मास, पक्ष, दिन, तिथि, वार, नक्षत्र, योग, करण, ग्रह, ग्रहावस्था, अष्टकूट, घातवारादि र पारिभाषिक शब्द तथा कालबोधक सङ्केताङ्क दिइएको छ।

३.२. ज्योतिषको मूल भाग

संस्कृतवाङ्मयमा निहित चौधविद्यामा पर्ने चतुर्वेद, वेदाङ्ग, पुराण, न्याय, मीमांसा र धर्मशास्त्रमध्ये ज्योतिषशास्त्र वेदाङ्गभित्र पर्दछ। त्यसका विभिन्न शाखा प्रशाखा र अन्य सूक्ष्मशाखाहरू पनि प्रचलित छन्। तिनका केही मुख्य शाखाहरूको यहाँ परिचय दिइएको छ।

३.३. शाखापरिचय

सिद्धान्त, संहिता र होरा त्रिस्कन्धात्मक ज्योतिषशास्त्रलाई मतान्तरमा पञ्चस्कन्धात्मक पनि मानिएको छ। यसअनुसार यहाँ मतान्तरलाई प्रस्तुत गरिएको छ।

३.३.१. होरा

होराशास्त्रको अर्को नाम 'जातक'शास्त्र हो। यस अन्तर्गत जन्मकालीन ग्रहहरूको स्थिति अनुसार व्यक्तिनिमित्तक शुभाशुभ फलादेश गरिन्छ।

३.३.२. सिद्धान्त

सिद्धान्त या गणित अन्तर्गत तीन भेद मानिएका छन् - सिद्धान्त, तन्त्र करण। सृष्ट्यादिदेखि इष्टदिनपर्यन्तको अहर्गण निकालेर ग्रह सिद्ध गरिने पद्धतिलाई सिद्धान्त भनिन्छ। युगादिदेखि अभीष्ट दिनपर्यन्त अहर्गण बनाएर ग्रहगणित गर्ने विधिलाई तन्त्र भनिन्छ जसमा कल्पित इष्टवर्षलाई युग मानेर कुनै अभीष्ट दिनको अहर्गण ल्याई ग्रहानयन गरिन्छ त्यसलाई करण भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.३.३. संहिता

यस पूर्व होरा, गणित र शकुनको मिश्रित रूपलाई संहिता नाम दिइएको पाइन्छ भने बाह्रौं र तेह्रौं शताब्दीतिर आइपुग्दा यस शाखाको परिभाषामा थप व्यापकता आएको र जीवन-जगत्सँग सम्बद्ध सबै उपयोगी लौकिक विषयलाई समेत यसै शाखामा समाहित गरी अध्ययन गर्ने गरेको देखिन्छ।

३.३.४. प्रश्नशास्त्र

प्रश्नशास्त्रले तत्कालको फल बताउँछ । प्रश्नसोध्ने व्यक्तिद्वारा उच्चरित अक्षरहरूका आधारमा फल बताउने पद्धतिलाई प्रश्नशास्त्र अन्तर्गत राखिएको पाइन्छ। कालान्तरमा यस शाखामा थप तीन सिद्धान्तको प्रवेश भयो- प्रश्नाक्षर-सिद्धान्त, प्रश्नलग्न-सिद्धान्त र स्वरविज्ञान-सिद्धान्त।

प्रश्नशास्त्रको बढी प्रचलन र कार्यान्वयन वि.सं.को पाँचौं तथा छैठौं शताब्दितिरबाट सुरु भएको मानिन्छ। वराहमिहिरका पुत्र पृथुयशाको समयदेखि प्रश्नलग्नको सिद्धान्त भारतवर्षमा तीव्र गतिमा फैलिएको पाइन्छ । नवौंदेखि एघारौं शताब्दीसम्म यस सिद्धान्तको प्रचार भएको देखिन्छ र यस शाखाका स्वतन्त्र रचनाहरू त्यसै कालखण्डमा लेखिएका मानिन्छन्।

३.३.५. शुकुनशास्त्र

शकुनशास्त्रको अर्को नाम निमित्तशास्त्र पनि हो। दशौं शताब्दीसम्म यस शाखाले पृथक् स्वरूप लिएको पाइँदैन । संहिता अन्तर्गत नै यसलाई राखिएको पाइन्छ। त्यसपछि बाह्रौं शताब्दीमा आएर यसको छुट्टै शास्त्रका रूपमा स्थापना भएको पाइन्छ।

उपर्युक्त विधाका आधारमा होरा, सिद्धान्त, संहिता, प्रश्न र शकुन गरी पञ्चस्कन्धात्मक रूपमा ज्योतिषशास्त्रको अध्ययन गर्ने परिपाटी व्यवहारमा रहेको देखिन्छ । यी पक्षहरू रहँदारहँदै पनि मूलतः त्रिस्कन्धात्मक- होरा, सिद्धान्त र संहिताकै रूपमा नै यस शास्त्रलाई हेर्ने गरेको पाइन्छ।

३.४. खगोलपरिचय

पृथ्वीवासीले आफू बसेको ठाउँबाट आकाशको अध्ययन गर्नका लागि एउटा वृत्तको कल्पना गरेको छ । पृथ्वीलाई केन्द्रमा राखेर वृत्तको परिधिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नक्षत्रमण्डललाई अवस्थित मानिएको छ। यस गोलको पूर्वापर र दक्षिणोत्तर दिशा ज्ञान गर्नका लागि क्रमशः पूर्वापरवृत्त तथा दक्षिणोत्तरवृत्तको रचना गरिएको छ। यी दुबै वृत्तको संयोगस्थान आधा (१८० अंश) मा हुन्छ। ऊर्ध्वगत संयोगबिन्दुलाई ऊर्ध्वखमध्य र अधोगत संयोगबिन्दुलाई अधोखमध्य भनिन्छ। ऊर्ध्वाधःखमध्यदेखि ९० अंशमा रहने वृत्तलाई क्षितिजवृत्त भनिन्छ। क्षितिजवृत्तदेखि पूर्वापरवृत्त र याम्योत्तरवृत्त (दक्षिणोत्तरवृत्त) को योग जम्मा ४ ठाउँमा हुन्छ। ती हुन्– पूर्व, उत्तर, पश्चिम, दक्षिण भाग। क्षितिजबिन्दुका यी योगबिन्दुलाई क्रमशः पूर्वस्वस्तिक, उत्तरसमस्थान, पश्चिमस्वस्तिक र दक्षिणसमस्थान भनिन्छ। उत्तरदिशामा आफ्नो अक्षांश तुल्य अंशमा ध्रुवस्थान रहन्छ। अतः उत्तरसमस्थानबाट अक्षांश तुल्य दूरीमा उत्तरगोलार्धमा माथि र दक्षिणगोलार्धमा तल, याम्योत्तरवृत्तमा ध्रुवस्थानको चिह्न अङ्कित गरिन्छ। ध्रुवस्थानदेखि ९० अंशको दूरीमा पूर्वापरगतवृत्त, विषुवद्वृत्त वा नाडीवृत्त हुन्छ।

याम्योत्तरवृत्तदेखि विषुवद्वृत्तबीचको संयोगलाई माथितिर निरक्षखमध्य र तल निरक्षाधःखमध्य भनिन्छ। निरक्षखमध्यदेखि ९० अंशको दूरीमा रहने वृत्तलाई उन्मण्डलक्षितिज नाम दिइन्छ। उन्मण्डलक्षितिज वा उन्मण्डलवृत्तमा नै ध्रुवस्थान हुन्छ। निरक्षक्षितिजबिन्दुदेखि रविक्रान्तितुल्य पूर्वापरगतवृत्तलाई क्रान्तिवृत्त भनिन्छ। ध्रुवस्थानदेखि २४ अंशको दूरीमा कदम्बस्थान मानिएको छ। ध्रुवस्थानलाई केन्द्र मानेर ध्रुवस्थानकै चारैतर्फ वृत्ताकारमा परिभ्रमण गर्ने कदम्बस्थानदेखि ९० अंशको व्यासार्धद्वारा उत्पन्न पूर्वपश्चिमगतवृत्तलाई क्रान्तिवृत्त भनिन्छ। कदम्बस्थान चल हुनाले क्रान्तिवृत्त पनि चल हुन्छ। नाडीवृत्तको समानान्तर उत्तरतर्फ ३ र दक्षिणतर्फ ३ लघुवृत्त रहन्छन् तिनलाई अहोरात्रवृत्त भनिन्छ। यसरी ६ अहोरात्रवृत्त हुन्छन्। नाडीवृत्तदेखि क्रान्तिवृत्तको दूरी उत्तर र दक्षिणमा अधिकतम २४ अंश रहन्छ। यसरी गोलमा प्रमुख रूपमा पूर्वापरवृत्त, याम्योत्तरवृत्त, क्षितिजवृत्त, नाडीवृत्त, क्रान्तिवृत्त र उन्मण्डलवृत्त गरी छवटा वृत्त रहन्छन्। यीमध्ये क्षितिजवृत्त र उन्मण्डलवृत्त भूतलको समान पटमा रहन्छन् भने शेष सबै त्यसकै माथि ऊर्ध्वाधःक्रममा रहन्छन्। उक्त छवटा वृत्तमध्येमा पनि अझ मुख्य वृत्तहरूको मात्र यहाँ सामान्य परिचय दिइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.४.१. नाडीवृत्त

ध्रुवस्थानदेखि ९० अंशको व्यासार्धद्वारा समुत्पन्न वृत्त नै नाडीवृत्त हो। यस वृत्तलाई नै विषुवद्वृत्त र निरक्षमण्डल पनि भनिन्छ। नाडीवृत्तस्थ प्रदेशमा अक्षांश हुँदैन। अतः त्यसलाई निरक्षवृत्त पनि भनिन्छ। यसमा विषुवत्काल अर्थात् दिनरात्रिको मान समान हुन्छ। त्यसैले यस वृत्तलाई विषुवद्वृत्त पनि भनिन्छ।

ध्रुवस्थानान्नवत्यंशैः कृतं वृत्तं खमध्यगम्। नाडीवृत्तं विषुवत्तं तद्वा निरक्षमण्डलम्॥[१८]

३.४.२. क्रान्तिवृत्त

ध्रुवस्थानदेखि २४ अंशको दूरीमा कदम्बस्थान हुन्छ।[१९] कदम्बस्थानदेखि ९० अंशको चापद्वारा क्रान्तिवृत्त बन्छ। यस वृत्तमा अश्विन्यादि २७ नक्षत्र र मेषादि १२ राशिहरू स्थित हुन्छन्। यसै वृत्तमा सूर्यको भ्रमण मानिन्छ। यसलाई भवृत्त, राशिवृत्त, अपमण्डल, रविभ्रमणवृत्त आदि पनि भनिन्छ।

कदम्बान्नवत्यंशेन क्रान्तिवृत्तं प्रजायते।
राशिस्थानावबोधाय कल्प्यते तद्भमण्डलम्॥[२०]

३.४.३. याम्योत्तरवृत्त

स्वकीय खमध्य र ध्रुवस्थानद्वयमा पुगेको वृत्त नै याम्योत्तरवृत्त हो। यो वृत्त बृहत् हुन्छ।

ध्रुवद्वयगतं वृत्तं स्वखमध्यगतं तु यत्।
याम्योत्तरं हि तज्ज्ञेयं बृहद्वृत्तं प्रजायते॥[२१]

३.४.४. विमण्डल

ग्रहभ्रमणवृत्तलाई विमण्डल भनिन्छ। सबै ग्रह आ-आफ्नो कक्षामा फरक फरक वृत्तहरूमा भ्रमण गर्दछन्। सूर्यभ्रमण गर्ने वृत्तलाई क्रान्तिवृत्त भनिन्छ। शेष चन्द्रादि सबै ग्रहको भ्रमणवृत्तलाई विमण्डल भनिन्छ।

चन्द्रादयो ग्रहा यत्र स्वकक्षस्थाः पृथक् पृथक्।
भ्रमन्ति तानि वृत्तानि सन्ति विमण्डलानि हि॥[२२]

---

१८ नागेन्द्र पाण्डेय, *खगोलपरिभाषा,* श्लो.- २३।
१९ पूर्ववत्, श्लो.- २८।
२० पूर्ववत्, श्लो.- २९।
२१ पूर्ववत्, श्लो.- २४।
२२ पूर्ववत्, श्लो.- ३५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.४.५. पातस्थान तथा परिभाषा

विमण्डल र क्रान्तिवृत्तको संयोगस्थललाई पात भनिन्छ। यो संयोग वा पात दुई ठाउँमा हुन्छ।[२३] नाडीवृत्त र क्रान्तिवृत्तको परस्पर स्पर्श हुने दुई ठाउँलाई गोलसन्धि वा पात भनिन्छ। स्पर्श दुई ठाउँमा हुने हुँदा पात पनि दुई ठाउँ नै हुन्छ।

विमण्डलभवृत्तस्य संयोगो यत्र जायते। स्थानद्वये तु तज्ज्ञेयं पातस्थानं बुधैरिह॥[२४]

३.४.६. राहु –केतु

चन्द्रविमण्डल र क्रान्तिवृत्तको सम्पातस्थल चन्द्रपात हो र यही राहु केतु हो। यसमा उत्तरी भागको योग राहु र दक्षिण भागको योग केतु हो। यसरी सम्पातस्थललाई नै राहु केतु भनिएको हो।

चन्द्रवृत्तभवृत्तस्य योगोत्पत्तौ तु तौ सदा।
आद्यो राहुः समाख्यातः केतुस्तावद् द्वितीयकः॥[२५]

३.५. गोलपरिचय

सायन सूर्य मेष आदि ६ राशिमा रहँदा अर्थात् वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन महिनामा उत्तरगोल हुन्छ। शेष तुला आदि ६ राशिमा सूर्य हुँदा अर्थात् कार्तिक, मार्गशीर्ष, पौष, माघ, फाल्गुन, चैत्र महिनामा दक्षिणगोल हुन्छ।

मेषादौ तु सदा वृद्धिरुदगुत्तरतोऽधिका। देवांशे च क्षपाहानिर्विपरीतं तथाऽसुरे॥
तुलादौ द्युनिशोर्वामं क्षयवृद्धी तयोरुभे। देशक्रान्तिवशान्नित्यं तद्विज्ञानं पुरोदितम्॥[२६]

३.५.१. गोलसन्धि

नाडीवृत्त र क्रान्तिवृत्तको स्थिर योगस्थान नै गोलसन्धि हो। गोलसन्धि नै अयनसन्धि पनि हो। यसलाई स्थिर मेषादि भनिन्छ। पूर्वगोलार्धको मेषादि गोलसन्धिदेखि १८० अंशको दूरीमा पश्चिम गोलार्धमा तुलादि गोलसन्धि हुन्छ। गोलसन्धिमा नै अयनवृत्तको पृष्ठीय केन्द्र हुन्छ।

---

२३ **पूर्ववत्**, श्लो.– ३६।
२४ **गोलपरिभाषा**, श्लो.– ३६।
२५ **पूर्ववत्**, श्लो.– ३७।
२६ *सूर्यसिद्धान्तः*, भूगोलाध्यायः, श्लो.– ५७, ५८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रान्तिवृत्त चलायमान हुन्छ। त्यसैले नाडीवृत्त र क्रान्तिवृत्तको योगस्थान चल रहन्छ। नाडीवृत्तदेखि उत्तर क्रान्तिवृत्तमा मेषादि ६ राशिहरू र दक्षिणमा तुलादि ६ राशिहरू रहन्छन् । यसरी उत्तरक्रान्तिवृत्तलाई उत्तरगोल र दक्षिणक्रान्तिवृत्तलाई दक्षिणगोल भनिन्छ।

गोलसन्धिसमाख्यातौ योगौ नाडीभवृत्तयोः।
तत्राद्यस्तु क्रियादिः स्यात् तुलादिश्चापरो भवेत्।
गोलसन्धिर्भवत्यत्र स एवाऽयनसन्धि वै।
पृष्ठमायनवृत्तस्य गोलसन्धौ प्रजायते ॥[२७]

३.५.२. अयनवृत्त

गोलसन्धिदेखि नवत्यंशचापद्वारा अयनवृत्त हुन्छ। यो वृत्त ऊर्ध्वभागमा कर्कादि राशिमा र अधो भागमा मकरादि राशिमा रहन्छ। यो वृत्त ध्रुवस्थान र कदम्बस्थानसम्म पनि पुग्छ। पूर्वी गोलसन्धिदेखि १८० अंशको दूरीमा पश्चिमी गोलसन्धि हुन्छ।

सन्धिना तु नवत्यंशैर्वृत्तं मकर-कर्कगम्।
अयनवृत्तं हि तज्ज्ञेयं कदम्बध्रुवयोर्गतम् ॥ [२८]

३.५.३. ऋतुपरिचय

शिशिर, वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त, यी ६ ऋतु हुन्। माघ-फाल्गुन, चैत्र-वैशाख, ज्येष्ठ-आषाढ, श्रावण-भाद्र, आश्विन-कार्तिक र मार्गशीर्ष-पौष गरी दुई दुई महिनामा शिशिर आदि एक एक ऋतु हुन्छन्।

३.६. मास तथा दिनरात्रि परिचय

मास भनेको महिना हो। मास चार प्रकारका हुन्छन्। ती यसप्रकार छन्- चान्द्रमास, सौरमास, सावनमास र नाक्षत्रमास। शुक्ल प्रतिपदादेखि अमावास्यासम्म र कृष्णप्रतिपदादेखि पूर्णिमासम्मको एक चान्द्रमास हुन्छ। सूर्यको एक सङ्क्रान्तिदेखि अर्को सङ्क्रान्तिसम्मको अवधिलाई सौरमास भनिन्छ। एक सूर्योदयदेखि अर्को सूर्योदयसम्मको समयलाई सावन दिन र ३० सावन दिनलाई एक सावन मास भनिन्छ। चन्द्रमाले सत्ताइस नक्षत्रको फन्को पूरा गर्दा हुने अवधि नाक्षत्रमास हो।

---

२७ नागेन्द्र पाण्डेय, *खगोलपरिभाषा,* श्लो.- ४३, ४४।
२८ **पूर्ववत्,** श्लो.- ४५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.६.१. अधिक–क्षयमास परिचय

चान्द्रादि चारथरी माससँगै अन्य दुईथरी मास पनि छन्– अधिकमास र क्षयमास। जसमा एक चान्द्रमास अर्थात् दुई औंसीका बीचमा सूर्यसङ्क्रान्ति नपर्दा अधिकमास हुन्छ । अर्थात् सूर्यसङ्क्रान्ति नभएको चान्द्रमहिनालाई अधिकमास भनिन्छ।

असङ्क्रान्तिमासोऽधिमासः स्फुटः स्यात्
दर्शाग्रतः सङ्क्रमकालपूर्वं सदैव तिष्ठत्यधिमासशेषम् । [२९]

सामान्यतया ३२ महिना १६ दिन ४ घडीको समय बितेपछि अधिकमास हुन्छ अर्थात् हरेक तेस्रो वर्षमा अधिकमास हुन्छ । अधिकमासलाई मलमास अथवा पुरुषोत्तममास भनिन्छ । चान्द्रमासअनुसार वर्षमा ३५४ दिन ९ घण्टा र सौरमास अनुसार ३६५ दिन ६ घण्टामा १ वर्ष हुन्छ। यी दुई मासका बीचमा रहेको अन्तर/अंश मिलान गर्नका लागि अधिकमासको व्यवस्था भएको हो।

एक चान्द्रमास अर्थात् दुई औंसीका बीचमा दुई पटक सूर्यसङ्क्रान्ति हुँदा अथवा एक चान्द्रमहिनामा दुई सौरसङ्क्रान्ति हुँदा हराउने महिनालाई क्षयमास भनिन्छ। कार्तिक, मंसिर र पुसमा मात्र महिना क्षय हुन्छ। क्षयमास परेको वर्ष २ वटा अधिकमास हुन्छन्। धेरै वर्षको अन्तरालमा मात्र क्षयमास पर्दछ। सामान्यतया १९ वर्ष र १४१ वर्षको अन्तरालमा क्षयमास पर्छ भनेर लेखिएको पाइए तापनि कहिलेकाहीं यसभन्दा फरक अवधिमा पनि क्षयमास परेको पाइएको छ।

द्विसङ्क्रान्तिमासः क्षयाख्यः कदाचित्

यस अघि विक्रम संवत् १७३८ सालको मंसिर महिनामा क्षयमास परेको थियो भने त्यसपछि वि. सं. १८७९ सालको मंसिरमा, १९९८ को पुसमा र २०२० को मंसिरमा अनि २०३९ को पुसमा पनि क्षयमास परेको थियो। अब वि.सं. २०८५ सालको पुसमा, २१०४ को पुसमा, २१४२ को पुसमा र २१६१ सालको पुसमा पनि क्षयमास पर्नेछ।

३.६.२. दिनरात्रि परिभाषा

उन्मण्डल र क्रान्तिवृत्तको अन्तरालमा अहोरात्रवृत्तमा चरखण्ड हुन्छन्। ६० घटीको चरांश ३० घटी हुन्छ। ६० घटीको चतुर्थांश १५ घटी हुन्छ। चरांश ÷ ६ = घट्यात्मक चर हुन्छ। +चर = दिनार्ध हुन्छ। दिनार्ध ×२ = दिनमान हुन्छ। ३०– दिनार्ध = निशार्ध ×२ = निशामान, १५+चर = उत्तरगोलमा १५–चर = दक्षिणगोल हुन्छ।

अथार्धान्यहोरात्रवृत्तानि चोन्मण्डलोर्ध्वं तथाधोनिसं संस्थितानि।
खषड्नाडिकास्तद्धृतौ खाग्निनाड्यस्तदर्थेऽब्धिभागे तु पञ्चेन्दुनाड्यः।।
सदा सौम्यगोले निरक्षीयभूयात् स्वभूजं स्वधश्चोर्ध्वगं याम्यगोले।
तयोरन्तरं कालवृत्ते चरं स्यदतोंऽशात्मकं यच्च तत् षड्विभक्तम्॥
भवेन्नाडिकाद्यं च तद्युक्तिहीनाः क्रमाद् गोलयोरत्र पञ्चेन्दुनाड्यः।
दिनार्धे भवेत् खाग्निशुद्धं निशार्द्धं द्विनिघ्ने कृते ते द्युरात्र्युन्मिती स्तः॥ [३०]

---

२९ *सूर्यसिद्धान्तः*, व्याख्या. रामचन्द्र पाण्डेय, (वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, सन् २०००), पृ. ३१।
३० *गोलपरिभाषा*, श्लो.– ७३–७५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.७. पञ्चाङ्गसाधन संक्षिप्तपरिचय

तिथि, वार, नक्षत्र, योग र करण यी पञ्चाङ्ग हुन्। यिनको साधन गर्नका लागि पहिला सूर्य र चन्द्रस्पष्ट गरिनुपर्छ र तिनका आधारमा पञ्चाङ्ग साधन गरिन्छ। यसको संक्षिप्त तरिका यहाँ प्रस्तुत गरिएको छ।

३.७.१. तिथिसाधन

स्पष्टचन्द्रबाट स्पष्टसूर्य घटाएर रहेको शेष राश्यादिको अंशात्मक मानलाई १२ ले भाग गर्दा आएको भागलब्धि गत तिथिसंख्या हुन्छ भने शेष अंशादि वर्तमान तिथिको भुक्तांश हुन्छ। यस भुक्तांशलाई १२ अंशबाट घटाउँदा वर्तमान तिथिको भोग्यांश हुन्छ।

३.७.२. वारसाधन

यहाँ भन्न खोजिएको अर्थमा होरा भनेको घण्टा हो। एक सूर्योदयदेखि दोस्रो सूर्योदयबीच २४ होरा पूरा हुन्छ। हरेक वारको सूर्योदयका बेला सोही वारको होरा हुन्छ अर्थात् प्रत्येक वारको पहिलो होरा सम्बन्धित वारकै हुन्छ।

जस्तै– रविवार पहिलो होरा रवि अर्थात् सूर्यको हुन्छ र सोमवारका दिन पनि पहिलो होरा चन्द्रमाकै हुन्छ। यही क्रमले सबै वारका दिन सूर्योदय बेलाको होरा जान्न सकिन्छ। यसमा आकाशमा ग्रहहरूको कक्षाक्रमका आधारमा यसको पनि क्रम रहेको छ। ग्रहकक्षाक्रम यस्तो देखिन्छ– शनि, बृहस्पति, मङ्गल, सूर्य, शुक्र, बुध र चन्द्रमा। यसरी पृथ्वीबाट सर्वाधिक दूरीमा शनिको कक्षा छ भने सर्वाधिक नजिकमा चन्द्रमाको कक्षा छ। यसरी होराको व्यवस्था गरिएको छ। अतः सूर्योदयका बेला जुन ग्रहको होरा हुन्छ । यसैक्रलाई आधार मानेर त्यस दिनको वार पनि त्यही हुन्छ।

३.७.३. नक्षत्रसाधन

अभीष्टकालको स्पष्टचन्द्रको कलात्मक मानलाई (एउटा नक्षत्रको कलात्मकमान) ८०० ले भाग गर्दा आउने लब्धि नै गतनक्षत्रको संख्या हुन्छ। शेष वर्तमान नक्षत्रको कलात्मक भुक्तमान हुन्छ र यसलाई ८०० बाट घटाउँदा वर्तमान नक्षत्रको भोग्यकला हुन्छ। भुक्तकला र भोग्यकला दुवैलाई अलग अलग राखेर ६० ले गुणन गरेपछि चन्द्रगतिको कलाले पनि अलग अलग भाग गर्दा भुक्त घडी पला र भोग्य घडी पला आउँछन्। यी दुबै भुक्त तथा भोग्य घडी पलाको योगफल नै वर्तमान नक्षत्रको जम्मा पूर्णमान हुन्छ जसलाई भभोग भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.७.४. योगसाधन

संज्ञाध्यायमा नामसङ्केत गरिएका विष्कम्भ आदि योगसाधन गर्नका लागि स्पष्टचन्द्र र स्पष्टसूर्यको कलात्मक योगलाई ८०० ले भाग गर्नुपर्दछ। त्यसबाट आएको लब्धि, गतयोग हुन्छ। शेष भुक्तकलालाई ८०० बाट घटाउँदा भोग्यकला हुन्छ र यही भुक्त तथा भोग्यकलालाई ६० ले अलग अलग गुणन गरेर चन्द्र तथा सूर्यको गतियोगले अलग अलग भाग गर्दा आएको भुक्त तथा भोग्य घट्यादि योग नै वर्तमान योगको सम्पूर्ण मान हुन्छ।

३.७.५. करणसाधन

तिथिको आधालाई करण भनिन्छ । यस नियम अनुसार सम्पूर्ण तिथिमानलाई बराबर दुई भाग गर्दा प्रथम अर्धभागसम्म एउटा करण र दोस्रो अर्धभाग तिथिको समाप्तिपर्यन्त अर्को करणको मान हुन्छ। यसरी उक्त तिथ्यादि साधन गर्नका लागि स्पष्टसूर्य, स्पष्टचन्द्र, सूर्यगति र चन्द्रगति समेतका चार उपकरणहरूको प्रमुखता रहन्छ । अतः यी उपकरणहरू शुद्ध गणितागत हुनु अनिवार्य हुन्छ ।[३१] *तिथ्यर्ध्यं करणमिति* ।

३.८. तिथिपरिचय

सूर्य र चन्द्रमाको संयोग/सन्निकटता तथा दूरीका आधारमा तिथि निर्धारित हुन्छन्। सूर्य तथा चन्द्रमा एउटै राशि र अंशमा मिलन हुँदा अमावास्या हुन्छ। सूर्यको अपेक्षा चन्द्रमाको शीघ्र गति हुने हुँदा सूर्यलाई अतिक्रमण गरेर चन्द्रमा १२° अंशको दूरीमा पुग्दा प्रतिपदा तिथि हुन्छ। यस्तै गरी १२°/१२° अंशको एक तिथि हुँदै जाँदा सूर्यभन्दा चन्द्रमा ठीक १८०° अंशको दूरीमा पुग्दा पूर्णिमा तिथि हुन्छ। यो चन्द्रमाको सौम्यमार्ग हो। फेरि याम्यमार्गबाट १२° अंश फर्केर आउँदा कृष्णपक्षको प्रतिपदा हुन्छ। यस्तै प्रत्येक १२° अंशको एक तिथि हुँदै चन्द्रमा फेरि सूर्यका साथमा भेट हुन आउँदा अर्को आमावास्या आउँछ। यसरी चन्द्रमाको कला सौम्यमार्गमा बढ्दै जान्छ र याम्यमार्गमा घट्तै आउँछ।

चन्द्रबिम्बमा प्रकाश छैन । जलभागमा परेको सूर्यको टलक फर्केर सूर्यको प्रतिबिम्ब चन्द्रबिम्बमा पर्दा सूर्यका तेजले चन्द्रमामा प्रकाश देखिन्छ।

---

३१ कल्याणदत्त शर्मा, *सूर्यग्रहणसिद्धान्त,* (शान्तिकुञ्ज, हरिद्वार, २०५७), पृ. ३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यको तेज परेको भागबाट पृथ्वीको विशाल छाया प्रकाशित चन्द्रमामा पर्न जाँदा चन्द्रकला घट्ने, बढ्ने हुन्छ। कृष्णपक्षमा पृथ्वीको छायाले छोप्तै जान्छ र शुक्लपक्षमा छोड्दै जान्छ।

चन्द्रमाले आफ्नो कक्षामा भ्रमण गर्दा एक तिथिकक्षालाई पार गर्न लाग्ने समय नै सम्बन्धित तिथिको भोग घडी पला हुन्छ। चन्द्रमाले एक कक्षा पार गरेर अर्को कक्षामा प्रवेश गर्ने समय नै तिथिको उदयकाल हुन्छ। चन्द्रमाले शुक्ल प्रतिपदादेखि अमावास्यासम्मका तिथिकक्षा पार गर्न लाग्ने समयलाई चान्द्रमास भनिन्छ।

३.८.१. तिथिस्वामी

क्र.सं.	तिथि	स्वामी	क्र.सं.	तिथि	स्वामी
(१)	प्रतिपदा	अग्नि	(२)	द्वितीया	ब्रह्मा
(३)	तृतीया	पार्वती	(४)	चतुर्थी	गणेश
(५)	पञ्चमी	सर्पदेव	(६)	षष्ठी	कार्तिकेय
(७)	सप्तमी	सूर्य	(८)	अष्टमी	शिव
(९)	नवमी	दुर्गा	(१०)	दशमी	यमराज
(११)	एकादशी	विश्वेदेव	(१२)	द्वादशी	विष्णु
(१३)	त्रयोदशी	कामदेव	(१४)	चतुर्दशी	शिव
(१५)	पूर्णिमा	चन्द्रमा	(३०)	अमा	पितृ

तिथीशा वह्निकौ गौरी गणेशोऽहिर्गुहो रविः ।
शिवो दुर्गान्तको विश्वे हरिः कामः शिवः शशी ॥ [३२]

३.८.२. तिथिवृद्धि

दुइटा वार पार गरेर तेस्रो वारको सुरुसम्म रहने तिथिलाई वृद्धि भएको मानिन्छ अर्थात् दुइटा सूर्योदयमा रहने तिथिलाई वृद्धि भनिन्छ।

---

३२ *पूर्ववत्,* श्लो.- ३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.८.३. तिथिक्षय

एउटा वारले दुइटा तिथि पार गरेर तेस्रो तिथिको सुरुलाई स्पर्श गर्छ भने बीचको तिथिलाई क्षयसंज्ञक मानिन्छ अर्थात् सूर्योदय स्पर्श नगर्ने तिथिलाई क्षय भनिन्छ।

३.८.४. नन्दादि संज्ञा

उक्त तिथिहरूका नन्दा, भद्रा, जया, रिक्ता र पूर्णा गरी पाँच वर्ग हुन्छन्। ती निम्नानुसार छन्- प्रतिपदा, षष्ठी, एकादशी- नन्दा, द्वितीया, सप्तमी, द्वादशी- भद्रा, तृतीया, अष्टमी, त्रयोदशी- जया, चतुर्थी, नवमी, चतुर्दशी- रिक्ता र पञ्चमी, दशमी, पूर्णिमा तिथिलाई पूर्णा भनिन्छ।

उक्त तिथिहरूमा शुक्लपक्षमा पञ्चमीसम्म अधम, दशमीसम्म मध्यम र पूर्णिमासम्मका तिथिहरू उत्तम फलदायक हुन्छन् भने कृष्णपक्षमा यिनले ठीक विपरीत फल दिन्छन् अर्थात् कृष्णपक्षमा पञ्चमीसम्म शुभ, दशमीसम्म मध्यम र औंसीसम्मका तिथिहरू अशुभ फलदायक हुन्छन्।

नन्दा च भद्रा च जया च रिक्ता, पूर्णेति तिथ्योऽशुभ-मध्य-शस्ताः।
सितेऽसिते शस्त-समाधमाः स्युः, सितज्ञभौमार्किगुरौ च सिद्धाः ॥ [३३]

३.९. करणपरिचय

एउटा तिथिको आधा भागलाई करण भनिन्छ अर्थात् एउटा तिथिमा दुईवटा करण हुन्छन्। करण दुई प्रकारका हुन्छन्- स्थिरकरण र चरकरण। तीमध्ये स्थिरकरण चारवटा र चरकरण सातवटा हुन्छन्। यसरी जम्मा ११ वटा करणहरू हुन्छन्। शकुनि, चतुष्पद, नाग र किंस्तुघ्न, यी चार स्थिरकरण हुन् भने वव, वालव, कौलव, तैतिल, गर, वणिज तथा विष्टि, यी सातवटा चरकरण हुन्।

कृष्णपक्षमा चतुर्दशीको उत्तरार्धदेखि करणहरू सुरु हुन्छन्। पहिला चारवटा स्थिरकरण हुन्छन्। जस्तै- कृष्णपक्षमा चतुर्दशीको उत्तरार्धमा शकुनि, अमावास्या अर्थात् औंसीको पूर्वार्धमा चतुष्पद तथा उत्तरार्धमा नाग र शुक्लपक्षमा प्रतिपदाको पूर्वार्धमा किंस्तुघ्न करण हुन्छ। त्यसपछि प्रतिपदाको उत्तरार्धदेखि वव आदि सात चरकरणहरूको क्रम रहन्छ। प्रतिपदाको उत्तरार्धमा

---

३३ श्रीमद्रामदैवज्ञः, *मुहूर्तचिन्तामणिः*, शुभाशुभप्रकरणम्- १, श्लो.- ४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वव, द्वितीयाको पूर्वार्धमा बालव र उत्तरार्धमा कौलव करण हुन्छ। यसरी वव, बालव, कौलव, तैतिल, गर, वणिज र विष्टि, यी सात चरकरणहरू हुन्छन्।

ध्रुवाणि शकुनिर्नागं तृतीयं तु चतुष्पदम्। किंस्तुघ्नं तु चतुर्दश्याः कृष्णायाश्चापरार्धतः॥
ववादीनि ततः सप्त चराख्यकरणानि च। मासेऽष्टकृत्व एकैकं करणानां प्रवर्तते॥
तिथ्यर्धभागं सर्वेषां करणानां प्रकल्पयेत्। एषा स्फुटगतिः प्रोक्ता सूर्यादीनां खचारिणाम्॥[३४]

३.९.१. चरकरण ज्ञान

गत तिथि संख्यालाई दुईले गुणा गरी सातले भाग गर्दा रहेको शेष संख्या बराबरको वव आदि चरकरण हुन्छ। यस करणलाई सम्बन्धित तिथिको पूर्वार्धको करण भन्ने बुझ्नु पर्दछ।

जस्तै– शुक्लपक्षमा द्वितीयाको दिन करण जान्नु पर्दा गततिथि संख्या १×२ = २ ÷ ७ शेष = २ बराबर बालव करण हुन्छ। अर्थात्, शुक्लपक्षको द्वितीया तिथिको पूर्वार्धमा बालव करण हुन्छ भने त्यसै तिथिको उत्तरार्धमा कौलव करण हुन्छ।

३.९.२. स्थिरकरण ज्ञान

कृष्णपक्षमा चतुर्दशी तिथिको उत्तरार्धमा शकुनिकरण हुन्छ र अमावास्या अर्थात् औँसीको पूर्वार्धमा नाग करण हुन्छ भने उत्तरार्धमा चतुष्पद हुन्छ। त्यस्तै शुक्लपक्ष प्रतिपदा तिथिको पूर्वार्धमा किंस्तुघ्न करण हुन्छ। यी स्थिर करण हुन् र जहिले पनि उक्त तिथिहरूका तोकिएका भागमै स्थिर रहन्छन्। त्यसैले यी करणहरूलाई स्थिरकरण भनिएको हो। सम्बन्धित तिथिले भोग गर्ने जम्मा घडीलाई आधा पारेर पहिलो भागमा पर्ने घडीबराबर एक करणको घडी हुन्छ भने त्यत्ति नै घडी अर्को करणको घडी हुन्छ।

---

३४ *सूर्यसिद्धान्तः*, स्पष्टाधिकारः, श्लो.- ६७, ६८, ६९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

करणसारणी

शुक्लपक्ष			कृष्णपक्ष		
तिथि	पूर्वार्ध	उत्तरार्ध	पूर्वार्ध	उत्तरार्ध	तिथि
१. प्रतिपदा	किंस्तुघ्न	वव	बालव	कौलव	१. प्रतिपदा
२. द्वितीया	बालव	कौलव	तैतिल	गर	२. द्वितीया
३. तृतीया	तैतिल	गर	वणिज	विष्टि	३. तृतीया
४. चौथी	वणिज	विष्टि	वव	बालव	४. चौथी
५. पञ्चमी	वव	बालव	कौलव	तैतिल	५. पञ्चमी
६. षष्ठी	कौलव	तैतिल	गर	वणिज	६. षष्ठी
७. सप्तमी	गर	वणिज	विष्टि	वव	७. सप्तमी
८. अष्टमी	विष्टि	वव	बालव	कौलव	८. अष्टमी
९. नवमी	वालव	कौलव	तैतिल	गर	९. नवमी
१० दशमी	तैतिल	गर	वणिज	विष्टि	१०. दशमी
११. एकादशी	वणिज	विष्टि	वव	बालव	११. एकादशी
१२. द्वादशी	वव	बालव	कौलव	तैतिल	१२. द्वादशी
१३. त्रयोदशी	कौलव	तैतिल	गर	वणिज	१३. त्रयोदशी
१४. चतुर्दशी	गर	वणिज	विष्टि	शकुनि	१४. चतुर्दशी
१५. पूर्णिमा	विष्टि	वव	चतुष्पद	नाग	३०. औँसी

३.९.३. करणस्वामी

करण	**स्वामी**	**करण**	**स्वामी**
वव	इन्द्र	बालव	ब्रह्मा
कौलव	मित्र	तैतिल	सूर्य
गर	भूमी	वणिज	लक्ष्मी
विष्टि	यमराज	शकुनि	काल
चतुष्पद	वृषभ	नाग	सूर्य
किंस्तुघ्न	वायु		

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.९.४. भद्रापरिचय

विष्टिकरणकै अर्को नाम भद्रा हो। सातवटा चरकरणहरूमध्ये अन्तिम करण विष्टि हो। शुक्लपक्षको चतुर्थी, एकादशी, कृष्णपक्षको तृतीया र दशमी तिथिको उत्तरार्ध अनि शुक्लपक्षको अष्टमी, पूर्णिमा तथा कृष्णपक्षको सप्तमी एवं चतुर्दशी तिथिको पूर्वार्धमा विष्टिकरण अर्थात् भद्रा हुन्छ। चन्द्रस्पष्ट गर्दा नक्षत्रको भयात, भभोग साधन गरेजस्तै गरी तिथिको पनि भोग्यकाल र पूर्वार्ध, उत्तरार्ध भाग जानिन्छ । यसै गरी भद्रा पनि जान्न सकिन्छ।

शुक्ले पूर्वार्द्धेऽष्टमीपञ्चदश्योभद्रैकादश्यां चतुर्थ्यां परार्धे।
कृष्णेऽन्त्यार्धे स्याचृतीया-दशम्योः पूर्वे भागे सप्तमीशम्भुतिथ्योः ॥ [३५]

३.९.५. भद्रावासविशेष

कर्कट, सिंह, कुम्भ र मीन राशिहरूमा चन्द्रमा रहँदा भद्रा मर्त्यलोकमा हुन्छ। मेष, वृष, मिथुन र वृश्चिक राशिमा चन्द्रमा हुँदा भद्रा स्वर्गलोकमा रहन्छ। त्यस्तै कन्या, तुला, धनु र मकरमा चन्द्रमा हुँदा भद्राको वास पातालमा हुन्छ। भद्राले आफू बसेको ठाउँ वा लोकमा मात्र आफ्नो फल दिन सक्छ। त्यसैले कर्कट, सिंह, कुम्भ र मीन राशिको चन्द्रमा भएका बखतमा भद्राको वास मर्त्यलोकमा हुनेहुँदा उक्त अवस्थामा भद्रा अशुभ हुन्छ र बाँकी शु नै हुन्छ।

कुम्भकर्कद्वये मर्त्ये स्वर्गेऽब्जेऽजात्त्रयेऽलिगे।
स्त्रीधनुर्जूकनक्रेऽधो भद्रा तत्रैव तत् फलम् ॥ [३६]

३.१०. वारपरिचय

वारप्रवृत्तिको मूल आधार, काल पुरुषको खगौलिक अङ्गमा गतिमान् अनेकौं ग्रह तथा ताराहरू हुन्। तीमध्ये सूर्यादि सात ग्रहहरू मुख्य मानिएका छन्। आकाशमा सर्वाधिक दूरीमा शनि ग्रहको कक्षा छ। त्यसपछि क्रमैले बृहस्पति, मङ्गल, सूर्य, शुक्र र बुधको कक्षा छ। पृथ्वीको सर्वाधिक नजिकमा चन्द्रमाको कक्षा छ। अर्थात्, पृथ्वीदेखि सबैभन्दा टाढा शनिको कक्षा छ भने

---

३५ श्रीमद्रामदैवज्ञः, *मुहूर्तचिन्तामणि, पूर्ववत,* श्लो.- ४३।
३६ *पूर्ववत्,* श्लो.- ४५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको तल्लो भागमा बृहस्पतिको कक्षा छ र त्यसभन्दा नजिकमा मङ्गलको कक्षा छ, अनि अझ नजिक शुक्रको कक्षा छ। शुक्रभन्दा नजिकमा बुधको कक्षा छ र पृथ्वीको अत्यन्त नजिकमा चन्द्रमाको कक्षा छ। यसलाई अझ यसरी भनौं कि शनि, बृहस्पति, मङ्गल, सूर्य, शुक्र, बुध, चन्द्रमा यस्तो कक्षागत क्रम छ। कक्षागतदृष्टिले क्रमैले वार, होराका क्रममा छन् भने शनिको कक्षादेखि चौथो क्रममा रहेको ग्रह दिनाधिपति हुन्छ। अझ भनौं सूर्योदयदेखि २४ औँ होरा पार भएपछि अर्को सूर्योदय हुन्छ र वार पनि फेरिन्छ।

जस्तै- शनि, बृहस्पति, मङ्गल, सूर्य, शुक्र, बुध, चन्द्रमा यस्तो क्रम छ। यहाँ शनिदेखि नजिक चौथो ग्रहसम्म गणना गर्दा सूर्य भेटियो र पहिलो वार आदित्यवार अर्थात् आइतवार भयो। सूर्यदेखि चौथो ग्रहको वार सोमवार आयो। त्यसपछि सोमवारदेखि पुनः चौथो वार मङ्गलवार गनियो। यसै गरी सात वारको क्रम स्थापित गरिएको हो। यसरी आइतवार, सोमवार, मङ्गलवार, बुधवार, बृहस्पतिवार, शुक्रवार र शनिवार, यी सातवटा वारको गणनाक्रम भएको हो।

स्वल्पयातो बहून् भुङ्क्ते भगवाञ्छीतदीधितिः।
महत्या कक्षया गच्छँस्ततः स्वल्पं शनैश्चरः।
मन्दादधःक्रमेण स्युश्चतुर्था दिवसाधिपाः।
वर्षाधिपतयस्तद्वत्तृतीयश्च प्रकीर्तिताः॥
ऊर्ध्वक्रमेण शशिनो मासानामधिपाः स्मृताः।
होरेशाः सूर्यतनयादधोऽधः क्रमशस्तथा॥[३७]
रविः सोमस्तथा भौमो बुधो गीष्पतिरेव च।
शुक्रः शनैश्चरश्चैवं वाराः सप्त प्रकीर्तिताः॥[३८]

३.१०.१. वार र वर्ण

आइतवार रातो, सोमवार सेतो, मङ्गलवार रातो, बुधवार सेतो, बृहस्पतिवार पहेंलो, शुक्रवार सेतो वर्ण र शनिवार कालो वर्ण गरी फरक फरक वारका फरक फरक वर्ण मानिएका छन्। यी वारहरूमा जन्मेको मानिस अथवा यस दिन माल सामान चोर्ने मानिसको पनि वर्ण, वारको वर्णजस्तै हुने बताइएको छ। सामान चोरी भएको वारअनुसार चोरको वर्ण पहिल्याउन यसबाट पनि केही सहयोग मिल्दछ।

---

३७ *सूर्यसिद्धान्तः*, अध्यायः १२, श्लो.- ७८, ७९, ८०।
३८ दीनानाथ झा, *पञ्चाङ्गविज्ञानम्*, पूर्ववत्, पृ. ४, ५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१०.२. स्थिरादिसंज्ञा

आइतवार	स्थिर र ध्रुव
सोमवार	चर र चल
मङ्गलवार	उग्र र क्रूर
बुधवार	साधारण र मिश्र
बृहस्पतिवार	लघु र क्षिप्र
शुक्रवार	मृदु र मैत्र
शनिवार	दारुण र तीक्ष्ण

३.११. नक्षत्रपरिचय

कालपुरुषको अङ्गमा नक्षत्र-कक्षा २७ र राशि-कक्षा १२ छन् (३६०÷१२=३०, ३६०÷२७=१३ं २०, ३६०÷१०८=३ं २०)। ती कक्षाहरू पार गर्न चन्द्रमालाई २७ दिन लाग्छ। यसलाई नाक्षत्रमास भनिन्छ। चन्द्रमाले एक नक्षत्रलाई पार गर्न लाग्ने समय नै सम्बन्धित नक्षत्रको भोगघट्यादि मान हुन्छ।

३.११.१. अभिजित्परिचय

उत्तराषाढाको अन्तिम एक पाउ अर्थात् १५ घडी र श्रवण नक्षत्रको सुरुको १५ औँ अंश अर्थात् ४ घटी गरी जम्मा १९ घटीको मानलाई अभिजित् नक्षत्र भनिन्छ। अभिजित् सहित २८ नक्षत्र हुन्छन् भने अन्यथा २७ नक्षत्र हुन्छन्। कुनै कार्यविशेष बाहेक सामान्यतया अभिजित् नक्षत्रको छुट्टै अस्तित्व छैन। अतः नक्षत्रहरू २७ नै हुन्।

३.११.२. स्थिरादिसंज्ञा

सबै नक्षत्रहरू विभिन्न प्रकार, रूप र कारकका रूपमा परिभाषित हुन्छन्। तीमध्ये स्थिर, चर, लघु, मृदु, मिश्र, तीक्ष्ण र उग्रकारकत्वादि निवर्हमान नक्षत्र र तिनका कारकलाई यहाँ प्रस्तुत गरिएको छ।

रोहिणी, उ.फा., उ.षा., उ.भा.	स्थिर र ध्रुव
श्रवण, धनिष्ठा, शतभिषा, पुनर्वसु, स्वाती	चर र चल
अश्विनी, हस्त, अभिजित्, पुष्य	लघु र क्षिप्र
अनुराधा, रेवती, मृगशिरा, चित्रा	मृदु र मैत्र
कृतिका, विशाखा	साधारण र मिश्र
मूल, अश्लेषा, ज्येष्ठा, आर्द्रा	दारुण र तीक्ष्ण
मघा, भरणी, पू.फा., पू.षा., पू.भा.	उग्र र क्रूर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.११.३.तिर्यगादिसंज्ञा

मूल, अहि=अश्लेषा, मिश्र=कृत्तिका, विशाखा, उग्र=तीनपूर्वा, मघा, भरणी=अधोमुख, आर्द्रा, इज्य=पुष्य, हरित्रय=श्रवण, धनिष्ठा, शतभिषा, ध्रुव=तीनउत्तरा, रोहिणी=ऊर्ध्वमुख, मैत्र=मृगशिरा, रेवती, चित्रा, अनुराधा, कर=हस्त, अनिल=स्वाती, अदिति=पुनर्वसु, ज्येष्ठा, आश्विन=अश्विनी=तिर्यङ्मुख/पार्श्वमुख।

अधोमुखी नक्षत्रमा तडाग, कूप, वापी, गृहारम्भको जग खन्न, तपस्या गर्न, गुफा बस्न, गणित सिक्न आदि, ऊर्ध्वमुखी नक्षत्रमा प्रासाद, गृह, मठ, मन्दिर, बगैचा आदि निर्माण, वायुयान, वृक्षरोपण र राज्याभिषेकादि शुभकार्यका साथै तिर्यङ्मुखी नक्षत्रमा हात्ती, घोडामा यात्रा, यान, यातायातका साधनमा यात्रा तथा तिनको क्रय-विक्रय, चक्र, रथ, हलादि निर्माण, पुल, सडक आदि निर्माण कार्य आरम्भ गर्न शुभ हुन्छ।

मूलाहि-मिश्रोग्रमधोमुखं भवेदूर्ध्वास्यमार्द्रेज्य-हरित्रयं ध्रुवम्।
तिर्यङ्मुखं मैत्रकरानिलादिति-ज्येष्ठाश्विभानीद्वश-कृत्यमेषु सत्॥[३९]

३.११.४.नक्षत्रस्वामी

नक्षत्र	स्वामी	नक्षत्र	स्वामी
अश्विनी	अश्विनीकुमार	भरणी	यमराज
कृत्तिका	अग्नि	रोहिणी	बह्मा
मृगशिरा	चन्द्रमा	आर्द्रा	शिव
पुनर्वसु	अदिति	पुष्य	बृहस्पति
अश्लेषा	सर्प	मघा	पितृ
पूर्वाफा.	भग	उत्तराफा.	अर्यमा
हस्त	रवि	चित्रा	त्वष्टा
स्वाती	वायु	विशाखा	इन्द्राग्नि
अनुराधा	मित्र	ज्येष्ठा	इन्द्र
मूल	निर्ऋति	पूर्वाषाढा	जल
उत्तराषाढा	विश्वेदेव	अभिजित्~	ब्रह्मा
श्रवण	विष्णु	घनिष्ठा	वसु
शतभिषा	वरुण	पूर्वाभाद्रपदा	अजैकचरण
उत्तराभाद्रपदा	अहिर्बुध्न्य	रेवती	पूषा

३९ *मुहूर्तचिन्तामणिः,* नक्षत्रप्रकरणम्, श्लो.- ९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.११.५. पादपरिचय

सबै नक्षत्रका ४/४ पाउ हुन्छन्। चन्द्रमाले एक राशि पार गर्न जम्मा ९ पाउ पार गर्नुपर्ने हुन्छ र त्यही ९ पाउको नै एक राशि हुन्छ। एक राशिमा ३० अंश हुन्छ भने १२ राशिमा जम्मा (३०×१२=) ३६० अंश र २७ नक्षत्र हुन्छन्। चन्द्रमाले एक नक्षत्र भोग्न एक दिन लाग्छ भने एक राशि भोग्न सवा दुई दिन लाग्छ।

३.११.५.१. पादविभाजन

१. अश्विनी	– चु,	चे,	चो,	ला
२. भरणी	– ली,	लु,	ले,	लो
३. कृत्तिका	– अ,	इ,	उ,	ए
४. रोहिणी	– ओ,	वा,	वि,	वु
५. मृगशिरा	– वे,	वो,	का,	की
६. आर्द्रा	– कु,	घ,	ङ,	छ
७. पुनर्वसु	– के,	को,	हा,	ही
८. पुष्य	– हु,	हे,	हो,	हा
९. अश्लेषा	– डी,	डु,	डे,	डो
१०. मघा	– मा,	मी,	मु,	मे
११. पूर्वाफा.	– मो,	टा,	टी,	टु
१२. उत्तराफा.	– टे,	टो,	पा,	पी
१३. हस्त	– पु,	ष,	ण,	ठ
१४. चित्रा	– पे,	पो,	रा,	री
१५. स्वाती	– रू,	रे,	रो,	ता
१६. विशाखा	– ती,	तु,	ते,	तो
१७. अनुराधा	– ना,	नी,	नु,	ने
१८. ज्येष्ठा	– नो,	या,	यी,	यु
१९. मूल	– ये,	यो,	भा,	भी
२०. पूर्वाषाढा	– भू,	ध,	फा,	ढा
२१. उत्तराषाढा	– भे,	भो,	जा,	जी
२२. अभिजित्	– जु,	जे,	जो,	खा
२३. श्रवण	– खि,	खु,	खे,	खो
२४. धनिष्ठा	– गा,	गी,	गु,	गे
२५. शतभिषा	– गो,	सा,	सी,	सु
२६. पूर्वाभाद्रपदा	– से,	सो,	दा,	दी
२७. उत्तराभाद्रपदा	– दु,	थ,	झ,	ञ
२८. रेवती	– दे,	दो,	चा,	ची

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.११.५.२. पाद तथा राशिविभाग

क्र.सं.	राशि	पाउहरू		
१)	मेष	चु,चे,चो,ला,	ली,लु,ले,लो,	अ,
२)	वृष	इ,उ,ए,	ओ,वा,वी,वु,	वे,वो,
३)	मिथुन	का,की,	कु,घ,ङ,छ,	के,को,ह,
४)	कर्क	ही,	हु,हे,हो,डा,	डि,डु,डे,डो,
५)	सिंह	मा,मी,मु,मे,	मो,टा,टी,टु,	टे,
६)	कन्या	टो,पा,पी,	पु,ष,ण,ठ,	पे,पो,
७)	तुला	रा,री,	रु,रे,रो,ता,	ती,तु,ते,
८)	वृश्चिक	तो,	ना,नी,नु,ने,नो,या,यी,यू,	
९)	धनु	ये,यो,भा,भी,	भू,ध,फा,ढा,	भे,
१०)	मकर	भो,जा,जी,	खी,खु,खे,खो,	गा,गी,
११)	कुम्भ	गु,गे,	गो,सा,सी,सु,	से,सो,दा,
१२)	मीन	दी,	दु,थ,झ,ञ,	दे,दो,चा,ची,

३.११.६. नक्षत्रोक्तमुहूर्त

शिव, सार्प, मित्र, पितृ, वसु, अम्बु, विश्वेदेव, अभिजित्, ब्रह्मा, इन्द्र, इन्द्राग्नि, राक्षस, वरुण, अर्यमा र भग, यी १५ वटा मुहूर्तहरू दिनमा गणना गरिन्छन्। शिव, अजपात्, अहिर्बुध्न्य, पूषा, अश्विनीकुमार, यम, अनल, ब्रह्मा, चन्द्र, अदिति, जीव, विष्णु, सूर्य, त्वष्टा र समीर, यी १५ मुहूर्तहरू रात्रिमा व्यवहृत हुन्छन्।

३.१२. विष्कम्भादियोग तथा स्वामी

पञ्चाङ्गभित्र गणना गरिने योगमा विष्कम्भादि २७ वटा योगहरू पर्छन्। सूर्य र चन्द्रमाको संयोग तथा दूरीका आधारमा विष्कम्भादि योगहरूको घट्यादिमान निर्धारण गरिन्छ।[४०] तिनका स्वामी यसप्रकार रहेका छन् –

४० *पूर्ववत्*, पृ. ११, १२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योग	स्वामी	योग	स्वामी
विष्कम्भ	यम,	प्रीति	विष्णु,
आयुष्मान्	इन्दु,	सौभाग्य	ब्रह्मा,
शोभन	बृहस्पति,	अतिगण्ड	चन्द्र,
सुकर्मा	इन्द्र,	धृति	तोय,
शूल	सर्प,	गण्ड	अग्नि,
वृद्धि	अर्क,	ध्रुव	भूमि,
व्याघात	मरुत्,	हर्षण	भग,
वज्र	तोय,	सिद्धि	गणेश,
व्यतिपात	रुद्र,	वरीयान्	कुवेर,
परिघ	विश्वकर्मा,	शिव	मित्र,
सिद्ध	कार्तिकेय,	साध्य	सावित्री,
शुभ	लक्ष्मी,	शुक्ल	गौरी,
ब्रह्म	अश्विनीकुमार,	ऐन्द्र	पितृ,
वैधृति	दिति,		

३.१३. आनन्दादि योगोद्भव तथा अशुभयोग परिहार

नक्षत्र र वारको युति/योग भएर आनन्द आदि योग उद्‌भव हुन्छ। त्यसको केही विवरण यहाँ प्रस्तुत गरिएको छ। जस्तै– आइतवार अश्विनी नक्षत्रमा चन्द्रमाभ्रमण गर्दा **आनन्दयोग**, सोमवार मृगशिरा नक्षत्रमा चन्द्रमा हुँदा **कालदण्डयोग** आदिको उद्‌भव हुन्छ। ती योगहरू नामअनुसारकै फलदायक हुन्छन्। तीमध्ये कतिपय अशुभयोगको परिहार पनि बताइएको छ।

३.१३.१.आनन्दादि योगोद्‌भव

आइतवारको दिन अश्विनी नक्षत्र हुँदा आनन्दयोग हुन्छ र भरणी नक्षत्र हुँदा कालदण्डयोग हुन्छ भने कृत्तिका नक्षत्र भएमा धूम्रयोग हुन्छ। यसैगरी सोमवार मृगशिरा नक्षको संयोगले आनन्दयोग हुन्छ भने आर्द्रा नक्षत्र हुँदा कालदण्डयोग हुन्छ। यसैगरी अरू वारहरूमा पनि सबै योगहरू क्रमैले हुन्छन्। सरलतापूर्वक बुझ्नका लागि नामअनुसार शुभ अशुभफल समेतको तालिका प्रस्तुत छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्दादियोगहरू

संख्या		आइतवार	सोमवार	मङ्गलवार	बुधवार	बृहस्पतिवार	शुक्रवार	शनिवार	फल
१	आनन्द	अश्विनी	मृगशिरा	अश्लेषा	हस्त	अनुराधा	उ.षा.	शतभिषा	शुभ
२	कालदण्ड	भरणी	आर्द्रा	मघा	चित्रा	ज्येष्ठा	अभिजित	पूभा.	अशुभ
३	धूम्र	कृत्तिका	पुनर्वसु	पू.फा.	स्वाती	मूल	श्रवण	उ.भा.	अशुभ
४	धाता	रोहिणी	पुष्य	उ.फा.	विशखा	पू.षा.	धनिष्ठा	रेवती	शुभ
५	सौम्य	मृगशिरा	अश्लेषा	हस्त	अनुराधा	उ.षा.	शतभिषा	अश्विनी	शुभ
६	ध्वांक्ष	आर्द्रा	मघा	चित्रा	ज्येष्ठा	अभिजित्	पू.भा.	भरणी	अशुभ
७	ध्वज	पुनर्वसु	पू.फा.	स्वाती	मूल	श्रवण	उ.भा.	कृत्तिका	अशुभ
८	श्रीवत्स	पुष्य	उ.फा.	विशखा	पू.षा.	धनिष्ठा	रेवती	रोहिणी	शुभ
९	वज्र	अश्लेषा	हस्त	अनुराधा	उ.षा.	शतभिषा	अश्विनी	मृगशिरा	अशुभ
१०	मुद्गर	मघा	चित्रा	ज्येष्ठा	अभिजित्	पू.भा.	भरणी	आर्द्रा	अशुभ
११	छत्र	पूफा.	स्वाती	मूल	श्रवण	उ.भा.	कृत्तिका	पुनर्वसु	शुभ
१२	मित्र	उफा.	विशखा	पू.षा.	धनिष्ठा	रेवती	रोहिणी	पुष्य	शुभ
१३	मानस	हस्त	अनुराधा	उ.षा.	शतभिषा	अश्विनी	मृगशिरा	अश्लेषा	शुभ
१४	पद्म	चित्रा	ज्येष्ठा	अभिजित्	पू.भा.	भरणी	आर्द्रा	मघा	अशुभ
१५	लुम्ब	स्वाती	मूल	श्रवण	उभा.	कृत्तिका	पुनर्वसु	पू.फा.	अशुभ
१६	उत्पात	विशखा	पू.षा.	धनिष्ठा	रेवती	रोहिणी	पुष्य	उ.फा..	अशुभ
१७	मृत्यु	अनुराधा	उषा.	शतभिषा	अश्विनी	मृगशिरा	अश्लेषा	हस्त	अशुभ
१८	काण	ज्येष्ठा	अभिजित	पू.भा.	भरणी	आर्द्रा	मघा	चित्रा	अशुभ
१९	सिद्धि	मूल	श्रवण	उ.भा.	कृत्तिका	पुनर्वसु	पू.फा.	स्वाती	शुभ
२०	शुभ	पूषा.	धनिष्ठा	रेवती	रोहिणी	पुष्य	उ.फा..	विशखा	शुभ
२१	अमृत	उषा	शतभिषा	अश्विनी	मृगशिरा	अश्लेषा	हस्त	अनुराधा	शुभ
२२	मुसल	अभिजित	पू.भा.	भरणी	आर्द्रा	मघा	चित्रा	ज्येष्ठा	अशुभ
२३	गद	श्रवण	उ.भा	कृत्तिका	पुनर्वसु	पू.फा.	स्वाती	मूल	अशुभ
२४	मातङ्ग	धनिष्ठा	रेवती	रोहिणी	पुष्य	उ.फा.	विशखा	पूषा.	अशुभ
२५	राक्षस	शतभिषा	अश्विनी	मृगशिरा	अश्लेषा	हस्त	अनुराधा	उ.षा.	अशुभ
२६	चर	पूभा.	भरणी	आर्द्रा	मघा	चित्रा	ज्येष्ठा	अभिजित्	अशुभ
२७	स्थिर	उभा	कृत्तिका	पुनर्वसु	पू.फा.	स्वाती	मूल	.श्रवण	शुभ
२८	प्रवर्ध	रेवती	रोहिणी	पुष्य	उ.फा.	विशखा	पू.षा.	धनिष्ठा	शुभ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१३.२. अशुभयोग परिहार

आनन्दादि योगहरूमध्ये ध्वाङ्क्ष, वज्र र मुद्‌गर योगहरूमा सुरुको ५ घडी, पद्म र लुम्ब, यी योगहरूमा सुरु हुँदाको ४ घडी, गदयोगमा ७ घडी, धूम्रयोगमा १ घडी, काणयोग र मुसलयोगमा २ घडी जुनसुकै शुभकार्यका लागि पनि त्याज्य हुन्छ। आवश्यक पर्दा उक्त योगहरूका निर्धारित घडी छाडी आवश्यक कार्य सम्पादन गर्न सकिन्छ, तर रक्ष, मृत्यु, उत्पात र काल–योगहरूका सबै घडीहरू त्याज्य हुन्छन्। अर्थात्, कुनै आवश्यक काम गर्नु पर्ने दिन उपर्युक्त ध्वाङ्क्ष आदि ९ योगहरूमध्ये कुनै योग परेमा निर्धारित घडी छोडेर त्यसपछि कार्य सम्पन्न गर्न सकिन्छ, तर रक्ष, मृत्यु, उत्पात र काल यी चार योगहरू अत्यन्त अनिष्टकारक हुनाले यिनीहरूको परिहार पाइँदैन। त्यसैले यी चारै योगहरू सम्पूर्णतया त्याज्य छन्।

आनन्दाख्यः कालदण्डश्च धूम्रो, धाता सौम्यो ध्वाङ्क्षकेतू क्रमेण।
श्रीवत्साख्यो वज्रकं मुद्‌गरश्च, छत्रं मित्रं मानसं पद्‌मलुम्बौ॥
उत्पातमृत्यू किल काणसिद्धी, शुभोऽमृताख्यो मुसलो गदश्च।
मातङ्गरक्षश्चरसुस्थिराख्याः, प्रवर्धमानाः फलदाः स्वनाम्ना॥
ध्वाङ्क्षे वज्रे मुद्‌गरे चेषुनाड्यो वर्ज्या वेदाः पद्‌मलुम्बे गदेऽश्वाः॥
धूम्रे काणे मौसले भूर्द्वयं द्वे रक्षोमृत्यूत्पातकालाश्च सर्वे॥[४१]

३.१४. ग्रह, ग्रहकक्षा तथा ग्रहावस्थापरिचय

भौमादि पञ्चतारालाई पञ्चग्रह भनिन्छ। **गृह्णाति फलदातृत्वेन जीवान्** यस विग्रहका आधारमा राहु, केतु, सूर्य र चन्द्रलाई पनि ग्रह गनिएको छ। यद्यपि **गृह्णाति गतिविशेषान् वक्रानुवक्राकुटिलेति प्रभृतीन् इति विग्रहः**, यस विग्रहअनुसार भौमादि पाँचलाई नै ग्रह मानिएको छ। यो सैद्धान्तिक पक्ष र विषय हो। प्राच्य आचार्यहरू सूर्य, चन्द्रलाई प्रकाशक, भौमादि पाँच ग्रहहरूलाई प्रकाशित र राहु, केतुलाई तमोग्रह अर्थात् छायाग्रह भन्दछन्। त्यस बाहेकका अन्य ग्रहहरूका विषयमा अध्ययन भैरहेको छ।

---

४१ श्रीरामदैवज्ञः, *मुहूर्तचिन्तामणिः*, शुभाशुभप्रकरणम्, श्लो.– २३, २४, २६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१४.१. ग्रहकक्षा

ग्रह भ्रमण गर्ने मार्गलाई यहाँ कक्षा भनिएको छ। भूमण्डलमाथि चन्द्रकक्षा, तत्पश्चात् त्यसमाथि बुधकक्षा अनि त्यसभन्दा माथि क्रमशः शुक्र, सूर्य, मङ्गल, बृहस्पति, शनि अनि अन्य ग्रहहरू र त्यसमाथि नक्षत्रकक्षा छ। यसलाई भकक्षा पनि भनिन्छ।

भूपिण्डादूर्ध्वगा कक्षा चन्द्र–ज्ञ–कवि–सूर्यगाः।
कुजेज्यादिग्रहाणां तु सप्त कक्षास्ति खे स्थिता॥
अन्यापि कल्पिता याति ग्रहकक्षा यथा मता।
सर्वोपरि भकक्षास्ति इत्येवं मन्यते पुरा॥[४२]

३.१४.२. ग्रहावस्था

ग्रहका शयनादि द्वादशावस्था हुन्छन्। शयन, उपवेशन, नेत्रपाणि, प्रकाश, गमन, आगमन, सभा, आगम, भोजन, नृत्यलिप्सा, कौतुक र निद्रा, यी बाह्र अवस्थाहरूका नाम हुन्।

प्रथमं शयनं ज्ञेयं द्वितीयमुपवेशनम्
नेत्रपाणिः प्रकाशश्च गमनागमने ततः॥२२॥
सभायां च ततो ज्ञेया आगमो भोजनं तथा।
नृत्यलिप्सा कौतुकं च निद्रावस्था नभः सदा॥२३॥[४३]

३.१४.३. शयनाद्यवस्थाज्ञान

ग्रहहरूको शयनादि अवस्था ज्ञान गर्ने तरिका यसप्रकार बताइएको छ– ग्रहस्थित अश्विन्यादि नक्षत्र संख्याले सोही ग्रहसंख्यालाई गुणन गरेर फेरि सोही सम्बन्धित ग्रहको भुक्तांश (ग्रहस्पष्ट गर्दा निष्पन्न भएको) संख्याले गुणन गरी त्यसमा जन्म इष्टघटी, जन्मनक्षत्रसंख्या र जन्मलग्नराशि संख्या सबैलाई जोडी बाह्रले भाग गर्दा रहेको शेष सङ्ख्याका आधारमा सूर्यादि ग्रहको शयनादि अवस्था हुन्छ।

ग्रहर्क्षसंख्या खगमाननिघ्नी खेटांशसंख्या गुणिता ग्रहाणाम्।
निजेष्टजन्मर्क्षतनुप्रमाणैर्युतार्कतष्ट्या शयनाद्यवस्था॥२४॥

जस्तै– १ शेष रहेमा शयन अवस्था, २ शेष रहेमा उपवेश अवस्था इत्यादि।

---

४२ नागेन्द्र पाण्डेय, *खगोलपरिभाषा,* श्लो.– ११, १२।

४३ जीवनाथदैवज्ञः, *भावकुतूहलम्,* एकादशोऽध्यायः, श्लो.– १–३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उदाहरण– (क)

सूर्य बसेको नक्षत्र **स्वाती** त्यसको सङ्ख्या	१५
सूर्य ग्रहको संख्या	× १
	१५
सूर्यको गतांश (स्पष्ट गर्दा आएको अंश)	× ४
	६०
इष्टघटी	+ ४९
	१०९
जन्म नक्षत्र (हस्त) संख्या	+ १३
	१२२
लग्नस्थित राशि सङ्ख्या	+ ५
	१२) १२७ (१०
	१२०
	७ शेष।

उदाहरण– (ख)

चन्द्रस्थित नक्षत्र (हस्त) संख्या	१३
चन्द्रमाको संख्या	× २
	२६
चन्द्रमाको गतांश	× १७
	४४२
इष्टघटी	+ ४९
जन्म नक्षत्र (हस्त) संख्या	+ १३
	१२२
लग्नस्थित राशि संख्या	+ ५
	१२) ५०९ (४२
	५०४
	५ शेष।

शयन आदि क्रमले सातौं क्रममा आगम अवस्था उल्लिखित छ। अतः ७ शेष रहेकाले सूर्य आगम अवस्थामा विद्यमान रहेको मानियो।

५ शेष रहेकाले चन्द्रमा गमन अवस्था छ। यही क्रम र तरिकाले अरू पनि सबै ग्रहहरूको शयन आदि अवस्था ज्ञात गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१४.४. बालाद्यवस्था

ग्रहहरूको बालादि अवस्था यसप्रकार बताइएको छ– विषम राशिमा स्थित प्रत्येक ग्रहका ६/६ अंशका क्रमले बालादि अवस्था हुन्छन्।

जस्तै– पहिलो ६ अंशसम्म बालावस्था, दोस्रो ६ अंशसम्म कुमार अवस्था, तेस्रो ६ अंशसम्म युवा अवस्था, चौथो ६ अंशसम्म वृद्ध अवस्था, पाँचौं ६ अंशसम्म मृत्यु अवस्था हुन्छ अर्थात् विषम राशिस्थित ग्रह ६ अंशसम्म बालावस्था, १२ अंशसम्म कुमार अवस्था, १८ अंशसम्म युवा अवस्था, २४ अंशसम्म वृद्ध अवस्था, २४ देखि ३० अंशसम्म मृत अवस्थामा रहेको हुन्छ।

सम राशिस्थित ग्रहका हकमा ठीक विपरीत हुन्छ। अर्थात्, प्रथम ६ अंशसम्म मृत्यु अवस्था, १२ अंशसम्म वृद्ध, १८ अंशसम्म युवा, २४ अंशसम्म कुमार र २४ देखि ३० अंशसम्म बाल अवस्थामा ग्रह विद्यमान रहन्छन्। बाल अवस्थामा स्थित ग्रहले थोरै मात्र फल दिन्छ, कुमार अवस्थामा स्थित ग्रहले आधा फल दिन्छ, युवा अवस्थामा स्थित ग्रहले सम्पूर्ण फल दिन्छ र वृद्धमा अनिष्ट फल र मृत अवस्थामा स्थित ग्रहले मृत्यु नै दिन्छ।

बालो रसांशैरसमे प्रदिष्टस्ततः कुमारो हि युवाऽथ वृद्धः।
मृतः क्रमादुत्क्रमतः समर्क्षे बालाद्यवस्थाः कथिता ग्रहाणाम्॥
फलं तु किञ्चिद्वितनोति बालश्चार्द्धं कुमारः प्रयतेन पुंसाम्।
युवा समग्रं खचरोऽथ वृद्धः फलं च दुष्टं मरणं मृताख्यः॥[४४]

३.१४.५.दीप्ताद्यवस्था

ग्रहहरूको दीप्तादि अवस्था यसप्रकार बताइएको छ– आफ्नो उच्चराशिस्थ ग्रह दीप्त अवस्थामा विद्यमान हुन्छ, आफ्नो राशि (स्वगृह) मा स्थित ग्रह स्वस्थ, मित्रराशिस्थ ग्रह हर्षित, शुभग्रहको राशि र नवांशादि वर्गमा स्थित ग्रह शान्त, दीप्तदीधितियुक्त ग्रह अतिशस्त, अस्त ग्रह लुप्त, नीच राशिस्थ ग्रह दीन, पाप ग्रहको राशि र शत्रु ग्रहको राशिमा स्थित हुँदा ग्रह पीडित अवस्थामा हुन्छ। यसरी ग्रहका दीप्तादि ८ प्रकारका अवस्थाहरू छन्।

उच्चे दीप्तः स्वभे स्वस्थो मित्रभे हर्षितो भवेत्।
शान्तः शोभनवर्गस्थोऽतिशस्तो दीप्तदीधितिः॥२६॥
लुप्तास्ते नीचभे दीनः पीडितः पापशत्रुभे।
एवमष्टौ नभोगानां भावा दीप्तादिभेदतः॥२७॥[४५]

---

४४ **पूर्ववत्**, अ. १३, श्लो.– १, २।

४५ **पूर्ववत्**, श्लो.– ३, ४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१५. अष्टकूट

विवाहादि गर्ने प्रसङ्गमा वर–वधूको नाम–नक्षत्रका आधारमा मिलान गरिने वर्ण, वश्य, तारा आदिको समूहलाई अष्टकूट भनिन्छ। यिनीहरूमा क्रमशः उत्तरोत्तर १/१ गुण अधिक हुन्छ अर्थात् वर्णको १ गुण, वश्यको २ गुण, ताराको ३ गुण, योनिको ४ गुण, ग्रहमैत्रीको ५ गुण, गणको ६ गुण, भकूटको ७ गुण र नाडीको ८ गुण हुन्छ । यसरी (१+२+३+४+५+६+७+८=) ३६ गुण हुन्छ। ती मध्ये १८ भन्दा अधिक गुण निस्केमा विवाहयोग्य मानिन्छ। उत्तरोत्तर जति बढी गुण हुन्छ त्यति नै विवाह उत्तमोत्तम मानिन्छ। यिनको विस्तृत विवरण तल दिइएको छ।

३.१५.१. वर्णकूट

मीन, वृश्चिक र कर्क, यी तीन राशिहरू ब्राह्मण वर्णका मानिन्छन्। मेष, धनु, सिंह यी राशिहरू क्षत्रिय वर्ण, वृष, मकर, कन्या राशिहरू वैश्य वर्ण र मिथुन, कुम्भ तथा तुला राशिहरू शूद्रवर्ण ठानिन्छन्। वरको वर्णभन्दा कन्याको वर्ण अधिक श्रेष्ठ भएमा वरका लागि कल्याणकारी मानिँदैन अर्थात् कन्याको वर्णभन्दा वरको वर्ण उत्तम अथवा समान भएमा विवाह मङ्गलकारी मानिन्छ।

द्विजा झषालिकर्कट्यस्ततो नृपा विशोऽङ्घ्रिजाः ।
वरस्य वर्णतोऽधिका वधूर्न शस्यते बुधैः ॥२१॥[४६]

राशि–वर्णबोधक सारणी

ब्राह्मण	क्षत्रिय	वैश्य	शूद्र
मीन,कर्क,वृश्चिक	मेष, सिंह, धनु	वृष, कन्या, मकर	मिथुन तुला, कुम्भ

४६ **पूर्ववत्,** श्लो.– २२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ण–गुणबोधक सारणी

		वर			
		ब्राह्मण	क्षत्रिय	वैश्य	शूद्र
कन्या	ब्राह्मण	१	०	०	०
	क्षत्रिय	१	१	०	०
	वैश्य	१	१	१	०
	शूद्र	१	१	१	१

३.१५.२.वश्यकूट

सिंह राशि बाहेक सबै राशिहरू (मेष, वृष, कर्क, वृश्चिक, धनुको उत्तरार्ध, मकर, कुम्भ, मीन) मनुष्य राशि (मिथुन, कन्या, तुला, धनको पूवार्ध) को वश्य (वशमा हुन्छन् र उपर्युक्त राशिहरूमध्ये जलचर (कर्क, मकर, कुम्भ, मीन) राशिहरू मनुष्य राशिको भक्ष्य पनि हुन्छन्। वृश्चिक राशिलाई छोडेर सबै (१, २, ३, ४, ६, ७, ९, १०, ११, १२) राशिहरू सिंह राशिको वश्य– वशमा रहने भनिन्छ। वैवाहिक प्रसङ्गमा वरका लागि कन्या वश्य भक्ष्य उचित ठानिन्छ।

हित्वा मृगेन्द्रं नरराशिवश्याः सर्वे तथैषा जलजास्तु भक्ष्याः।
सर्वेऽपि सिंहस्य वशे विनालिं ज्ञेयं नराणां व्यवहारतोऽन्यत्॥[४७]

वश्य–गुणबोधक सारणी

		वर				
		द्विपद	चतुष्पद	जलचर	सिंह	वृश्चिक
कन्या	द्विपद	२	१	॥	०	१
	चतुष्पद	१	२	१	०	१
	जलचर	॥	१	२	१	१
	सिंह	०	०	१	२	०
	वृश्चिक	१	१	१	०	२

४७ पूर्ववत्, श्लो.– २३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१५.३. ताराकूट

कन्याको नक्षत्रदेखि वरको नक्षत्रसम्म र वरको नक्षत्रदेखि कन्याको नक्षत्रसम्म अलगग गन्नु र ती दुबै संख्यालाई पृथक् पृथक् ९ ले भाग दिँदा ३, ५, ७ शेष रहेमा तारा अशुभ र १, २, ४, ६, ८, ९ शेष रहेमा तारा शुभ मानिन्छ।

कन्यर्क्षाद्वरभं यावत् कन्याभं वरभादपि।
गणयेन्नवहृच्छेषे त्रिष्वाद्रिभमसत्स्मृतम् ॥३१॥[४८]

ताराहरूको नाम यस प्रकार छ– जन्म, सम्पत्, विपद्, क्षेम– कल्याण, प्रत्यरि– शत्रु, साधक, वध– मृत्यु, मित्र र अतिमित्र, यी ९ ताराहरूले आ–आफ्ना नाम अनुसार फल दिन्छन्।

जन्माख्यसम्पद्विपदः क्षेमप्रत्यरिसाधकाः।
वधमैत्रातिमैत्राः स्युस्तारा नामसदृक्फलाः ॥३२॥[४९]

तारा–गुणबोधक सारणी

वर

		१	२	३	४	५	६	७	८	९
कन्या	१	३	३	१॥	३	१॥	३	१॥	३	३
	२	३	३	१॥	३	१॥	३	१॥	३	३
	३	१॥	१॥	०	१॥	०	१॥	०	१॥	१॥
	४	३	३	१॥	३	१॥	३	१॥	३	३
	५	१॥	१॥	०	१॥	०	१॥	०	१॥	१॥
	६	३	३	१॥	३	१॥	३	१॥	३	३
	७	१॥	१॥	०	१॥	०	१॥	०	१॥	१॥
	८	३	३	१॥	३	१॥	३	१॥	३	३
	९	३	३	१॥	३	१॥	३	१॥	३	३

---

४८ **पूर्ववत्,** श्लो.– २४।
४९ **पूर्ववत्,** गोचरप्रकरणम्, श्लो.– १२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१५.४. योनिकूट तथा योनिवैर

वर-वधूको विवाहादिमा योनिकूट पनि मिलान गर्नुपर्छ। त्यसमा वैरयोनि पार्न हुँदैन। त्यसैले योनिका प्रकार र वैरयोनि यहाँ प्रस्तुत गरिएको छ।

३.१५.४.१. योनिकूट

अश्विनी र शतभिषा नक्षत्रको अश्वयोनि, स्वाती र हस्तको महिषयोनि, धनिष्ठा र पूर्वाभाद्रपदाको सिंहयोनि, भरणी र रेवतीको गज, पुष्य र कृत्तिकाको मेष, श्रवण र पूर्वाषाढाको वानर, उत्तराषाढा र अभिजित्को नकुल, रोहिणी र मृगशिराको सर्प, ज्येष्ठा र अनुराधाको मृग, मूल र आर्द्राको श्वान, पुनर्वसु र अश्लेषाको मार्जार, मघा र पूर्वाफाल्गुनीको मूषक, विशाखा र चित्राको व्याघ्र तथा उत्तराभाद्रपदा र उत्तराफाल्गुनीको गोयोनि हुन्छ।

अश्विन्यम्बुपयोर्हयो निगदितः स्वात्यर्कयोः कासरः।
सिंहो वस्वजपादभयोः समुदितो याम्यान्त्ययोः कुञ्जरः॥
मेषो देवपुरोहितानलभयोः कर्णाम्बुनोर्वानरः।
स्वाद् वैश्वाभिजितोस्तथैव नकुलश्चान्द्राब्जयोन्योरिहः ॥३३॥
ज्येष्ठामैत्रभयोः कुरङ्ग उदितो मूलार्द्रयोः श्वा तथा।
मार्जारोऽदितिसार्पयोरथ मघायोन्योस्तथैवोन्दुरुः॥
व्याघ्रो द्वीशभचित्रयोरपि च गौरर्यम्णबुध्न्यर्क्षयो-
र्योनिः पादगयोः परस्परमहावैरं भयोन्योस्त्यजेत् ॥३४॥[५०]

३.१५.४.२.योनिवैर

गो र व्याघ्र, गज र सिंह, अश्व र महिष, श्वान र मृग, सर्प र नकुल, वानर र मेष, मूषक र मार्जार यी आपसमा शत्रु हुन्। स्त्री-पुरुष, राजा-सेवक, आदिमा शत्रुयोनि परित्याग गर्नुपर्छ।

गोव्याघ्रं गजसिंहमश्वमहिषं श्वैणं च वभ्रूरगं
वैरं वानरमेषयोश्च सुमहत्तद्वद्बिडालोन्दुरुः॥
लोकानां व्यवहारतोऽन्यदपि तज्ज्ञात्वा प्रयत्नादिदं
दम्पत्योर्नृपभृत्ययोरपि सदा वर्ज्यं शुभस्यार्थिभिः ॥३५॥[५१]

---

५० **श्रीरामदैवज्ञ, मुहूर्तचिन्तामणि,** विवाहप्रकरण, श्लो.- २५, २६।

५१ नागेन्द्र पाण्डेय, *बृहदवहकडाचक्रम्,* विवाहप्रकरणम्, श्लो.- २३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१५.५.ग्रहमैत्री तथा ग्रहगुणविचार

सूर्यका चन्द्र, मङ्गल, गुरु, मित्र, बुध सम र शुक्र, शनि शत्रु हुन्छन्। चन्द्रमाका सूर्य, बुध मित्र र अरू सम हुन्छन्। मङ्गलका सूर्य, चन्द्र, बृहस्पति मित्र, शुक्र, शनि सम र बुध शत्रु छन्। बुधका शुक्र, सूर्य मित्र, मङ्गल, बृहस्पति, शनि सम र चन्द्रमा शत्रु मानिन्छन्। बृहस्पतिका सूर्य, चन्द्र, मङ्गल मित्र, शनि सम र बुध, शुक्र शत्रु छन्। शुक्रका बुध, शनि मित्र, मङ्गल, गुरु सम र सूर्य, चन्द्र शत्रु हुन् र शनिका बुध, शुक्र मित्र, बृहस्पति सम, सूर्य, चन्द्र, मङ्गल शत्रु हुन्छन्।

चन्द्रेज्यक्षितिजा रवीन्दुतनयौ गुर्विन्दुसूर्याः क्रमा–
च्छुक्रार्कौ रविचन्द्रभूमितनया ज्ञार्की सितज्ञौ मताः।
अर्कादेः सुहृदः समा अथ बुधः सर्वे हि शुक्रार्कजौ।
भौमाचार्ययमा यमः कुजगुरू पूज्यः परे वैरिणः॥३६॥[५२]

ग्रहमैत्रीचक्र

सूर्य	चन्द्र	मङ्गल	बुधः	गुरु	शुक्र	शनि	
च मं बृ	सू बु	सू च बृ	सू शु	सू च मं	बु श	बु शु	**मित्र**
बु	मं बृ शु श	शु श	म बृ श	श	मं बृ	बृ	**सम**
शु श	×	बु	च	बु शु	सू च	सू च मं	**शत्रु**
सिंह	कर्क	मे.वृश्चि.	मिथु.कन्या	धनु मीन	वृष तुला	मक.कुम्भ	**ग्रहराशि**

३.१५.५.१.ग्रहगुणविचार

वरकन्या दुबैको राशिस्वामी एउटै ग्रह भएमा अथवा दुबैका राशिस्वामी आपसमा मित्र भएमा ५ गुण, सम र शत्रु भएमा आधा (१/२) गुण, सम र मित्र भएमा ४ गुण, मित्र र शत्रु भएमा १ गुण, दुबै आपसमा सम भएमा ३ गुण र दुबै परम्परमा शत्रु भएमा शून्य (०) गुण हुन्छ।

एकेशोभयमित्रयोः शरमिता अर्धं समारातिके
चत्वारः सममित्रके रिपुहिते भूमिद्वर्युदासे त्रयः।
ना देवो मनुजा वधूरिह रसास्तद्वैपरीत्ये शराः
षट्साम्येऽस्रपपूरुषः सुरवधूरत्रैकको़ऽन्यत्र खम्॥३७॥[५३]

---

५२ गणेशदैवज्ञः, *जातकालङ्कारः*, संज्ञाध्यायः, श्लो.– १०।

५३ नारायणदैवज्ञः, *मुहूर्तमार्तण्डः*, विवाहप्रकरणम्, श्लो.– ११।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहमैत्री–गुणबोधक सारणी

वर

		सूर्य	चन्द्र	भौम	बुध	गुरु	शुक्र	शनि
कन्या	सूर्य	५	५	५	४	५	०	०
	चन्द्र	५	५	४	१	४	॥	॥
	भौम	५	४	५	॥	५	३	॥
	बुध	४	१	॥	५	॥	५	४
	गुरु	५	४	५	॥	५	॥	३
	शुक्र	०	॥	३	५	॥	५	५
	शनि	०	॥	॥	४	३	५	५

३.१५.६.गणकूट तथा गणफल

देव, मनुष्य र राक्षस यी ३ प्रकारका गण हुन्छन् । तीमध्ये वैरगण/परस्परशत्रुगण पार्न हुँदैन । त्यसैले गण र तिनको फल यहाँ प्रस्तुत गरिएको छ।

३.१५.६.१. गणकूट

अश्विनी, मृगशिरा, रेवती हस्त, पुष्य, पुनर्वसु, अनुराधा, श्रवण र स्वाती, यी ९ नक्षत्र देवगण हुन् । पूर्वाफाल्गुनी, पूर्वाषाढा, पूर्वाभाद्रपदा, उत्तराभाद्रपदा, उत्तराषाढा, उत्तराफाल्गुनी, आर्द्रा, रोहिणी र भरणी, यी ९ नक्षत्र मनुष्यगण हुन् । कृतिका, मघा, अश्लेषा, विशाखा, शतभिषा, चित्रा, ज्येष्ठा, धनिष्ठा र मूल, यी ९ नक्षत्र राक्षसगण हुन् ।

अश्विनीमृगरेवत्यो हस्तपुष्ये पुनर्वसुः ।
अनुराधा श्रुतिः स्वाती कथितो देवतागणः ॥३८॥
तिस्रः पूर्वाश्चोत्तराश्च तिस्रोऽप्यार्द्रा च रोहिणी
भरणी च मनुष्याख्यो गणश्च कथितो बुधैः ॥३९॥
कृत्तिका च मघाऽश्लेषा विशाखा शततारका ।
चित्रा ज्येष्ठा धनिष्ठा च मूलं रक्षोगणः स्मृतः ॥४०॥[५४]

---

५४ नागेन्द्र पाण्डेय, *बृहदवहकडाचक्रम्,* श्लो.– २६–२८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१५.६.२. गणफल

एउटै गण भएका वर-कन्यामा अत्युत्तम प्रेम हुन्छ। देवगण र मनुष्यगणमा विवाह भएमा मध्यम प्रेम हुन्छ। राक्षसगण र मनुष्यगणमा विवाह हुँदा मृत्यु तथा राक्षसगण र देवगणमा विवाह भएमा वर-कन्यामा कलह हुन्छ।

स्वगणे परमा प्रीतिर्मध्यमा देवमर्त्ययोः
मर्त्यराक्षसयोर्मृत्युः कलहो देवरक्षसाम् ॥४१॥ [५५]

गणमैत्री-गुणबोधक सारणी

वर

		अनु, पुन., पुष्य, मृग, स्वती, श्रव. रेव. अश्वि. हस्त	३ पूर्वा, ३ उत्तरा, रोहिणी, भरणी, आर्द्रा	मघा, अश्वि. धनि. ज्ये. मूल, शत, कृ. चि. विशाखा
		देव	मनुष्य	राक्षस
कन्या	देव	६	५	१
	मनुष्य	६	६	०
	राक्षस	०	०	६

३.१५.७. भकूट

वर-कन्याको राशि आपसमा ६/८ भएमा विवाह मृत्युकारक हुन्छ। ९/५ भएमा सन्तान हानि, २/१२ हुँदा दम्पती निर्धन हुन्छन्। अन्यत्र (अर्थात् समसप्तक ५/११, ४/१० यी) शुभ हुन्छन्।

मृत्युः षष्ठाष्टके ज्ञेयाऽपत्यहानिर्नवात्मजे।
द्विर्द्वादशे निर्धनत्वं द्वयोरन्यत्र सौख्यकृत् ॥४२॥ [५६]

---

५५ पूर्ववत्, श्लो.- २९।

५६ श्रीरामदैवज्ञ, *मुहूर्तचिन्तामणि*, पूर्ववत्, श्लो.- ३१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१५.८. नाडीकूट

ज्येष्ठा, आर्द्रा, उत्तराफाल्गुनी र शतभिषा यी नक्षत्रबाट दुई दुई नक्षत्र अर्थात् ज्येष्ठा, मूल, आर्द्रा, पुनर्वसु, उत्तराफाल्गुनी, हस्त, शतभिषा, पूर्वाभाद्रपदा र अश्विनी नक्षत्रको आद्य नाडी हुन्छ।

पुष्य, मृगशिरा, चित्रा, अनुराधा, .भरणी धनिष्ठा, पूर्वाषाढा, पूर्वाफाल्गुनी, उत्तराभाद्रपदा, यी ९ नक्षत्रको मध्यनाडी हुन्छ।

स्वाती, कृत्तिका, अश्लेषा, उत्तराषाढाबाट दुई–दुई नक्षत्र अर्थात् स्वाती, विशाखा, कृतिका, रोहिणी, अश्लेषा, मघा, उत्तराषाढा, श्रवण र रेवती, यी ९ नक्षत्रको अन्त्यनाडी हुन्छ। वरवधूका एउटै नाडी भएमा अशुभ हुन्छ र दुबैको मध्यनाडी भएमा मृत्युकारक हुन्छ।

ज्येष्ठार्यम्णेशनीराधिपभयुगयुगं दास्रभं चैकनाडी
पुष्येन्दुत्वाष्ट्रमित्रान्तकवसुजलभं योनिबुध्न्ये च मध्या।
वाय्वग्निर्व्यालविश्वोडुयुगयुगमथो पौष्णभं चापरा स्याद्
दम्पत्योरेकनाड्यां परिणयनमसन्मध्यनाड्यां हि मृत्युः ॥४३॥ [५७]

नाडी–गुणबोधक सारणी

वर

	आर्द्रा, पुन. उफा. हस्त, ज्ये. मूल, शत.पूभा. अश्वि.	भरणी, मृग, पुष्य, पूफा. चित्रा, अनु. पूषा. धनि. उभा.	कृ. रो. अश्ले. मघा, स्वाती, विश. उषा. श्रवण, रोवती
	आदि	मध्य	अन्त्य
आदि	०	८	८
मध्य	८	०	८
अन्त्य	८	८	०

---

५७ पूर्ववत्, श्लो.– ३४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१५.९. वर्गकूट तथा भेद

अ, क, च, ट, प, य, श आदि आठ वर्गका गरुड, मार्जार आदि आठवटा वर्ग हुन्छन्। विवाहादि कर्म गर्नका लागि नाम नक्षत्र जुराउँदा वर-वधूको परस्पर शत्रुवर्ग पर्न हुँदैन। ती वर्ग र तिनका भेदलाई सारणीमा प्रस्तुत गरिएको।

३.१५.९.१. वर्गकूटसारणी

अ वर्ग – अ इ उ ऋ ए ओ – का स्वामी गरुड,
क वर्ग – क ख ग घ ङ – का स्वामी मार्जार,
च वर्ग – च छ ज झ ञ – का स्वामी सिंह
ट वर्ग – ट ठ ड ढ ण – का स्वामी श्वान,
त वर्ग – त थ द ध न – का स्वामी सर्प,
प वर्ग – प फ ब भ म – का स्वामी मूषक,
य वर्ग – य र ल व – (अन्तःस्थ) का स्वामी मृग,
श वर्ग – श ष स ह – (ऊष्म) को स्वामी मेष हुन्छ।

अकचटतपयशवर्गाः खगेश–मार्जार–सिंह–शुनाम्।
सर्पाऽऽखुमृगावीनां निजपञ्चमवैरिणामष्टौ ॥४४॥[५८]

३.१५.९.२. वर्गभेद

आफ्नो वर्गदेखि पाँचौं वर्ग शत्रु,, चौथो वर्ग मित्र र तेस्रो वर्ग उदासीन (सम) हुन्छ। यसरी वर्गभेदलाई तीन भागमा विभाजित गरिएको छ।

स्ववर्गात् पञ्चमः शत्रुश्चतुर्थो मित्रसंज्ञकः।
उदासीनस्तृतीयः स्याद्वर्गभेदस्त्रिधोच्यते ॥४५॥[५९]

गण र नाडीदोष नरहने परिस्थिति–

१) कन्या तथा वर दुबै जनाको राशि एउटै र नक्षत्र फरक भएमा,
२) दुबैको नक्षत्र एउटै र राशि फरक भएमा,
३) दुबैको नक्षत्र एउटै चरण परक भएमा,

---

५८ नागेन्द्र पाण्डेय, **पूर्ववत्,** श्लो.– ३७।
५९ **पूर्ववत्,** श्लो.– ३८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह गर्ने प्रसङ्गमा माथिका मध्ये कुनै पनि अवस्थामा गण तथा नाडीदोष लाग्दैन, तर नक्षत्र र चरण दुबै जनाको एउटै परेमा विवाह गर्नु उत्तम हुँदैन। वरको नक्षत्रदेखि कन्याको नक्षत्र दोस्रो परेमा उत्तम मानिँदैन।

राश्यैके चेद्भिन्नमृक्षं द्वयोः स्यान्नक्षत्रैक्ये राशियुग्मं तथैव।
नाडीदोषो नो गाणानां च दोषो नक्षत्रैक्ये पादभेदे शुभं स्यात्॥[६०]
एकांशकलेऽपि समप्रभावान्न भर्तृभार्या व्यवहारसिद्धिः॥[६१]

३.१६. घातविचार

राजसेवा, विवाह, विवाद, मुद्दा, शास्त्रार्थ, युद्ध आदिमा घातचन्द्र वर्जित हुन्छ। घातनक्षत्रका निश्चित घातचरणहरू, घाततिथि, घातवारहरू र घातनक्षत्र यात्रामा त्याज्य मानिन्छन्। ती सबैको विवरण यहाँ प्रस्तुत गरिएको छ।

३.१६.१. घातचन्द्र तथा त्याज्य चरण

राजकाज, शास्त्रार्थादिमा घातचन्द्र त्याज्य हुन्छ। त्यसकारण घातचन्द्र र आवश्यकतानुसार त्यसको परिहार आदिका विषयमा तल स्पष्ट पारिएको छ।

३.१६.१.१. घातचन्द्र

मेषादि राशिहरूका क्रमले पहिलो, पाँचौं, नवौं, दोस्रो, छैठौं, दसौं, तेस्रो, सातौं, चौथो, आठौं, एघारौं र बाह्रौं राशिहरू घात हुन्छन्। अर्थात्, मेष राशिका लागि (प्रथम) मेषकै चन्द्रमा घात हुन्छ। त्यसैगरी वृष राशिका लागि (वृषदेखि पाँचौं) कन्या राशि घात, मिथुनका लागि (नवौं), कुम्भ, कर्कको (दोस्रो) सिह, सिंहको (छैठौं) मकर, कन्याको (दसौं) मिथुन, तुलाको (तेस्रो) धनु, वृश्चिकको (सातौं) वृष, धनुको (चौथो) मीन, मकरको (आठौं) सिंह कुम्भको एघारौं धनु र मीन राशिका लागि (मीनदेखि बाह्रौं) कुम्भ राशि घात हुन्छ। राजसेवा, विवाह, विवाद, मुद्दा, शास्त्रार्थ, युद्ध आदिमा घातचन्द्र वर्जित हुन्छ।

भूपञ्चाङ्कद्व्यङ्गदिग्वह्निसप्तवेदाष्टेशार्काश्च घाताख्यचन्द्रः।
मेषादीनां राजसेवाविवाहे वर्ज्यो युद्धाद्ये च नान्यत्र वर्ज्यः॥४६॥ [६२]

६०. **मुहूर्तचिन्तामणिः**, विवाहप्रकरणम्- ६, श्लो. ३५।
६१.केशव, **विवाहवृन्दावन**, ३। ५॥
६२ श्रीमद्रामदैवज्ञः, ***मुहूर्तचिन्तामणि***, यात्राप्रकरणम्, श्लो.- २७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१६.१.२. घातचन्द्रमा त्याज्यचरण

मेष राशिका लागि कृत्तिकाको प्रथम चरण घात हुन्छ। वृष राशिका लागि चित्रा- दोस्रो चरण, मिथुन राशिको शतभिषा- तेस्रो चरण, कर्कका लागि मघा- तेस्रो चरण, सिहंको धनिष्ठा- पहिलो चरण, कन्याको आर्द्रा- तेस्रो चरण, तुलाको मूल- दोस्रो चरण, वृश्चिकको रोहिणी- चौथो चरण, धनुको पूर्वषाढा- तेस्रो चरण, मकरको मघा- चौथो चरण, कुम्भको मूल- चौथो चरण र मीन राशिका लागि पूर्वभाद्रपदा नक्षत्रको तेस्रो चरण घात हुन्छ। यी नक्षत्रका उक्त चरणहरू सम्बन्धित राशि भएका व्यक्तिका लागि यात्रामा त्याज्य मानिन्छन्।

आग्नेयत्वाष्ट्रजलपपित्र्यवासवरौद्रभे।
मूलब्राह्माजपादर्क्षे पित्र्यमूलाजभे क्रमात् ॥४७॥
रूपद्व्यग्न्यग्निभूरामद्व्यब्ध्यग्न्यब्धियुगाग्नयः।
घातचन्द्रे धिष्ण्यपादा मेषाद्वर्ज्या मनीषिभिः ॥४८॥[६३]

३.१६.२. घाततिथि

वृष, कन्या र मीन राशिका लागि पूर्णा- ५, १०, १५ तिथि, मिथुन र कर्क राशिका लागि भद्रा- २, ७, १२ तिथि, वृश्चिक र मेषका लागि नन्दा- १, ६, ११ तिथि, मकर र तुलाको रिक्ता- ४, ९, १४ तिथि, अनि धनु, कुम्भ र सिंह राशिका लागि जया- ३, ८, १३ तिथि घात हुन्छन्। घात तिथिमा यात्रा उत्तम मानिँदैन।

गोस्त्रीझषे घाततिथिस्तु पूर्णा भद्रा नृयुक्कर्कटकेऽथ नन्दा।
कौर्प्याजियोर्नक्रधटे च रिक्ता जया धनुः कुम्भहरौ न शस्ताः ॥ [६४]

३.१६.३. घातवार

मकर राशिका लागि मङ्गलवार, वृष, सिंह र कन्या राशिका लागि शनिवार, मिथुन राशिको सोमवार, मेषको रविवार, कर्कको बुधवार, धनु, वृश्चिक र मीन राशिको शुक्रवार, तुला र कुम्भ राशिको बृहस्पतिवार घात हुन्छ। यी घातवारहरू यात्रामा शुभ मानिँदैनन्।

नक्रे भौमो गोहरिस्त्रीषु मन्दश्चन्द्रो द्वन्द्वेऽर्कोऽजभे ज्ञश्च कर्के।
शुक्रः कोदण्डालिमीनेषु कुम्भजूके जीवो घातवारा न शस्ताः ॥ [६५]

---

६३ **पूर्ववत्**, श्लो.- २८, २९।
६४ **पूर्ववत्**, श्लो.- ३०।
६५ **पूर्ववत्**, श्लो.-. ३१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१६.४. घातनक्षत्र

मेष राशिका लागि मघा, वृष राशिको हस्त, मिथुनको स्वाती, कर्कको अनुराधा, सिंहको मूल, कन्याको श्रवण, तुलाको शतभिषा, वृश्चिकको रेवती, धनुको भरणी, मकरको रोहिणी, कुम्भको आर्द्रा र मीन राशिका लागि अश्लेषा नक्षत्रघात हुन्छ। यी घातनक्षत्र यात्रामा वर्जित छन्।

मघामकरस्वातिमैत्रमूलश्रुत्यम्बुपान्त्यभम्।
याम्यब्राह्मेशसार्पञ्च मेषादेर्घातिभं न सत् ॥५१॥ [६६]

३.१६.५.घातलग्न

मेष राशिका लागि (पहिलो), मेष लग्न, वृष राशिका लागि (वृषदेखि दोस्रो) मिथुन, मिथुनको (चौथो) कन्या, कर्कटको (सातौँ) मकर, सिंहको (दसौँ) वृष, कन्याको (बाह्रौँ) सिंह, तुलाको (छैठौँ) मीन, वृश्चिकको (आठौँ) मिथुन, धनुको (नवौँ) सिंह, मकरको (एघारौँ) वृश्चिक, कुम्भको (तेस्रो) मेष र मीन राशिका लागि (मीनदेखि पाँचौँ) कर्कट लग्न घात हुन्छ। यी लग्नहरूमा सम्बन्धित राशिका व्यक्तिका लागि यात्रा त्याज्य हुन्छ।

भूमिद्व्यब्ध्यद्रिदिक्सूर्याङ्काष्यङ्केशाग्निसायकाः।
मेषादिघातलग्नानि यात्रायां वर्जयेत् सुधीः ॥५२॥ [६७]

सर्वघातसारणी

जन्मराशयः	मेषः	वृषः	मिथुनं	कर्कटः	सिंहः	कन्या	तुला	वृश्चिकः	धनुः	मकरः	कुम्भः	मीनः
घातचन्द्राः	मेषः	कन्या	कुम्भः	सिंहः	मकरः	मिथुनं	धनुः	वृषः	मीनः	सिंहः	धनुः	कुम्भः
घातनक्षत्राणि	मघा	हस्तः	स्वाती	अनु.	मूलम्	श्रवणः	शत.	रेवती	भरणी	रोहिणी	आर्द्रा	अश्ले.
घातनक्षत्रगता-	कृतिका	चित्रा	शत.	मघा	धनिष्ठा	आर्द्रा	मूलम्	रोहिणी	पू.भा.	मघा	मूलम्	पू.भा.
पादाः	१	२	३	३	१	३	२	४	३	४	४	३
घाततिथयः	१	५	२	२	३	५	४	१	३	५	३	४
	६	१०	७	७	८	१०	९	६	८	९	८	१०
	११	१५	१२	१२	१३	१५	१४	११	१३	१४	१३	१५
घातवाराः	रविः	शनिः	सोमः	बुधः	शनिः	गुरुः	गुरुः	शुक्रः	शुक्रः	मङ्गलः	गुरुः	शुक्रः
घातलग्नानि	मेषः	मिथुनं	कन्या	मकरः	वृषः	मीनः	मीनः	मिथुनं	सिंहः	वृश्चि.	मेषः	कर्कटः
घातमासाः	कार्तिकः	मार्गः	पौषः	माघः	फाल्गु.	वैशाखः	वैशाखः	ज्येष्ठः	आषाढः	श्रावणः	भाद्रः	आश्वि.

---

६६ **पूर्ववत्**, श्लो.– ३२।

६७ **पूर्ववत्**, श्लो.– ३३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१७. पारिभाषिक शब्द एवं कालमान

६० विपला	= ०१ पला	= २४ सकेण्ड
६० पला	= ०१ घटी	= २४ मिनेट
६० घटी	= ०१ अहोरात्र	= २४ घण्टा
$२\frac{१}{२}$ विपला	= ०१ सेकेण्ड	
$२\frac{१}{२}$ पला	= ०१ मिनेट	
$२\frac{१}{२}$ घटी	= ०१ घण्टा	
५ घटी	= ०२ घण्टा	
१० घटी	= ०४ घण्टा	
२० घटी	= ०८ घण्टा	
४० घटी	= १६ घण्टा	
६० घटी	= २४ घण्टा	
१ राशि	= ३० अंश	
१ अंश	= ६० कला	
१ कला	= ६० विकला	
१ विकला	= ६० प्रतिविकला	

॥ इति परिचयाध्यायः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्ताध्यायः

४.१. अध्यायपरिचय

सिद्धान्त नामक यस अध्यायमा सूर्योदयास्तसाधन, देशान्तरसाधनपूर्वक इष्टघटीसाधन र अहर्गणसाधन गर्ने तरिका तथा तिनका सूत्रहरूका सैद्धान्तिकस्वरूपको दिग्दर्शन गरिएको छ।

४.२. सूर्योदयास्तयोर्दिनमानरात्रिमानादीनाञ्च साधनम्

सूर्यक्रान्त्यक्षयोर्मध्ये चरसारणीतो धृताः।
अङ्काश्चोत्तरक्रान्तौ ते शोधनीयाः षडङ्कतः ॥१॥
तानेव दक्षिणक्रान्तौ षडङ्केषु च योजयेत्।
इत्थं सूर्यास्तकालः स्यादर्काच्छोध्यो दिनोदयः ॥२॥
सूर्यास्ताङ्केषु निघ्नेषु पञ्चभिर्दिनमानकम्।
अस्मिन् षष्टेः शोधिते यद् भवेत्तद्रात्रिमानकम् ॥३॥

अभिनवव्याख्या -

चरसारणीमवलोक्य अभीष्टदिनस्य सूर्यक्रान्त्यक्षांशयोर्मध्यस्थाङ्कान् उत्तरक्रान्तिश्चेत् षडङ्केषु संयोजयेत्, दक्षिणक्रान्तिश्चेद् विशोधयेत्। ततः प्राप्ता अङ्का अभीष्टस्थानदिवसयोश्च सूर्यास्तकालिकघण्टादयो भवन्ति । पुनस्तेऽङ्का द्वादशसङ्ख्यातः शोधिताः सन्तः सूर्योदयकालिकघण्टादयो जायन्ते। सूर्यास्ताङ्कान् पञ्चभिर्गुणयित्वा प्राप्ता घण्टादयोऽङ्का दिनमानाङ्का भवन्ति।

नेपालीव्याख्या -

अभीष्ट दिनको सूर्यक्रान्ति र इष्टस्थानीय अक्षांशका आधारमा दुबैको केन्द्रको अङ्क चरसारणीबाट लिएर अक्षांशकलाफल र क्रान्तिकलाफल साधन गरिन्छ । उक्त अक्षांशकलाफल र क्रान्तिकलाफलको योगलाई चरपल भनिन्छ। सूर्यको उत्तरक्रान्ति भएका बेला उक्त चरपललाई ६ घण्टामा जोड्ने र दक्षिणक्रान्ति हुँदा घटाउने गर्नाले सूर्यास्तकालिक घण्टा मिनेट हुन्छ र यसलाई १२ घण्टामा घटाउँदा रहेको शेष चाहिँ सूर्योदयकालिक घण्टा, मिनट हुन्छ। यसरी सूर्योदयास्त समय साधन गरेपछि सूर्यास्तकालिक घण्टा, मिनटलाई ५ ले गुणन गर्दा दिनमानको घडी, पला हुन्छ र यसलाई ६० मा घटाउँदा रहेको शेष रात्रिमानको घडी, पला हुन्छ। अनि दिनमानलाई २ ले भाग गर्दा लब्धि दिनार्ध र रात्रिमानलाई २ ले भाग गर्दा रात्र्यर्ध हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.३. देशान्तरसाधनम्

प्राचीनकाले भारतस्य उज्जयिन्यां नगर्यां विश्वप्रसिद्धा अतिप्रसिद्धा च ग्रहवेधशाला आसीत् । तस्याऽऽधारेण ग्रहादिवेधपूर्वकं समयनिर्धारणं क्रियमाणमासीत्, किन्तु साम्प्रतं पाश्चात्यदेशीयग्रीनवीचनगर्यां तादृशी वेधशाला निर्मिता । तदनुसारेण तत्र वेधित-ग्रहादिषु प्रत्येकं राष्ट्रे स्वकीयस्तरीयसमयस्य संस्कारनिर्धारणं च क्रियते । यथा- भारतराष्ट्रे ग्रीनवीचनगर्याः ५/३० घण्टकलादिसमयात् प्राक् ८२/३० रेखांसं मत्वा स एव समयो राष्ट्रियकार्ये व्यवह्रियते । तथैव नेपालदेशेऽपि वर्तमानसमये ग्रीनवीचनगर्याः ५/४५ घण्टकलादिसमयात् प्राग् गौरीशङ्करहिमालयनिकटस्थं रोल्वालिङ्हिमालयं केन्द्रविन्दुं मत्वा ८६/१५ देशान्तरं राष्ट्रियकार्ये व्यवह्रियते । राष्ट्रियस्तरीयसमयादेव स्थानीयसमयस्य निर्धारणं विधीयते । यथा- अभीष्टस्थानस्य आक्षांशरेखांशबोधकचक्रमवलोक्य अभीष्टस्तरीयरेखांशौ परम्परं संशोध्य अवशेषस्य चतुर्भिर्गुणे कृते सति ये प्राप्ता अङ्कास्त एव अन्तराङ्का भवन्ति । स्तरीयरेखांशात् स्थानीयाभीष्टरेखांशाधिक्ये सति जन्मकाले उक्तान्तराङ्कान् संयोजयेत् । स्तरीयरेखांशात् स्थानीयाभीष्टरेखांशे न्यूने सति जन्मकालात् उक्तान्तराङ्कान् शोधयेत् । ततो मध्यमसमयो जायते । अस्मिन् मध्यमसमये वेलान्तरसंस्कारं विधायैव शुद्धस्थानीय जन्मसमयो भवति । संस्कारोऽयं सूर्योदये कृते सति जन्मसमये नैव क्रियते ।

नेपाली

प्राचीनकालमा भारतको उज्जयिनी नामक नगरीमा प्रसिद्धमात्र नभई विश्वप्रसिद्ध ग्रहवेधशाला थियो। त्यसैले उज्जयिनी नगरलाई शून्यरेखांश मानी यसै ठाउँमा वेधित ग्रहका आधारमा आ-आफ्नो देशको संस्कार गरी ग्रहगणना गर्ने प्रचलन थियो । यसरी यस नगरलाई शून्यरेखांश मानिएको पाइन्छ, तर भूमध्यरेखा होइन । भूमध्यरेखा त लङ्कामा थियो, जहाँ शून्य अक्षांश हुन्छ । लङ्कालाई शून्य अक्षांश तथा रेखांश मानी हाम्रो प्राच्य ज्योतिषपरम्परामा अद्यावधि लङ्कोदयमान मान्य छ।

हाल आएर पश्चिमी मुलुकको ग्रीनबीच नगरीमा विश्वप्रसिद्ध ग्रहवेधशाला निर्माण भएको छ र सोही ठाउँबाट वेधित ग्रहादिका आधारमा आआफ्नो देशको संस्कार गरी ग्रहगणना गर्ने प्रचलन चलेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि हाम्रो देशमा पनि विश्वको सर्वाधिक शक्तिशाली वेधशाला निर्माण गरी त्यसबाट वेधित ग्रहादिको गति स्थितिको सत्यापन अरु वेधशालाको भन्दा बढी भरपर्दो पाइएमा यहीँबाट वेधित ग्रहादिलाई प्राथमिकता दिई हाम्रै देशलाई विश्वको केन्द्र मान्ने नयाँ प्रचलन सुरु हुनेछ।

वर्तमानमा प्रत्येक देशको दूरी ग्रीनबीचबाट मापन गरिन्छ। जस्तै- भारतले ग्रीनबीच समयको ५.३० घण्टा मिनट पूर्व ८२/३० देशान्तरलाई राष्ट्रिय समय मान्दै आएको छ भने नेपालले पनि ग्रीनवीच समयदेखि ५.४५ घण्टा मिनट पूर्व (रोल्वालिङ हिमालनिकट गौरीसंकर केन्द्रविन्दु रहेको ८६/१५ देशान्तरलाई राष्ट्रिय स्तरीय समय मानी आएको छ। यद्यपि वि.सं. २०४२ साल वैशाख १ गतेभन्दा पहिला अर्थात् २०४१ सालको चैत्र मसान्तको मध्यरातसम्म भने नेपालले ८५/०० देशान्तर अर्थात् ५.४० घण्टा, मिनट पूर्व मान्दै आएको पाइन्छ।

यही राष्ट्रिय समयमा संस्कार गरी स्थानीय अभीष्ट शुद्ध समय निर्धारण गरिन्छ। अभीष्टस्थानको अक्षांश रेखांश बोधक चक्रमा हेरेर अभीष्टस्थानीय रेखांश र राष्ट्रिय रेखांशलाई परस्परमा घटाएर शेषलाई ४ ले गुणा गरेपछि आएको फल देशान्तर/अन्तर घण्टा, मिनट, सेकेण्ड आदि हुन्छ। स्तरीय रेखांशभन्दा स्थानीय रेखांश अधिक भएमा जन्मसमय घण्टा, मिनट आदिमा उक्त अन्तराङ्कलाई जोडिदिने र न्युन भएमा घटाइदिनाले अभीष्ट-स्थानको स्थानीय मध्यमसमय हुन्छ भने त्यसमा वेलान्तर संस्कार गरेपछि धूपघडीअनुसारको शुद्ध स्थानीय जन्मसमय हुन्छ। यो संस्कार सूर्योदयमा गरेमा जन्मसमयमा गर्नुपर्दैन। सूर्योदयमा वेलान्तर गर्दा सङ्केतअनुसार नै गरिन्छ भने जन्मसमयमा गर्दा विपरीत हुन्छ।

४.४. इष्टघटिकादि साधन गर्ने पूर्वाधार

इष्टकाल साधन गर्नका लागि आवश्यक पर्ने पूर्वाधारनिर्देश यसप्रकार गरिएको छ- जन्मस्थानीय सूर्योदयसमयदेखि जन्मसमयसम्मको घट्यादिमानलाई इष्टकाल भनिन्छ। इष्टकाल साधन गर्नुपूर्व जन्मस्थानको सूर्योदयादि सिद्ध गर्नुपर्दछ र त्यसका आधारमा इष्टकाल साधन गरिन्छ। जन्मस्थानकै आधारमा गणना गरिएको पञ्चाङ्ग हुँदा सोही पञ्चाङ्गस्थ सूर्योदयादि नै सिद्ध मानिन्छ भने जन्मस्थानभन्दा फरक ठाउँको पञ्चाङ्ग भएमा सो पञ्चाङ्गका सबै अङ्गमा संस्कार गर्नुपर्दछ किनभने पञ्चाङ्ग कुनै निश्चित स्थानको हुन्छ, तर जातक यस पृथ्वीको कुनै पनि ठाउँमा जन्मिन सक्तछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले जुन ठाउँको पञ्चाङ्ग आफुसँग छ सोही ठाउँको र जातक जन्मेको ठाउँको समेत गरी दुबै ठाउँको इष्टकाल निर्माण गर्ने विधि ज्ञान गर्नुपर्दछ। त्यसमध्ये प्रथमतः पञ्चाङ्गस्थ स्थानको इष्टकाल निर्माण गर्ने विधि प्रस्तुत छ–

अर्धरात्रिको १२ बजेपछि १, २, ३ आदिक्रमले हाते घडीको क्रम हुन्छ। मध्याह्न १२ बजेपछि फेरि १,२,३ आदि घण्टाको क्रमअनुसार गणना गरेर अर्को अर्धरात्रिको १२ बज्दा रेलवे घडी अनुसार २४।०० बज्ने गर्दछ। यस्तो प्रचलन छ। यसलाई रेलवे घडी भनिन्छ। अर्धरात्रिपछि र सूर्योदयपूर्व यसबीचमा जातकको जन्म भएमा जन्मसमयको घण्टा आदिमा २४ घण्टा जोडेर त्यसमा वेलान्तर संस्कार गर्नुपर्दछ र यसबाट सूर्योदय घटाउनुपर्दछ। शेष इष्ट घण्टा, मिनट कहलाउँछ। त्यस शेषलाई साढे दुईले गुणन गरेपछिको गुणनफल श्रीसूर्योदयादिष्टघटिकादि कहलाउँछ। यसको सूत्र यसप्रकार छ–

[{(जन्मसमय घण्टा आदि ±वेलान्तर) ± देशान्तर} –सूर्योदय] × ५/२ = इष्ट घट्यादि हुन्छ। यसरी जन्मसमयमा देशान्तर एवं वेलान्तर संस्कार गरेर त्यसबाट सूर्योदय घटाएपछिको शेष अङ्कलाई ५/२ ले गुणन गर्दा इष्टकाल हुन्छ। पञ्चाङ्ग रहेको स्थानमै जातकको जन्म भएमा यो सामान्य नियमले काम गर्छ। पञ्चाङ्ग रहेको स्थान र जातकको जन्म भएको ठाउँ फरक भएमा पालन गर्नुपर्ने विशेष नियम क्रमबद्ध रूपमा प्रस्तुत गरिन्छ। त्यसमा देशान्तर, वेलान्तर, चरान्तर आदिसँग सम्बन्धित भूपरिधि आदिका विषयमा साङ्केतिक चर्चा गरिएको छ।

४.४.१. भूपरिधि

भूमण्डललाई समान दुई भागमा विभाजित गर्ने काल्पनिक रेखालाई भूपरिधि भनिन्छ। उत्तर–दक्षिण र पूर्व–पश्चिम क्रमले दुई प्रकारका भूपरिधि हुन्छन्।

भूमण्डलस्य पृष्ठस्थं वृत्तं मध्यगतं तु यत्।
पूर्वापरं भूपरिधि यद्वा तद् दक्षिणोत्तम्॥ [६८]

---

६८ नागेन्द्र पाण्डेय, *खगोलपरिभाषा,* श्लो.– ५४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.४.२. भूमध्यरेखा/रेखादेश

भूमण्डलको उत्तर र दक्षिण दिशामा क्रमशः सुमेरु र कुमेरु नामक पर्वतद्वय परस्पर १८० अंशको दूरीमा मानक रूपमा स्वीकार गरिएको छ। यी दुबै पर्वतपर्यन्तको रेखा नै दक्षिणोत्तर रेखा हो। यसैलाई भूमध्यरेखा भनिन्छ। यस रेखामा पर्ने देश रेखा देश हुन्छ।

लङ्कोज्जयिनीकुरुक्षेत्रान् गता भूमध्यरेखिका।
तत्सुमेरौ कुमेरौ च दक्षिणोत्तरगा मता॥ [६९]

४.४.३. देशान्तर

रेखादेश र आफ्नो अभीष्ट देशको अन्तर नै देशान्तर हो। देशान्तर दुई प्रकारको हुन्छ– पूर्वदेशान्तर र पश्चिमदेशान्तर। रेखादेशभन्दा पूर्वमा अभीष्ट स्थान हुँदा पूर्वदेशान्तर र पश्चिममा हुँदा पश्चिमदेशान्तर हुन्छ। त्यसमा पनि देशान्तर, अंशात्मक र योजनात्मक हुन्छन्। देशान्तर सदा पूर्वापर नै हुन्छ। प्रकारान्तरले स्वयाम्योत्तररेखा र मध्यरेखाको पूर्वापर अन्तरलाई पनि देशान्तर भनिन्छ।

स्वयाम्योत्तररेखाया अन्तरं मध्यरेखया।
ज्ञेयं देशान्तरं तत्र अन्तरं पूर्व वाऽपरम्॥ [७०]

यो रेखादेश र स्वदेशको पूर्वापर योजनात्मक अन्तर याम्योत्तरपरक भएमा त्यो चरसंज्ञक देशान्तर हुन्छ। लङ्कोदयकालिक ग्रहमा यो देशान्तर संस्कार गर्दा स्वोदयकालिक ग्रह हुन्छ। यो संस्कार गर्दा पनि रेखादेशभन्दा स्वदेश पूर्व भएमा जोड्ने (+) र पश्चिम भएमा घटाउने (–) गर्नुपर्छ।

येऽनेन लङ्कोदयकालिकास्ते देशान्तरेण स्वपुरोदये स्युः।
देशान्तरं प्रागपरं तथान्यद् याम्योत्तरं तच्चरसंज्ञमुक्तम्॥ [७१]

पञ्चाङ्ग रहेको स्थानदेखि जन्मस्थान पूर्वमा भएमा देशान्तरलाई जन्मसमयमा जोडिन्छ र जन्मस्थान पश्चिममा भएमा जन्मसमयबाट देशान्तर घटाइन्छ। वर्तमान समयमा देशान्तर ज्ञानका लागि रेखांशको प्रयोग गरिन्छ। रेखांशको गणना ग्रीनवीचबाट गरिन्छ। ग्रीनवीचदेखि आफ्नो देशको रेखांशलाई १० ले गुणन गरेर ६० ले भाग गर्नाले घट्यादि हुन्छ र उक्त रेखांशलाई ४ ले गुणन गरेर ६० ले भाग गर्दा ग्रीनवीचबाट घण्टादि देशांन्तर हुन्छ। त्यसैगरी कुनै एक ठाउँबाट अर्को ठाउँको देशान्तर ज्ञात गर्नुपरेमा ती दुबै ठाउँ ग्रीनवीचबाट पूर्व

---

६९ ***पूर्ववद्,*** श्लो.– ५३।
७० ***पूर्ववद्,*** श्लो.– ५५।
७१ *गोलपरिभाषा,* व्या. कामेश्वर उपाध्याय, श्लो.– २०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा पश्चिम छन् भने ती दुबै ठाउँका रेखांशहरूलाई आपसमा घटाएर शेषलाई १० ले गुणन गरेपछि ६० ले भाग गरेमा घट्यादि र ४ ले गुणन गरेर ६०ले भाग गरेमा घण्टादि देशान्तर हुन्छ।

यस विपरीत यदि ग्रीनवीचदेखि पूर्व र पश्चिमका देशहरू भएमा ती दुबै देशका रेखांशहरूलाई जोडेर त्यसलाई १० ले गुणन गर्दा घट्यादि र ४ ले गुणन गर्दा एक ठाउँदेखि अर्को ठाउँको घण्टादि देशान्तर हुन्छ।

४.४.४. वेलान्तर

रेलवे घडी र सूर्य घडी बीचको अन्तरलाई वेलान्तर भनिन्छ। जन्म समय, हाते घडीको स्टाण्डर्ड समयानुसारको हुन्छ भने यो स्टाण्डर्ड समयलाई सूर्यघडी बनाउनका लागि वेलान्तर संस्कार गर्नुपर्दछ।

४.४.५. सूर्योदय, सूर्यास्त, दिनमान आदि साधनविधि

पृथ्वीको सबै भागमा एकै पटक वा एकै समयमा सूर्योदय वा सूर्यास्त हुँदैन, अर्थात् सबै ठाउँमा फरक फरक समयमा सूर्योदय वा सूर्यास्त हुन्छ। अतः इष्टस्थानको सूर्योदयसमय जान्नका लागि चरकालको ज्ञान गर्नुपर्दछ। ती विषयको पनि केही चर्चा गरिएको छ।

४.४.६. चरकालज्ञान तथा त्यसको प्रयोग

चरकाल साधन गरेर ६ घण्टामा चरकाललाई जोड्नाले उत्तरक्रान्तिमा सूर्यास्त र दक्षिणक्रान्तिमा सूर्योदय हुन्छ। सूर्यास्तलाई १२ घण्टामा घटाउँदा सूर्योदय र सूर्योदयलाई १२ घण्टामा घटाउँदा सूर्यास्त हुन्छ। सूर्यास्तलाई ५ ले गुणन गर्दा घट्यादि दिनमान हुन्छ र दिनमानलाई ६० घडीबाट घटाउँदा रात्रिमान हुन्छ। यो विधि उत्तर अक्षांश भएको ठाउँका लागि हो। दक्षिण अक्षांश भएका ठाउँका लागि यसको ठीक विपरीत क्रिया गर्नुपर्दछ।

४.४.७. चरान्तरज्ञान र त्यसको प्रयोग

पञ्चाङ्गमा दिइएका तिथि, नक्षत्र, योग, करण आदिको मान पञ्चाङ्ग गणना गरिएको ठाउँको हो। सो पञ्चाङ्गस्थ तिथ्यादिको मानलाई इष्टस्थानीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउनका लागि देशान्तर संस्कार गर्नुपर्दछ। स्पष्ट देशान्तरमा चरान्तर र देशान्तर दुबै हुन्छ। पञ्चाङ्गस्थ ठाउँबाट इष्टस्थान पूर्वमा हुँदा देशान्तर जोड्ने र पश्चिममा हुँदा घटाउने गर्नुपर्दछ। क्रान्त्यंश र अक्षांशका आधारमा चरान्तर संस्कार निर्धारित हुन्छ। चरान्तर संस्कार धन, ऋण गर्ने तरिका यस्तो छ–

(१) उत्तराक्रान्ति र अधिक अक्षांशमा चरान्तर धन हुन्छ।
(२) उत्तराक्रान्ति र अल्प अक्षांशमा चरान्तर ऋण हुन्छ।
(३) दक्षिणाक्रान्ति र अधिक अक्षांशमा चरान्तर ऋण हुन्छ।
(४) दक्षिणाक्रान्ति र अल्प अक्षांशमा चरान्तर धन हुन्छ।

उत्तर अक्षांश भएका ठाँउका हकमा यो नियम लागु हुन्छ। अन्यथा दक्षिण अक्षांश भएका ठाउँका लागि यसको ठीक विपरीत संस्कार हुन्छ।

४.४.८. चरान्तर

पञ्चाङ्गस्थ स्थान र जन्मस्थान यी दुबै ठाउँका दिनमानको अन्तरलाई आधा गर्दा चरान्तर हुन्छ। यसका निम्नानुसार भेद पाइन्छन्–

(१) देशान्तर र चरान्तर दुबै धन भएमा दुबैलाई जोड्नाले धनस्पष्ट देशान्तर हुन्छ।
(२) दुबै ऋण भएमा दुबैलाई योग गर्दा ऋणस्पष्ट देशान्तर हुन्छ।
(३) देशान्तर र चरान्तरमध्ये एक धन अर्को ऋण भएमा दुबैको अन्तर गरेर शेष धन आएमा स्पष्टदेशान्तर धन र ऋण आएमा स्पष्टदेशान्तर ऋण हुन्छ।

४.४.९. इष्टस्थानीय पञ्चाङ्ग साधन

विद्यमान पञ्चाङ्गमा रहेका तिथि, नक्षत्र, योग, करण आदिको मानमा स्पष्टदेशान्तर संस्कार धन/ऋण गर्नाले आफ्नो इष्ट स्थानीय पञ्चाङ्गको मान हुन्छ।

४.५. इष्टकाल

सूर्योदय समयदेखि जन्मसमयको अवधिलाई इष्टकाल भनिन्छ।

सूत्र – जन्मसमय – सूर्योदयसमय = शेष × २.५ = इष्टकाल।

सूर्योदयात्समारभ्य जन्मकालावधिस्तु वै।
व्यतीतः समयो यो हि स चेष्टसम्प्रकीर्तितः ॥४॥[७२]

---

७२ लषणलाल झा, *जन्मपत्रिविधानम्,* (वाराणसी : चौखम्बा अमरभारती प्रकाशन, वि.सं. २०४८) पृ. १।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.५.१. इष्टकाल बनाउने तरिका

क) विहान सूर्योदयदेखि राति १२ बजेभित्र जन्म भएमा रेलवे समयअनुसारको जन्मसमयबाट सूर्योदय समयलाई घटाएर शेषलाई $२\frac{१}{२}$ ले गुणन गर्ने।

ख) रातिको १२ बजेपछि विहान सूर्योदयपूर्व जन्म भएमा २४ घण्टामा सूर्योदय समय घटाएर शेषमा जन्मसमय जोडी $२\frac{१}{२}$ ले गुणन गर्ने।

ग) जुनसुकै समयमा जन्मे पनि रेलवे समयमा जसरी रातीको १२ बजेलाई २४ बजे मानिन्छ, त्यसैगरी २४ बजेपछिदेखि सूर्योदय समयसम्मको समयलाई २५, २६, २७ २८ २९ आदि क्रमले रेलवे समयअनुसारको कूलघण्टा मिनटमान–बाट सूर्योदयसमय घटाएर शेषलाई $२\frac{१}{२}$ ले गुणन गरेपछि इष्ट घटिकादि हुन्छ।

४.६. अहर्गण साधन गर्ने तरिका र सूत्र

दिनहरूको समूहलाई अहर्गण भनिन्छ। अहर्गण साधन गर्ने धेरै विधि र तौरतरिकाहरू छन्। तीमध्येकै एक सैद्धान्तिक विधि यहाँ दिइएको छ।

४.६.१. अहर्गण निकाल्ने तरिका

कृतयुगपछिको अभीष्ट समयसम्मको सौरवर्षलाई कृतान्त–युगीय वर्षहरूमा (१, ९५, ३७, २०, ०००) जोडिदिँदा सृष्टितो गताब्द निस्किन्छ। यसलाई १२ ले गुणन गर्दा सृष्टितो गतसौरमास हुनआउँछ। यसमा चैत्रशुक्लप्रतिपदादेखि अभीष्ट गत माससंख्यालाई जोडेर २ ठाउँमा राख्नुपर्छ। तीमध्ये एउटालाई युगाधिमाससंख्याद्वारा गुणन गरी सो गुणनफललाई युगसौरमासद्वारा भाजित लब्धि अधिमास हुन्छ। यस लब्धिलाई (माथि २ ठाउँमा राखिएको मध्येको) अर्को ठाउँमा राखिएको सौरमासमा जोड्नाले सृष्टितो गत चान्द्रमासगण हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसैलाई ३० ले गुणन गरेर त्यस गुणनफलमा शुक्लप्रतिपदादेखि वर्तमान मासको गततिथिहरू जोड्दा सृष्टिदेखि चान्द्रदिनहरू हुन्छन्।

चान्द्राहर्गणलाई दुईठाउँमा राख्ने र एक ठाउँको चान्द्राहर्गणलाई अवम अर्थात् क्षयदिनले गुणन गरेर त्यसलाई युगको चान्द्रदिनले भाग दिंदा प्राप्त भएको लब्धि क्षयदिन हुन्छ। त्यसलाई (माथि दुई ठाउँमध्ये अर्को ठाउँमा राखिएको) चन्द्राहर्गणबाट घटाउँदा आउने शेष नै इष्ट सावन अहर्गण हुनआउँछ। यही अहर्गणलाई ७ ले भाग गर्दा आएको शेषसंख्या नै सूर्यादि क्रमले रवि, सोम, भौम, आदि वार हुन आउँछ। अहर्गणलाई आफ्नो कल्पादि वा युगादि भगणद्वारा गुणन गरेर कल्पादि वा युगादिकुदिनद्वारा भाग दिंदा प्राप्त हुने लब्धि नै मध्यम ग्रह हुन्छ

अत ऊर्ध्वममी युक्ता गतकालाब्दसङ्ख्यया।
मासीकृता युता मासैर्मधुशुक्लादिभिर्गतैः॥
पृथक्स्थास्तेऽधिमासघ्नाः सूर्यमासविभाजिताः।
लब्धाधिमासैर्युक्ता दिनीकृत्य दिनान्विताः
द्विष्ठास्तिथिक्षयाभ्यस्ताश्चान्द्रवासरभाजिताः।
लब्धोनरात्रिरहिता लङ्कायामार्धरात्रिकः।
सावनो द्युगणः सूर्याद् दिनमासाब्दपास्ततः।
सप्तभिः क्षयितः शेषः सूर्याद्यो वासरेश्वरः॥
यथा स्वभगणाभ्यस्तो दिनराशिः कुवासरैः।
विभाजितो मध्यगत्या भगणादिर्ग्रहो भवेत्[७३]

४.६.२. अहर्गण निकाल्ने सूत्र

ग्रहज्ञानार्थ अहर्गण साधन गरिन्छ। सृष्ट्यादिदेखि कृतयुगान्तपर्यन्तका सौरवर्षहरू सिद्धान्तग्रन्थमा पठित छन्।

---

७३. *सूर्यसिध्दान्तः*, मध्यमाधिकारः, श्लो.-४८ – ५१, ५३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) अतः अभीष्टकालसम्मका गतसौरवर्षहरू × १२= गतसौरमासहरू हुन्छन्।

(२) उक्त सौरमासहरू + चैत्र शुक्लादि गत मासहरू = अभीष्ट सौरमासहरू हुन्छन्।

(३) यसभित्र रहेका अधिक माससंख्या निकाल्ने सूत्र–

(क) $\frac{\text{युगाधिमासहरू} \times \text{इष्टसौरमासहरू}}{\text{युगसौरमासहरू}}$ = इष्टाधिमासहरू + ...।

(ख) इष्टसौरमासहरू + इष्टाधिमासहरू + ...।
अतः इष्टसौरमासहरू + इष्टाधिमासहरू = इष्टचान्द्रमासगण।

(३) इष्टचान्द्रमासहरू × ३0= चान्द्रमाससम्बद्ध तिथिहरू।

(४) चान्द्रमाससम्बद्धतिथिहरू + चैत्रशुक्लादि गततिथिहरू = इष्ट चान्द्राहर्गण।

(५) क्षयमास ज्ञान गर्नसकिने सूत्र–
प्रश्न– युगको चान्द्रदिनमा युगसम्बन्धी क्षयदिन पाइन्छ भने इष्टचान्द्रदिनमा के पाइन्छ ? उत्तर – इष्टक्षयदिन पाइन्छ।

(क) $\frac{\text{युगावम दिनहरू} \times \text{इष्ट चान्द्राहर्गण}}{\text{युगचान्द्रदिनहरू}}$ = इष्ट अवम दिनहरू।

(६) चान्द्र अहर्गण – इष्ट अवम दिनहरू = अभीष्ट सावन अहर्गण। यस्तो अहर्गण लङ्का नगरको मध्यरात्रिकालिक सम्बद्ध तिथ्यन्तपर्यन्तको हुन्छ।[७४]

४.६.३. भगणपरिभाषा

विकला ६0=0१ कला, कला ६0=0१ अंश, अंश ३0=0१ राशि, राशि १२ = एक भगण हुन्छ।[७५]

---

७४. *सूर्यसिद्धान्तः*, मध्यमाधिकारः, श्लो.– ५३।

७५. विकलानां कला षष्ट्या तत्षष्ट्या भाग उच्यते। तत्त्रिंशता भवेद्राशिर्भगणो द्वादशैव ते॥
सूर्यसिद्धान्त, मध्यमाधिकार– १, श्लो २८,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.६.४. युगग्रहभगण

एकमहायुगमा सूर्य, चन्द्र, भौम, बुध, गुरु, शुक्र, शनि, राहु, केतु आदिको भगणसंख्या यस प्रकार रहेको छ–[७६]

सूर्यभगण	= ४३,२०,०००
चन्द्र भगण	= ५७७५३३३६
भौम भगण	= २२९६८३२
बुध शीघ्रोच्च	= १७९३७०६०
गुरु भगण	= ३६४२२०
शुक्र शीघ्रोच्च	= ७०२२३७६
शनि भगण	= १४६५६८
चन्द्रोच्च	= ४८८२०३
पात विपरीत गतिक भगण	= २३२२३८

४.६.५. भभ्रम र ग्रहसावनदिन

एक महायुगमा प्रवहवायुका कारण नक्षत्रभगण संख्या १,५८,२२,३७,८२८ हुन्छ। नाक्षत्र दिनलाई भभ्रम भनिन्छ। नाक्षत्र उदयकाल अर्थात् नक्षत्रभगणबाट ग्रहका आ–आफ्ना भगण घटाएर रहेको शेष सम्बन्धित ग्रहका सावनदिन हुन्छन्। ग्रह एक पटक उदय भएपछि अर्को पटक उदय हुने बेलासम्मको समयलाई सावन दिन भनिन्छ। स्पष्ट ज्ञान गर्नका लागि एक महायुगमा सावन दिनसंख्या यस प्रकार रहेको छ–[७७]

७६.इन्दो रसाग्नि–त्रि–त्रीषु सप्त–भूधरमार्गणाः। दस्रत्र्यष्ट–रसाङ्काक्षि–लोचनानि कुजस्य तु॥
बुधशीघ्रस्य शून्यर्तु–खाद्रित्र्यङ्क–नगेन्दवः। बृहस्पतेः खलस्राक्षि–वेद–षड्–वह्नयस्तथा॥
सितशीघ्रस्य षट्–सप्त–त्रियमाश्वि–ख–भूधराः। शनेर्भुजङ्ग–षट्–पञ्च–रस–वेद–निशाकराः॥
चन्द्रोच्चस्याग्नि शून्याश्वि–वसु–सर्पार्णवा युगे। वामं पातस्य वस्वग्नि–यमाश्वि–शिखिदस्रकाः॥
पूर्ववत्, श्लो. ३० – ३३।

७७. भानामष्टाक्षि–वस्वद्रि–त्रि–द्वि–द्व्यष्ट–शरेन्दवः। भोदया भगणैः स्वैः स्वैरुनाः स्वस्वोदया युगे॥
***पूर्ववत्*, श्लो. ३४,**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भभ्रम	ग्रहभगण		ग्रहसावन दिनसंख्या	
१५८२२३७८२८ -	४३,२०,००० सूर्यभगण	=	१५७७९१७८२८	= सूर्यसावन दिन,
१५८२२३७८२८ -	५७७५३३३६ चन्द्रभगण	=	१५२४४८४४९२	= चन्द्रसावन दिन,
१५८२२३७८२८ -	२२९६८३२ भौमभगण	=	१५७९९४०९९६	= भौमसावन दिन,
१५८२२३७८२८ -	४३,२०,००० बुधभगण	=	१५७७९१७८२८	= बुधसावन दिन,
१५८२२३७८२८ -	३६४२२० गुरुभगण	=	१५८१९७३६०८	= गुरुसावन दिन,
१५८२२३७८२८ -	४३,२०,००० शुक्रभगण	=	१५७७९१७८२८	= शुक्रसावन दिन,
१५८२२३७८२८ -	१४६५६८ शनिभगण	=	१५८२०९१२६०	= शनिसावन दिन,
१५८२२३७८२८ -	(-२३२२३८) राहुभगण	=	१५८२४७००६६	= राहुसावन दिन,

४.६.६. अहर्गणद्वारा मध्यमग्रह साधन गर्ने विधि

अहर्गणलाई आ-आफ्ना युगभगणद्वारा गुणन गरेर युगसावन दिनहरूले भाग दिंदा भगणादि मध्यम ग्रह हुन्छ। यसमा प्रथम भागफल भगण हुन्छ। त्यसमा रहेको शेषलाई १२ले गुणन गरेर युगसावन दिनहरूले भाग गर्दा आएको लब्धि राशि हुन्छ। त्यसैगरी यसमा पनि बाँकि रहेको शेषलाई ×३० ÷ युगसावन दिनहरू = अंशादि हुन्छ।

सूत्र- कल्पग्रहभगण ×अहर्गण ÷ कल्पकुदिनहरू = अहर्गणोत्पन्न मध्यमग्रहभगणादि।[७८]

इति सिद्धान्ताध्यायः

७८. यथा स्वभगणाभ्यस्तो दिनराशि कुवासरैः।
विभाजितो मध्यगत्या भगणादिर्ग्रहो भवेत्॥ *पूर्ववद्* श्लो. ५३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहादिस्पष्टाध्यायः

५.१. अध्यायपरिचय

यस अध्यायमा सूर्योदयास्तादिदेखि ग्रहस्पष्टसम्मका सबै विषयवस्तुलाई उदाहरण दिएर स्पष्ट पारिएको छ। जसमा अयनांशको सैद्धान्तिक प्रस्तुति पनि रहेको छ। यसमा प्रथमतः सूर्योदयास्तादि साधन गर्नका लागि आवश्यक तत्त्वहरू प्रस्तुत गरिएको छ। जसमा अक्षांशकलाफल, क्रान्तिकलाफल, चरफल आदि पर्दछन्। तिनलाई उदाहरण सहित प्रस्तुत गएको छ।

५.२. उदाहरण

वि.सं. २०५२ साल कार्तिक ५ गते तदनुसार २२/२३ अक्टुबर १९९५ सन्। समय रात्रि २/२८ बजे जन्म पाटन अस्पताल, ललितपुर।

(क) पाटनको अक्षांशकलाफल साधन

पाटनको अक्षांश– २७/४०
सूर्य दक्षिणक्रान्ति– १०/४६ (२२ अक्टुबर)

२१।३१ – (चरसारणीको अक्षांश २८ र क्रान्ति १० को केन्द्रबाट लिइएको।)
– २०।३७ – (चरसारणीको अक्षांश २७ र क्रान्ति १० को केन्द्रबाट लिइएको।)
००५४ = शेषलाई
× ४० = अक्षांशको कलाले गुणन गरेको
६०)२१६० (३६ = अक्षांशको कलाफल
२१६०
×

अक्षांशकलाफल = ३६।००

(ख) क्रान्तिकलाफल साधन

२२।४४ – चरसारणीको क्रान्ति ११ र अक्षांश २७ को केन्द्रबाट लिइएको
–२०।३७ – चरसारणीको क्रान्ति १० र अक्षांश २७ को केन्द्रबाट लिइएको
२।७ = शेषलाई
× ४६ = क्रान्तिको कलाले गुणन गरेको
९२।३२२ ÷ ६०
+०५।३००
९७।२२÷ ६० = **०१।३७।२२ = क्रान्ति कलाफल**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) चरपल साधन

२०।३७ (चरसारणीको अक्षांश २७ र क्रान्ति १० को केन्द्रबाट लिइएको।)
+ ३६ अक्षांशकलाको फल
२१।१३
+ ०१।३७।२२ = क्रान्तिकला फल
२२।५०।२२ = पाटनको चरपल

(घ) सूर्यास्त साधन

६।००।००।०० = दक्षिणक्रान्ति हुँदा ६ घण्टामा
−२२।५०।२२ = चरपल घटाएको
५।३७।०९।३८ = पाटनको सूर्यास्त घण्टा, मिनट आदि

(ङ) दिनमान र रात्रिमान आदि साधन

५।३७।०९।३८ = पाटनको सूर्यास्त घण्टा, मिनट आदि
× ०५
२५।१८५।४५।१९० ÷ ६०=
+०३।−१८०।+३।−१८०
२८।०५।४८।१० = दिनमान ÷ २ = १४।०२।५४।०५ दिनार्ध।
६०।००।००।००
− २८।०५।४८।१०
३१।५४।११।५० = रात्रिमान ÷ २ = १५।५७।०५।५५ रात्र्यर्ध

१२।००।००।०० = बाह्रबाट
−०५।३७।०९।३८ = सूर्यास्त घटाएको
०६।२२।५०।२२ = सूर्योदय (पाटनको)
२८।५।४८।१० = दिनमान (पाटनको)
३१।५४।११।५० = रात्रिमान (पाटनको)
१५।५७।०५।५५= रात्र्यर्ध (पाटनको)
१४।०२।५४।०५ = दिनार्ध (पाटनको)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.१. श्रीसूर्योदयादिष्ट घटिकादि साधन

यस ग्रन्थमा प्रयोग गरिएका सम्पूर्ण तत्त्वहरूको मूल आधार इष्टघटी हो। त्यसको साधन गर्ने विधि र उदाहरण यहाँ दिइएको छ।

उदाहरण–

नेपालको स्तरीय रेखांशमान =	८६।१५	राष्ट्रिय रेखांशबाट
स्थानीयाभीष्ट रेखांशमान =	– ८५।२०	जन्मस्थानको रेखांश घटाएको
	०।५५	शेष
	००।५५	शेषलाई
	× ४	गुणन गरेको
	०।२२०	÷ ६०
स्तरीय समयदेखि अन्तर मि.से.	३।४०	(–)

स्तरीय नेपाली समयानुसार रात्रि	=२।२८।००	बजे जन्म समयमा।
	–३।४०	देशान्तर मि.से. घटाएको
स्थानीय जन्म समय	=२।२४।२०	बजे रात्रि।

मध्यम सूर्योदय	= ०६।२२।५०।२२	
	–१५।१९।००	वेलान्तर संस्कार गरेको
स्पष्ट सूर्योदय	**= ०६।०७।३१।२२**	

५.२.२. वेलान्तर संस्कारविशेष

यस ग्रन्थको परिशिष्टमा दिइएको वेलान्तरसारणीको प्रयोग गर्ने विधिअनुसार यहाँ सूर्योदयमा वेलान्तर संस्कार गर्दा सङ्केतअनुसार नै गर्ने र जन्मसमयमा संस्कार गर्दा विपरीत गर्ने, जन्मसमय र सूर्योदयमध्ये कुनै एकमा मात्र यो संस्कार गरिन्छ।

जस्तै –

२४।००।००।००	= (रात्रि १२ बजेपछि जन्म हुँदा २४ घण्टाबाट
–०६।०७।३१।२२	= पाटनको स्पष्ट सूर्योदय घण्टादि घटाएको)
१७।५२।२८।३८	= (शेषमा
+०२।२४।२०।००	= स्थानीय जन्म समय जोडेको)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०।१६।४८।३८ = इष्ट घण्टादिलाई
× २ = ले गुणन गरेको
४०।३३।३७।१६
+ १०।०८।२४।१९ = (इष्ट घण्टादिको आधा जोडेको)
५०।४२।०१।३५ = श्रीसूर्योदयादिष्ट घटिकादि भयो।

५.२.३. भयात–भभोगसाधन

गत नक्षत्रको भटिकादिलाई ६० मा घटाएपछि शेषलाई दुई ठाउँमा अलग–अलग राख्ने र क्रमशः एक ठाउँमा इष्ट घटिकादि र अर्कोमा इष्ट समयको नक्षत्रको घटिकादि जोड्ने अनि श्रीसूर्योदयादिष्ट घटिकादिको जोड योग त्यस नक्षत्रको भुक्त/भयात घटिकादि र निज इष्ट समयमा विद्यमान नक्षत्रको घटिकादि योग त्यस नक्षत्रको भभोग हुन्छ।

सूत्र – ६०–गतर्क्ष+इष्टकाल = भयात। ६०–गतर्क्ष+निजर्क्ष = भभोग।

गतर्क्षनाड्यः खरसेषु शुद्धाः सूर्योदयादिष्टघटीषु युक्ताः।
भयातसंज्ञा भवतीह तस्य निजर्क्षनाड्या सहितो भभोगः ॥५॥[७९]

श्रीसूर्योदयादिष्टघटिकादि = ५०।४२।०१।३५
गतर्क्षनाडी = १३।५५ गत नक्षत्र उत्तर फा.को घटिकादि

६०।०० = अहोरात्रमानबाट
– १३।५५= गतर्क्षनाडीखरसेषु शुद्धा (घटाउँदा)
(क) ४६।०५= शेषमा
निजर्क्षहस्तः = +१३।४८= निजर्क्षनाडीसहितः
हस्तको भभोग = ५९।५३ = भभोग

(ख) ४६।०५ = शेषमा
+५०।४२।०१।३५= सूर्योदयादिष्टघटिषु युक्ता
हस्तको भुक्त =३६।४७।०१।३५= भयातसंज्ञा भवतीह तस्य

७९ मीठालाल ओझा, *भारतीयकुण्डलीविज्ञान,* (वाराणसी : देवर्षि प्रकाशन, सन् १९९७) पृ. २४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.४. नाम जुराउने तरिका

```
४ ) ५९। ५३ ( १४ घटी
  - ५६
     ३
  × ६०
   १८०
  + ५३
४) २३३ (५८ पला
  - २३२
     १ शेष
```

हस्तको भभोग घट्यादिलाई चारले भाग गरेको

१) १४।५८ प्रथम चरण 'पू'
२) २९।५६ द्वितीय चरण 'ष'
३) ४४।५४ तृतीय चरण 'ण'

हस्तको भभोगलाई ४ ले भाग गर्दा एक चरणले १४ घटी ५८ पला भोग गर्ने देखियो। यसरी भुक्त ३६।४७ सम्म जोड्दै जाँदा ३९ देखि ४४।५४ का बीचमा हस्तको तेस्रो चरणबाट नाम जुर्दछ। जस्तै– पु, ष, ण, ठ मध्ये तेस्रो अक्षर 'ण' नामको सुरुमा आउँछ।

विशेष– ङ, ञ, ण यी अक्षरहरूबाट उच्चारण हुने सार्थक नामहरू नहुने हुँदा उक्त अक्षरहरूबाट नाम राखिँदैन । त्यसैले यस्तो अवस्थामा सम्बन्धित अक्षरभन्दा पछिल्लो तेस्रो अक्षरबाट नाम राखिन्छ। जस्तै– 'ण' को पछिल्लो तेस्रो वर्णमालामा 'ड' हुनाले 'ण' का ठाउँमा 'ड' बाट नाम राखिन्छ।

न प्रोक्ता ङ ञ णा वर्णा नामादौ सन्ति ते नहि।
चेद् भवन्ति तदा ज्ञेया गजडास्ते यथाक्रमम्॥ [८०]

५.२.५. ग्रहस्पष्टीकरण चालनज्ञान

इष्ट दिन र घटिकादिभन्दा पञ्चाङ्गको ग्रहस्पष्टचक्रपङ्क्ति पहिले भएमा पञ्चाङ्ग पङ्क्तिबाट इष्ट घटिकादिलाई घटाउनु र यदि पञ्चाङ्गस्थ पक्तिभन्दा इष्ट अगाडि भएमा इष्टदिन घटिकादिबाट पञ्चाङ्गस्थ दिन घटिकादि घटाउनुपर्छ। पञ्चाङ्ग पङ्क्तिबाट इष्ट घटाउँदा ऋणचालन र इष्टदिन घटिकादिबाट पङ्क्ति घटाउँदा धन चालन हुन्छ।

---

८० पराशरः, *बृहत्पाराशरहोराशास्त्रम्*, दशमोऽध्याय, श्लो.– १४१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूत्रम् – वारादिकस्वेष्यत्–पङ्क्तिं = धनचालनम्। पङ्क्तेः–स्वेष्टवारादिकम् = ऋणचालनम्।

पङ्क्तिः स्वेष्याद् भवेदग्रे पंक्त्यामिष्टं विशोधयेत्।
तच्चालनमृणं ज्ञेयं व्यत्यये व्यत्ययं विदुः।[८१]

जस्तै –

इष्ट वार, घटी, पल

१ । ५० । ४२ = स्वेष्यादि (–५ गतेको जन्मवारादिबाट)
– ६ । १३ । ०३ = (३ गतेको पञ्चाङ्गस्थ वारादि पङ्क्ति घटाएको)
२ । ३७ । ३९ = (+) धनचालन

प्राणनाथतनुज पद्मनाभ त्रिपाठीकृत २०५२ साल कार्तिक ३ गते शुक्रवार १३।०३ घडीको पञ्चाङ्गस्थ स्पष्ट ग्रहचक्र सुविधाका लागि दिइएको छ –

३ गतेको पञ्चाङ्गस्थ **स्पष्टग्रहचक्र**

	सू.	मं.	बु.	बृ	शु.	श.	रा.	ग्रह
कार्तिक	६	७	५	७	६	१०	६	राशि
गते–३	२	५	१५	२१	१९	२२	२	अंश
वार–६	३	४	५९	११	२८	१	२४	कला
इष्ट	१७	४२	१७	२५	३४	२३	५६	विकला
१३	५९	४२	६६	११	७४	३	३	कलागति
३	४६	४३	१९	२५	५६	१४	११	विकलागति
		मार्गी	मार्गी	मार्गी	मार्गी	वक्री	वक्री	वक्री/मार्गी

८१ मीठालाल ओझा, **पूर्ववत्**, पृ. १५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.६. ग्रहस्पष्टीकरणस्य विधिः प्रक्रिया च

गतैष्यदिवसाद्येन गतिर्निघ्नी खषड्हृता।
लब्धमंशादिना शोध्यं योज्यं स्पष्टो भवेद् ग्रहः ॥[८२]

व्याख्या – *जन्मसमये स्पष्य ग्रहाः साध्यास्तत्रापि सखार्थं पञ्चाङ्गस्थितग्रहेषु गतैष्यदिवसैः कृत्वा (ऋणचालनं धनचालनञ्च कृत्वा) ग्रहस्य कलादिका गतिर्गुण्या खषड्भिः षष्ट्या भाज्या, लब्धमंशादिकम् अंशकलाविकलात्मकम्, पञ्चाङ्गस्थितग्रहे सोध्यं, योज्यं वा यदागतमन्तरं तदा शोध्यं यदा त्वेष्यामन्तरं स्यात्तदा योज्यं सः तात्कालिकः स्पष्टो ग्रहो भवेद्। वक्रगतिग्रहस्य राहुकेत्वोश्च चालनं मार्गिग्रहापेक्षया विपरीतं ज्ञेयम्।*

सूत्रम् – चालनम्×ग्रहगति÷६०= चालनफलम्+पञ्चाङ्गस्थग्रहस्पष्टः = तात्कालिकग्रहस्पष्टः।

ऋणचालन अथवा धनचालनका अङ्कहरूले ग्रहको गतिलाई गुणन गरी ६० ले भाग गरेपछि लब्धि अंशादि (चालनफल) लाई ऋणचाल हुँदा सम्बन्धित ग्रहको पञ्चाङ्गस्थ स्पष्ट अंशादिमा चालनफल घटाउने र धनचालन भएमा जोड्नाले स्पष्ट ग्रह हुन्छ।

विशेष – राहु, केतु, सधैं वक्र रहने हुँदा ऋणचालनमा धन र धनचालनमा ऋण संस्कार हुन्छ। अरू ग्रह वक्र हुँदा पनि यसै गरिन्छ।

५.२.६.१. सूर्यस्पष्टीकरण

सूर्यगति– ५९। ४६ धनचालन– २।३७।३९

क)	५९	५९	५९	ख)	४६	४६	४६
	× २	× ३७	× ३९		× २	× ३७	× ३९
	११८	।२१८३	।२३०१		९२	।१७०२	।१७९४
क)	११८	।२१८३	।२३०१				
ख)	+	९२	।१७०२	।१७९४			
	११८	२२७५	४००३	१७९४ ÷ ६०			
	+ ३९	+ ६७	+ २९				
	१५७	२३४२	४०३२				
	– १२०	– २३४०					
	३७ शेष	२ शेष					

लब्धि = २

चालनफल = २।३७।२

६।०२।०३।१७ = धनचालन भएकाले ३ गतेको पञ्चाङ्गस्थ स्पष्टसूर्यमा

+।०२।३७।०२ = धनचालन फल जोडेको

६।०४।४०।१९ = तात्कालिक स्पष्टसूर्य

---

८२ नीलकण्ठः, *ताजिकनीलकण्ठी,* संज्ञातन्त्रम्, ग्रहाध्यायः, श्लो.– २८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.६.२. मङ्गलस्पष्टीकरण

मङ्ग्गलको गति- ४२। ४३ धनचालन- २।३७।३९

क)	४२	४२	४२	ख)	४३	४३	४३
	× २	× ३७	× ३९		× २	× ३७	× ३९
	८४	१५५४	१६३८		८६	१५९१	१६७७

ख)	+	+ ८६	+ १५९१	१६७७
	८४	१६४०	३२२९	१६७७ ÷ ६०
	+ २८	+ ५४	+ २७	
६०)	११२ (१	१६९४	३२५६	
	६०	− १६८०		
	५२ शेष	१४ शेष		

चालनफल = १।५२।१४

७।५।०४।४२ = (३ गतेको पञ्चाङ्गस्थ स्पष्ट मङ्गलमा

+ १।५२।१४ = धनचालन हुँदा चालनफल जोडेको)

७।६।५६।५६ = मङ्गलस्पष्ट

५.२.६.३. बुधस्पष्टीकरण

बुधको गति- ६६।१९ धनचालन- २।३७।३९

क)	६६	६६	६६	ख)	१९	१९	१९
	× २	× ३७	× ३९		× २	× ३७	× ३९
क)	१३२	२४४२	२५७४		३८	७०३	७४१

क)	१३२	२४४२	२५७४	
ख)	+	३८	७०३	७४१
	१३२	२४८०	३२७७	७४१ ÷ ६०
	+ ४२	+ ५४	+ १२	
६०)	१७४(२	२५३४	३२८९	
	१२०	२५२०		
	५४ शेष	१४ शेष		

चालनफल = २।५४।१४

५।१५।५९।१७ = (३ गतेको पञ्चाङ्गस्थ स्पष्ट बुधमा

+ ०२।५४।१४ = धनचालन हुँदा चालनफल जोडेको)

५।१८।५३।३१ = बुधस्पष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.६.४. बृहस्पतिस्पष्टीकरण

बृहस्पतिको गति– ११।२५ धनचालन– २।३७।३९

क)	११	११	११	ख) २५	२५	२५
	× २	× ३७	× ३९	× २	× ३७	× ३९
क)	२२	४०७	४२९	५०	९२५	९७५
ख)	+	५०	९२५	९७५		
	२२	४५७	१३५४	९७५ ÷ ६०		
	+ ७	+ २२	+ १६			
६०)	२९(०	४७९	१३७०			
	शेष,	४२०				
		५९ शेष				

चालनफल = ०।२९।५९

७।२१।११।२५ = (पात्राको स्पष्ट बृहस्पतिमा

+ ००।२९।५९ = धनचालन हुँदा चालनफल जोडेको)

७।२१।४१।२४ = बृहस्पतिस्पष्ट

५.२.६.५. शुक्रस्पष्टीकरण

शुक्रको गति– ७४।५६ धनचालन– २।३७।३९

क)	७४	७४	७४	ख) ५६	५६	५६
	× २	× ३७	× ३९	× २	× ३७	× ३९
क)	१४८	२७३८	२८८६	११२	२०७२	२१८४
ख)	+	११२	२०७२	२१८४		
	१४८	२८५०	४९५८	२१८४ ÷ ६०		
	+ ४८	+ ८३	+ ३६			
६०)	१९६(३	२९३३	४९९४			
	१८०	२८८०				
	१६ शेष	५३ शेष				

चालनफल = ३।१६।५३

६।१९।२८।३४ = (पात्राको स्पष्ट शुक्रमा

+ ३।१६।५३ = धनचालन हुँदा चालनफल जोडेको)

६।२२।४५।२७ = शुक्रस्पष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.६.६. शनिस्पष्टीकरण

उदाहरण–

वक्र शनिको गति– ३।१४ धनचालन– २।३७।३९

क)	३	३	३	ख) १४	१४	१४
	× २	× ३७	× ३९	× २	× ३७	× ३९
क)	६	१११	११७	२८	५१८	५४६
क)	६	१११	११७			
ख)	+	२८	५१८	५४६		
	६	१३९	६३५	५४६ ÷ ६०		
	+ २	+ १०	+ ९			
	६०)८(०	१४९	६४४			
	शेष,	– १२०				
		२९ शेष				

चालनफल = ०।८।२९

१०।२२।१।२३ = पात्राको वक्र स्पष्ट शनिमा

–।००।८।२९ = धनचालन हुँदा पनि वक्र हुनाले विपरीत संस्कार गरेको

१०।२१।५२।५४ = वक्र शनिस्पष्ट

५.२.६.७. राहुस्पष्टीकरण

उदाहरण–

राहुको गति– ३।११ धनचालन– २।३७।३९

क)	३	३	३	ख) ११	११	११
	× २	× ३७	× ३९	× २	× ३७	× ३९
क)	६	१११	११७	२२	४०७	४२९
ख)	+	२२	४०७	४२९		
	६	१३३	५२४	४२९ ÷ ६०		
	+ २	+ ८	+ ७			
	८	१४१	५३१			
	शेष,	–१२०				
		२१ शेष,				

६।२।२४।५६ = (पात्राको राहु स्पष्टमा

–।०।०८।२१ = धनचालनफल घटाएको)

चालनफल = ०।८।२१,

६।२।१६।३५= स्पष्टराहु

विशेष – राहु सदा वक्र रहने हुँदा यसमा अरूमा भन्दा विपरीत संस्कार गरिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.६.८. केतुस्पष्टीकरण

राहुको राशिमा ६ राशि जोड्दा वा घटाउँदा केतुस्पष्ट हुन्छ। जस्तै – ६।०२।१६।३५ = स्पष्ट राहुमा +६।००।००।०० जोड्दा ०।०२।१६।३५= **केतुस्पष्ट भयो।**

५.२.६.९. चन्द्रस्पष्टीकरण

चन्द्रस्पष्ट गर्दा सूर्यादि अन्य ग्रहभन्दा भिन्न तरिका अपनाइनेहुनाले यहाँ चन्द्रमालाई छुट्टै शीर्षक दिएर स्पष्ट गरिएको छ। चन्द्रस्पष्टकै पनि फरक फरक विधि हुनाले त्यसमध्ये पनि एउटा विधि प्रथमतः प्रस्तुत गरिएको छ।

५.२.६.९.१. प्रथमप्रकार

गत नक्षत्र संख्यालाई ६० ले गुणन गर्ने र गुणनफलमा इष्ट नक्षत्रको भुक्त घटिकादि जोड्ने अनि योगफललाई दुईले गुणन गर्ने, त्यसपछि त्यस गुणनफललाई नौ (९) ले भाग गर्ने र लब्धिलाई ३० ले भाग गरेपछि भागफल (लब्धि) राशि र शेष अंश हुन्छ। पहिला ९ ले भाग गर्दा रहेको शेषलाई ६० ले गुणन गरी त्यसमा भुक्तको पला जोड्ने र योगलाई ९ ले भाग गर्दा लब्धि कला, र शेष विकला हुन्छ।

गतर्क्षषष्ट्युणितं भुक्तनाडीसमन्वितम्। द्विगुणं नवभागं च चन्द्रस्तात्कालिको भवेत्॥९॥ [८३]

उदाहरण–

गतर्क्ष (उत्तर फा.) = १२
षष्ट्युणितं × ६०
७२०
भुक्तनाडीसमन्वितम् = +३६।४७
७५६।४७
द्विगुणम् × २
१५१३।३४
नवभागम् = ९)१५१३।३४(१६८ लब्धि
१५१२
१
× ६०
६०
+३४
९)९४ (१० कला
९०
४×६०=२४०÷९=२६

३०)१६८(५ राशि
१५०
१८

माथि ९ ले भाग गरेर आएको लब्धिलाई पुनः ३० ले भाग गरेको

५।१८।१०।२६ स्पष्टचन्द्र

---

८३ मीठालाल ओझा, **पूर्ववत्।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.६.९.२.चन्द्रस्पष्टीकरणे प्रकारान्तरम्

खषड्घ्नं भयातं भभोगोद्धृतं तत् खतर्कघ्नधिष्ण्येषुयुक्तं द्विनिघ्नम्।
नवाप्तं शशी भागपूर्वस्तु भुक्तिः खखाभ्राष्टवेदा भभोगेन भक्ताः॥[८४]

व्याख्या- *जन्मसमये यन्नक्षत्रं भवति तस्य नक्षत्रस्य इष्टकालावधेर्भुक्तघटिकाः कार्याः। ताः षष्ट्या गुण्याः। भभोगोद्धृतं नक्षत्रस्य गतैष्ययोगेन (भभोगेन) भाज्यात् यल्लब्धं तत् षष्टिगुणिताश्विन्यादिगतनक्षत्रेषु युक्तं द्विनिघ्नं तन्नवभिर्भाज्यम्। ये लब्धनवांशास्ते त्रिंशता भाज्याः। तल्लब्धिभूता राशयः शेषांशा ज्ञेयाः। पूर्वभभोगोद्धृतशेषः षष्ट्या गुण्यः नवभिश्च भाज्यः, भागान्तरं या लब्धिः, सा कलाशब्देन वाच्या। यश्च पुनः शेषः स विकला शब्देन संबोध्यः, एवं शशि भागपूर्वांशादिकं जन्मकालात् पूर्वमेव भुक्तमेव तात्कालिकमित्युच्यते।*

अर्थ- अभीष्ट नक्षत्रको भयात (भुक्त) भभोग साधन गरिसकेपछि भुक्त घटिकादिलाई र भभोगलाई पलात्मक बनाउनुपर्छ अनि ६० ले गुणा गरिएको पलात्मक भयातलाई पलात्मक भभोगले भाग दिनुपर्छ। त्यसपछि गत नक्षत्र संख्यालाई ६० ले गुणा गरेर आएको गुणनफललाई माथिको (भुक्त-भभोगको) लब्धिमा जोडेर जोडफललाई २ (दुई) लेगुणा गरेपछि गुणनफललाई ९ (नौ) ले भाग दिँदा प्राप्त भएको लब्धिलाई पुनः ३० ले भाग दिनु अनि लब्धि राशि र शेष अंश जान्नू। ९ ले भाग गर्दा रहेको शेषलाई ६० ले गुणा गरेर ९ ले भाग गर्दा आएको लब्धि (भागफल) कला हुन्छ भने शेषलाई पुनः ६० ले गुणा गरेर ९ ले भाग दिँदा आएको लब्धि विकला हुन्छ।

चन्द्रमाको गति निकाल्ने सूत्र = ४८००० × ६० = २८,८०,००० ÷ पलात्मक भभोग लब्धि = चन्द्रमाको कलात्मक गति हुन्छ।

जस्तै –

हस्तको भभोग घटिकादि = ५९।५३
× ६०
३५४०
+ ५३

हस्तको पलात्मक भभोग = ३५९३

---

८४ नीलकण्ठः, पूर्ववत्, श्लो.- १९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हस्तको भुक्त घटिकादि = ३६।४७
× ६०
२१६०
+ ४७
हस्तको पलात्मक भुक्त = **२२०७**
× ६०
पलात्मक भभोग = ३५९३) १३२४२० (३६।५१ = लब्धि
− १२९३४८
३०७२
× ६०
१८४३२०
−१२२१६२
१०७७ शेष

उत्तरफा. (गतर्क्ष संख्या) = १२
× ६०
७२०
+ ३६।५१ = पलात्मक भभोगले भाग गर्दा आएको लब्धि
७५६।५१
× २
९) १५१३।४२ (१६८ लब्धि
१५१२
१
× ६०
६०
+ ४२
९) १०२ (११ कला
९९
३
× ६०
९) १८० (२० विकला
१८०
० शेष

नवभाजित लब्धि = १६८ = लाई ३० ले भाग गरेको
३०) १६८ (५ राशि
१५०
१८ अंश

५।१८।११।२० = चन्द्रस्पष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.२.६.१०.चन्द्रगतिसाधन

खखाभ्राष्टवेदाः = ४८०००

× ६०

पलात्मकभभोगः = ३५९३) २८,८०,००० (८०१ कला

२८७७९९३

२००७

× ६०

३५९३) १२०४२० (३३ विकला

११८५६९

१८५१ शेष

चन्द्रमाको गति = ८०१ कला, ३३ विकला

तात्कालिकस्पष्टग्रहचक्रम्

सू.	च.	म.	बु.	बृ.	शु.	श.	रा.	के.	ग्रहाः
६	५	७	५	७	६	१०	६	०	राशयः
४	१८	६	१८	२१	२२	२१	२	२	अंशाः
४०	११	५६	५३	४१	४५	५२	१८	१८	कलाः
१९	२०	५६	३१	२४	२७	५४	३५	३५	विकलाः
५९	८०१	४२	६६	११	७४	३	३	३	गति कलाः
४६	३३	४३	१९	२५	५६	१४	११	११	विकलाः
		मा	मा	मा	मा	व			व.मा.
		उ	उ	उ	उ	उ			उ.अ.
बालः	युवा	वृद्धः	कुमारः	कुमारः	वृद्धः	वृद्धः	बालः	बालः	अवस्था
दीनं	हर्षित	हर्षित	स्वस्थः	हर्षित	स्वस्थः	स्वस्थः			अवस्था
नेत्रपाणिः	गमनं	शयनं	सभा	शयनं	सभा	नृत्यलिप्सा	नेत्रपाणिः	शयनं	अवस्था
चित्रा	हस्तः	अनु.	हस्तः	ज्येष्ठा	विशाखा	पू.भा.	चित्रा	अश्विनी	नक्षत्र–
४	३	२	३	२	१	१	३	१	पादाः

५.३. अयनांशको सैद्धान्तिक ज्ञान

सूर्यको मार्गलाई उत्तर अयन र दक्षिण अयन गरी दुई मार्ग बताइएको छ । उत्तरायण भन्नाले सूर्यको उत्तरतिरको मार्ग र दक्षिणायन भन्नाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणतिरको मार्ग भन्ने बुझिन्छ। सूर्यको अयनमा आउने परिवर्तन र त्यसको अंशका विषयमा यहाँ साङ्केतिक चर्चा गरिएको छ।

५.३.१. अयनांशपरिचय

खगोलमा समयज्ञान गराउने वृत्तलाई नाडीवृत्त र सूर्य हिँड्ने वृत्तलाई क्रान्तिवृत्त भनिन्छ। यी दुई महावृत्तहरूको सम्पात १८० अंशको अन्तरमा दुईठाउँमा हुन्छ। पहिलो वसन्तसम्पात र दोस्रोमा शरदसम्पात हुन्। त्यही सम्पातलाई गोलसन्धि पनि भनिन्छ।

ज्योतिषशास्त्रमा सृष्ट्यादिबिन्दु नाडीवृत्त र क्रान्तिवृत्तको प्रथम निरयण मेषादिसम्पात हो। गोलसन्धिगत चलनान्तरलाई अयनांश भनिएको हो।

ज्योतिषशास्त्रअनुसार ४३,२०,००० तुल्य सौरवर्षको एक महायुग हुन्छ। १२ राशिको समूहलाई एक भगण अर्थात् एक चक्र भनिन्छ। एक महायुगमा हुने १५७७९१७८२८ तुल्य दिनसमूहलाई युगकु दिन भनिन्छ। एक महायुगमा गोलसन्धिको चलन ६०० भगणतुल्य हुन्छ। एक महायुगको वर्षसंख्याले एक महायुगमा हुने अयनचलन भगणलाई भाग गर्दा एक वर्षमा हुने अयनचलन भगण (४३,२०,०००÷६००=०.०००१३८८८...) आउँछ। यसलाई १२ ले गुन्दा राशि हुन्छ, राशिलाई ६० ले गुन्दा अंश हुन्छ, अंशलाई ३० ले गुन्दा कला र कलालाई ६० ले गुन्दा विकला हुन्छ। त्यस कारण उक्त एक वर्षको अयन चलन ०.०००१३८८८...लाई १२×३०×६०×६० गर्दा १८० विकला तुल्य अयनगति हुन्छ। उक्त ६० तुल्य अयनचलनभगण ३६० अंशको चक्रको हिसावमा राखिएको हो तर अयनचलनचक्र ३६० अंशको हुँदैन, त्यो त १०८ अंशको मात्र हुन्छ। त्यस कारण १८० विकलालाई १८० ले गुनेर ३६० ले भाग गर्दा विकलात्मक ५४ तुल्य वार्षिक अयनगति हुन आउँछ अर्थात् सूर्यसिद्धान्तानुसार गोलसन्धिको एक वर्षको चलन ५४ विकला हुन्छ। नाडीवृत्त र क्रान्तिवृत्तको सम्पातबिन्दु स्थिर छैन। सृष्ट्यादिमा जुन ठाउँमा सम्पात भएको थियो त्यो सम्पात प्रतिवर्ष ५४ विकलाका दरले अगाडि सर्दै जान्छ र १८०० वर्षमा २७ अंश पर पुगेर फर्किन थाल्छ अनि अर्को १८०० वर्षमा पुरानै ठाउँमा आइपुग्छ। त्यसपछि त्यो सम्पात त्यही नै गतिमा तलतिर झर्न थाल्छ। यसरी झर्दा झर्दा १८०० वर्षमा प्रथम गोलसन्धि बिन्दुबाट २७ अंश तल पुग्छ र अर्को १८०० वर्षमा पुनः फर्केर त्यही प्रथम गोलसन्धिको बिन्दुमा आइपुग्छ। यसरी २७×४ = १०८ अंशतुल्य भ्रमणलाई अयनांशको एक भगण भनिन्छ। यस नियमअनुसार अयनांश २७ अंशभन्दा बढी कहिल्यै पनि नहुने तथ्य सिद्ध हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो पृथ्वीलाई भूमध्यरेखा ECUATOR ले उत्तर र दक्षिण दुई भागमा विभाजित गरिदिएको छ । भूमध्यरेखाको धरातललाई अनन्त आकाशमा फैलाउँदै लैजाँदा कल्पित खगोल CELESTIAL SPHERE जहाँ पुगेर कट्छ, त्यसबाट बनेको वृत्तलाई नाडीवृत्त CELESTIAL ECUATOR भनिन्छ। अर्थात् समयको मान यसै वृत्तबाट थाहा हुन्छ।

पृथ्वी आफ्नो अक्षमा ६६°.५ झुकेर सूर्यको वरिपरि परिक्रमण गर्दछ। सापेक्षवादको सिद्धान्त THEORY OF RELATIVITY अनुसार पृथ्वीले सूर्यको परिक्रमण गर्छ भन्नु र त्यही गतिमा सूर्यले पृथ्वीलाई घुम्छ भन्नुमा केही फरक पर्दैन।

पृथ्वीको बनावट मेसिनबाट तयार पारिएको भकुण्डोजस्तो पूरा बाटुलो छैन। उत्तरी ध्रुव NORTH POLE र दक्षिणी ध्रुव SOUTH POLE बाट थिचिएको अर्थात् सुन्तलाजस्तै केही थेप्चो छ। यसबाहेक कहीँ सगरमाथाजस्तो अलङ्घ्य पहाड उठेको छ भने कहीँ प्रशान्त महासागरजस्तो गहिरो खाल्टो परेको छ। त्यसैले पृथ्वीको पिण्ड MASS सबैतिर बराबर छैन। गुरुत्वाकर्षणशक्ति GRAVITATION FORCE वस्तुको पिण्ड MASS माथि निर्भर रहन्छ। सूर्य र चन्द्रको आकर्षणले पृथ्वीलाई प्रभाव पार्दछ। पृथ्वीको पिण्ड सबैतिर समान नभएकाले आकर्षणशक्तिको प्रभाव पनि एकनासले पर्दैन जसले गर्दा ध्रुव र नाडीवृत्तसमेत विचलित हुन आउँछ। यही विचलनलाई अयन विचलन PRECESSION OF THE EQUINOXES भनिन्छ। यसबाट अयन बिन्दुहरू स्थिर छैनन् भन्ने स्पष्ट हुन्छ। यसको दिशा पश्चिमतिर सरिरहेको विषय सबैले स्विकारेका छन् तर यसको गतिका विषयमा मतभिन्नता देखिएको छ। सूर्यसिद्धान्तानुसार यसको वार्षिक गति ५४ विकला हुन्छ भने आधुनिकहरूले ५०.२ विकला मानेका छन्। यसरी स्थिर मेषादि र चल वसन्तसम्पातको अन्तरलाई अयनांश भनिएको हो।

५.३.२. केतकीमतानुसार अयनांशसाधन

इष्ट शकबाट १८०० लाई घटाएर रहेको शेषलाई दुई ठाउँमा राखी ७० र ५० ले अलग–अलग भाग गरेपछि आपसमा लब्धिलाई ७० को लब्धिबाट ५० को लब्धि घटाएर त्यसमा २२।८।३२ जोडिदिनाले वर्षारम्भकालिक अयनांश हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खखाष्टभूम्यूनशकात्खशैलैः, खपञ्चभिर्भागकलादिलब्ध्योः।
यदन्तरं तत् सहिता द्वि हस्ता अष्टौ सुरास्तेऽयनभागसंज्ञाः ॥११॥ [८५]

जस्तै –

अभीष्टशकः = १९१७
खखाष्टभूमिः = −१८००

(क) ७०)११७ (१।४०।१७
−७०
४७
×६०
२८२०
−२८००
२०
×६०
१२००
−११९०
१० शेष

(ख) ५०) ११७ (२।२०।२४
−१००
१७
×६०
१०२०
−१०००
२०
×६०
१२००
−१२००
×

(क) १।४०।१७।०० = ७० ले भाग गरेर आएको लब्धिबाट
(ख) −०।२।२०।२४ = ५० ले भाग गरेर आएको लब्धि घटाएको
१।३७।५६।३६
+२२।०८।३३।००
२३।४६।२९।३६ = अयनांश

शक १९१७ को आरम्भकालिक अयनांशादि = २३।४६।३०

५.३.३. पलभा तथा चरखण्डानयनम्

मेषादिगे सायनभागसूर्ये दिनार्धभा या पलभा भवेत् सा।
त्रिष्ठा हताः स्युर्दशभिर्भुजङ्गैर्दिग्भिश्चरार्धानि गुणोद्धृताऽन्त्या ॥१२॥ [८६]

व्याख्या – ***अयनस्य भागा अयनांशाः, तैः स वर्तमानोयुक्तो यः सूर्यस्तस्मिन् सूर्ये मेषादिगे राशिभागकलादिना शून्यमिते सति तस्मिन् दिने दिनार्धे मध्याह्ने द्वादशाङ्गुलशङ्कुर्निवेश्यः एवं तस्य शङ्कोर्मध्याह्ने भा=छाया, या भवति सा पलभा भवेदित्यर्थः। सा पलभा त्रिष्ठा (त्रिषु स्थानेषु तिष्ठतीति त्रिष्ठा) कार्या। प्रथमस्थानस्थिता***

---

८५ केतकरः, *केतकीग्रहगणितम्*, स्पष्याधिकारः, श्लो.– ६।
८६ (क) पूर्ववत्, श्लो.– ७।
(ख) गणेशदैवज्ञः, *ग्रहालाघवम्*, रविचन्द्रस्पष्याधिकारः, श्लो.– ५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सा पलभा दशभिर्गुण्या, द्वितीयस्थानस्थिता अष्टभिर्गुण्या, तृतीयस्थानस्थिता च पुनर्दशभिर्गुण्या त्रिभिश्च भाज्या। एवं त्रीणि चरखण्डानि भवन्ति।

अर्थ – सायन मेष या तुलाको प्रारम्भ दिनको मध्याह्नको १२ अङ्गुलको शङ्कुको छायालाई पलभा भनिन्छ। त्यसलाई तीन ठाउँमा राखेर क्रमशः १०, ८ र १० ले गुणा गरेर अन्तिम पटकको १० गुणित गुणनफललाई ३ ले भाग दिनाले इष्ट चरखण्ड हुन्छ।

५.४. अक्षांशको सैद्धान्तिक ज्ञान

(१) पूर्वापरवृत्त र नाडीवृत्तको धरातलोत्पन्न कोण अक्षांश हुन्छ।

(२) खमध्यस्थानदेखि निरक्षखमध्यको बीच याम्योत्तरवृत्तमा अक्षांश हुन्छ

(३) समस्थान र ध्रुवस्थान बीचको अन्तरमान अक्षांश हुन्छ।

(४) समस्थान र नाडीवृत्त, उन्मण्डल र क्षितिजवृत्तको मध्यमा अक्षांश हुन्छ।

(५) आफ्नो क्षितिजदेखि ध्रुव नक्षत्रपर्यन्तको उन्नतांश नै अक्षांश हो।

(६) वस्तुतः क्षितिजदेखि ध्रुवको उचाइ नै अक्षांश हो। अतः अक्षांशको व्यावहारिक ज्ञान ध्रुव नक्षत्रको वेधद्वारा मात्र गर्न सकिन्छ।

स्वखमध्यान्निरक्षस्य अन्तरं दक्षिणोत्तरम्। याम्योत्तरे मण्डले चाऽत्र अक्षांशः प्रतिपद्यते॥ [८७]

५.४.१. अक्षांशद्वारा स्थानीयपलभानयनविधिः

इष्टपलभासाधनाय अक्षांशानुसारिपलभाबोधकचक्रमवलोक्य अभीष्टस्थानस्याक्षांशाग्रे स्थिताङ्कानुल्लिखेत्। तदन्तरम् तदग्रिमांशौ मिथो विशोध्य अक्षांशकलाभिः शेषाङ्केषु गुणितेषु सत्सु खरसैर्भागमाहरेत्। ततो भागलब्धौ पूर्वप्राप्ताक्षांशपलभासु संयोज्यमानायां सत्यां इष्टस्थानीयपलभा भवति।

नेपाली –

इष्टस्थानको पलभा साधनका लागि अक्षांशानुसारको पलभाबोधक चक्रमा हेरेर अभीष्ट स्थानको अक्षांशबमोजिम गत र अग्रिम अक्षांशको पलभाको अन्तरलाई अक्षांशको कलामानले गुणा गरेर ६० ले भाग दिनाले लब्धि अङ्गुलआदि पलभा हुन्छ र यसलाई गत अक्षांशको पलभामा जोडिदिँदा आफ्नो अभीष्ट आक्षांशको पलभा हुन्छ।

---

८७ नागेन्द्र पाण्डेय, *खगोलपरिभाषा*, श्लो.- ४८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै –

पाटनको अक्षांश– २७।४०
अक्षांश– २८ – ६।२२।४८ (अक्षांश २८ को पलभाबाट)
अक्षांश– २७ – ६।०७।०० (अक्षांश २७ को पलभालाई घटाएको)
शेष = – ०।१५।४८ शेषलाई
अक्षांशकला × ४० अक्षांशकलाले गुणन गरेको
०।६००।१९२० ÷ ६०
+ ३२
लब्धि = १०, ६३२
–६००
३२ शेष
(अक्षांश – २७ = ६।०७।०० = अक्षांश २७ को पलभामा
+०।१०।३२ = कलाफल जोडेको
६।१७।३२ = पलभा

अक्षांश – २७।४० को = पलभा –६।१७।३२

५.४.२. स्थानीयचरखण्डानयनविधिः

अभीष्टां पलभां त्रिषु स्थानेषु स्थापयित्वा क्रमेण दिग्वसुदिग्भिर्गुणयेत् अन्त्ये रावणेन गुणिताङ्कान् रामेण भाजिते सति मेषादीनां क्रमेण चराङ्काः भवन्ति । तानङ्कान् लङ्कोदयस्य मेषादिमानेभ्यः क्रमेण वियोजयेत् कर्कादिषु व्युत्क्रमेण संयोजयेच्च। तदन्तरम् लङ्कोदयमानाङ्कात् स्वोदया भवन्ति ।

नेपाली –

पलभालाई तीन ठाउँमा राखेर क्रमशः १०, ८ र १० ले गुणा गरेपछि अन्तिमको दशगुणितलाई तीनले भाग गरिदिनाले क्रमशः मेष, वृष, मिथुन राशिहरूको चरखण्डमान हुन्छ र व्युत्क्रमले कर्क, सिंह, कन्याको चरखण्ड हुन्छ। यिनैलाई व्युत्क्रमले राख्दा तुलादि राशिहरूको चरखण्ड हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै –

पलभा = (क)	(ख)	(ग)
६।१७।३२	६।१७।३२	६।१७।३२
× १०	× ८	× १०
६०।१७०।३२०÷६०	४८।१३६।२५६÷६०	६०।१७०।३२०÷६०
+३।+५।–३००	+३।+४।२४०	+३। ५।
६३।१७५।२०	५०।१४०।१६	६३।–१७५
–१२०।	।१२०।	।१२०।
५५ शेष	२० शेष	५५ शेष

३) ६३ (२१
६३
×

पलभा = ६।१०।३२ = चरखण्डानि –६३।५०।२१

इति ग्रहादिस्पष्ट्यध्यायः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथमभावस्पष्टाध्यायः

६.१. अध्यायपरिचय

प्रथमभाव अर्थात् लग्नस्पष्ट गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण विषयवस्तुको प्रस्तुति र आवश्यकताअनुसारका यथेष्ट एवं विभिन्न उदाहरणहरू दिई यस अध्यायमा लग्नस्पष्टसम्बद्ध गणित गरी देखाइएको छ।

६.२. लङ्कोदयमानानि तेभ्यः स्वोदयसाधनञ्च

लङ्कोदया विघटिका गजभानि गोऽङ्क-
दस्रास्त्रिपक्षदहनाः क्रमगोत्क्रमस्थाः।
हीनान्विताश्चरदलैः क्रमगोत्क्रमस्थै-
र्मेषादितो धटत उत्क्रमतस्त्विमे स्युः ॥१३॥[८८]

६.२.१. मेषादीनां राशीनां लङ्कोदयमानानि

२७८।	२९९।	३२३।	३२३।	२९९।	२७८।	२७८।	२९९।	३२३।	३२३।	२९९।	२७८
मे.	वृ.	मि.	क.	सिं.	क.	तृ.	वृ.	ध.	म.	कु.	मी.

व्याख्या – *लङ्कोदयानां स्वदेशीयकरणं चैकवृत्तेनाह– लङ्कोदया इति। एते विघटिकाः पलात्मका लङ्कोदयाः स्युस्तानेवाह– गजभानि अष्टसप्तत्यधिकशतद्वयं (२७८) मेषराशेर्लङ्कोदयमानं भवति। गोऽङ्कदस्राः = नवनवत्यधिकशतद्वयं (२९९) वृषस्य लङ्कोदयमानं भवति। त्रिपक्षदहनाः = त्रयोविंशत्यधिकशतत्रयं (३२३) मिथुनस्य लङ्कोदयमानं भवति। त एवोत्क्रमस्थाः कर्कादित्रयाणाम् लङ्कोदयाङ्का अर्थाद्यन्मिथुनमानं तदेव कर्कटस्य, यद्वृषमानं तदेव सिंहस्य, यच्च मेषमानं तदेव कन्याया इत्यर्थः। एते कन्यापर्यन्ता राशयश्चरदलैः स्वदेशीयचरखण्डकैः क्रमगोत्क्रमस्थैर्हीनान्विता कार्याः। क्रमस्थैस्त्रिभिः क्रमस्थास्त्रयोहीनाः, उत्क्रमस्थैस्थिभिरुत्क्रमस्थास्त्रयो युक्ताः सन्तो मेषादितो मेषमारभ्य षण्णां राशिनामुदयाः स्युः। एत एवोत्क्रमतो धटतस्तुलातः षडुदयाः स्युरित्यर्थः।*

अर्थ – पूर्व साधित चरखण्ड मेषादि तीन राशिमा ऋण (–) तथा कर्कादि तीन राशिमा उत्क्रमले धन (+) गर्नाले स्वदेशीय मेषादि छ राशिको उदयमान हुनेछ। यिनै छ राशिहरूकै विलोमले तुलादि छ राशिहरूको उदयमान हुन्छन्।

---

८८ (क) गणेशदैवज्ञः, *ग्रहलाघवम्*, त्रिप्रश्नाधिकारः, श्लो.– १।
(ख) केतकरः, *केतकीग्रहगणितम्*, त्रिप्रश्नाधिकारः, श्लो.– १।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै –	लङ्कोदयमान	चरखण्ड	स्वोदेशीय उदमान
	२७८ –	६३ =	मे. २१५ मी.
	२९९ –	५० =	वृ. २४९ कु.
	३२३ –	२१ =	मि. ३०२ म.
	३२३ +	२१ =	क. ३४४ ध.
	२९९ +	५० =	सिं. ३४९ वृ.
	२७८ +	६३ =	क. ३४१ तु.

६.२.२. स्वोदयमान

२१५।	२४९।	३०२।	३४४।	३४९।	३४१।	३४१।	३४९।	३४४।	३०२।	२४९।	२१५
मे.	वृ.	मि.	क.	सिं.	क.	तृ.	वृ.	ध.	म.	कु.	मी.

६.३. लग्न

अभीष्ट क्षितिजवृत्तमा संलग्न क्रान्तिवृत्तको राशि, अंशादिलाई लग्न भनिन्छि । पूर्वक्षितिजमा संलग्न क्रान्तिवृत्तको नियत भाग नै लग्न हो । सूर्यक्रान्तिवृत्तमा भ्रमण गर्दछ। त्यसैले उदयकालमा सूर्य नै लग्न हुन्छ। त्यसभन्दा अघि वा पछि हुँदा अनुपातद्वारा लग्न ज्ञात हुन्छ।[८९] क्षितिजवृत्त स्थिर हुन्छ र क्रान्तिवृत्त चल हुन्छ। क्रान्तिवृत्तमा स्थित मेषादि राशिहरूले यस वृत्तका साथमा अहोरात्रमा एक चक्र भ्रमण पूरा गर्दछन्। त्यसैले ६० घडीभित्र सबै राशिहरूको क्षितिजवृत्तका साथमा योग हुन्छ।

यसरी पूर्वक्षितिजमा स्थित क्रान्तिवृत्तीय राशिलाई उदय लग्न भनिन्छ । त्यसैगरी पश्चिम क्षितिजमा संलग्न राशि अस्तलग्न, प्रथमलग्नदेखि चतुर्थ राशि (९० अंश) चतुर्थलग्न, सप्तमदेखि चतुर्थ राशि (९० अंश) दशमलग्न हुन्छ। क्षितिजवृत्तमा क्रान्तिवृत्त तेर्सो पर्छ। त्यसैले अंशात्मक मान समान हुँदा हुँदै पनि सबै लग्नको घट्यात्मक मान समान हुँदैन।

कुजवृत्तभवृत्तस्य लग्नं लग्नमिहोच्यते। प्राक्कुजे तूदयं लग्नमस्ते सप्तमकं भवेत्॥
उभाभ्यां त्रि–त्रिभं ज्ञेयं दशमञ्च चतुर्थकम्। मेषादिद्वादसं लग्नमुदयाद् गण्यते तदा॥[९०]

---

८९ *सूर्यसिद्धान्त,* त्रिप्रश्नाधिकार, श्लो.– ४६ –४८ को उपपत्ति।
९० नागेन्द्र पाण्डेय, ***खगोलपरिभाषा,*** श्लो.– ५६ – ५७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.३.१. लग्नानयने सामान्यविधिः

तत्कालार्कः सायनः स्वोदयघ्ना भोग्यांशाः खत्र्युद्धृता भोग्यकालः ।
एवं यातांशैर्भवेद्यातकालो भोग्यः शोध्योऽभीष्टनाडीपलेभ्यः ॥१४॥
तदनु जहीहि गृहोदयांश्च शेषं गगनगुणघ्नमशुद्धहल्लवाद्यम् ।
सहितमजादिगृहैरशुद्धपूर्वैर्भवति विलग्नमदोऽयनांशहीनम् ॥१५॥[९१]

व्याख्या - *यस्मिन् काले लग्नं साध्यते तात्कालिकः सूर्यः सायनोऽयनांशयुक्तः कार्यः । अस्य सूर्यस्य राशिवशाद्यः स्वदेशीय उदयस्तेन भोग्यांशा रवेस्त्रिंशच्च्युता भुक्तभागा गुण्याः । ते खत्र्युद्धृतास्त्रिंशद्भक्ता यदा भवन्ति तदा रवेः पलाद्यो भोग्यकालः स्यात् । सायनसूर्यराशिरेवोदयराशिस्तस्यैव मानेन तस्य भुक्तभागा गुण्यास्तदनन्तरं त्रिंशता भक्तास्त एव भुक्तकालं जनयन्ति ।*

लग्नसाधनं द्विधा क्रियते- भोग्यकालेन भुक्तकालेन च । भोग्यकालेन लग्नसाधनं क्रियते चेत्तर्हि भोग्यकाल इष्टघटीनां पलेभ्यः शोध्यः । ततः किं विधेयमित्यत आह- तदनु = तदनन्तरं, गृहोदयान् = तदग्रराश्युदयान् तस्मात् कालात् जहीहि यावत् शुद्ध्यन्ति तावत् शोधयेदित्यर्थः । यच्छेसं तद् गगनगुणघ्नम् = त्रिंशद्गुणमशुद्धेनोदयेन हृद् = भक्तम्, लवाद्यं = भागाद्यं यल्लब्धं तदजाद्यशुद्धपूर्वसहितम् । अशुद्धोदयतः पूर्वं यावन्तो मेषादयो राशयस्ते तस्य ऊर्ध्वस्थाने गृहे स्थाप्याः । तदयनांशहीनं सत् तात्कालिकं राश्यादिकं लग्नं भवतीति निष्कर्षः ।

अर्थ - तात्कालिक स्पष्टसूर्यमा तत्कालिक अयनांश जोडिदिनाले सायनसूर्य हुन्छ । इष्टकालिक सायन सूर्यको भोग्यांश वा भुक्तांशलाई स्वोदयमानले गुणा गरेर ३० ले भाग दिनाले भोग्यकाल र भुक्तकाल हुन्छ । इष्ट घडीको पलमा अर्थात् पलात्मक इष्टमा भोग्यकाललाई घटाएर यथासंभव अग्रिम राशिहरूको स्वोदयमानहरूलाई पनि घटाउँदै लैजानुपर्छ र शेषलाई ३० ले गुणन गरेर अशुद्ध राशि (पलात्मक इष्टमा नघटेको राशि) को स्वोदयमानले भाग गरेपछि लब्धि अंशादि फल हुन्छ । त्यसलाई शुद्धराशि (पलात्मक इष्टमा अन्तिम पटक राशि) मा जोडी त्यसबाट अयनांश घटाउँदा निरयनलग्न हुन्छ । लग्नानयनको यस विधिलाई भोग्यप्रकार भनिन्छ ।

रात्रिशेष घडी, पलाको पलात्मक इष्टमा सूर्यको भुक्तकाललाई घटाएर शेषमा गत राशिहरू (सायनसूर्य भएको राशिभन्दा पछिल्ला राशिहरू) को स्वोदयमानहरूलाई घटाउँदै जाँदा रहेको शेषलाई ३० ले गुणा गरेर गुणनफललाई अशुद्ध राशिको स्वोदयमाने भाग दिनुपर्छ । लब्ध अंशादि मानलाई अशुद्ध राशिको संख्यामा घटाउनाले सायनलग्न र त्यसमा अयननांश घटाउँदा निरयण प्रथम लग्न हुन्छ । लग्नानयनको यस विधिलाई भुक्तप्रकार भनिन्छ ।

---

९१ (क) केतकरः, केतकीग्रहगणितम्, श्लो.- २, ३ ।
(ख) गणेशदैवज्ञः, *ग्रहलाघवम्*, पूर्ववत्, श्लो.- २, ३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.३.१.१. प्रथमलग्न ल्याउने तरिका

(क) उदाहरण – १, भोग्यप्रकार

श्रीसूर्योदयादिष्टघटिकादि = ५० ।४२ ।०१ ।३५

	६।४।४०।१९	= सूर्यस्पष्टमा
	+२३।४६।३०	= अयनांश जोडेको
	६।२८।२६।४९	= सायनसूर्य
	२८।२६।४९	= तुला राशिका सूर्यको भुक्तांशादि
एकराशिबाट –	१।००।००।००	
	–२८।२६।४९	भुक्तांशादि घटाएको
	१।३३।११	= तुला राशिको भोग्यांशादिलाई

१। ३३। ११ × ३४१ = तुला राशिको स्वोदयमानले गुणन गरेको

३४१ । ११२५३। ३७५१ ÷ ६०

+१८८। +६२

५२९ ।११३१५ = तेस्रो र दोस्रो अङ्कराशि ६० ले भाग गरेर

११२८०। ३०)५२९(१७।३८ = प्रथम अङ्क राशिलाई ३०ले भाग गर्दा

३५ शेष, ५१०

१९×६०

११४०

११४०

×

भोग्यकाल = १७।३८

श्रीसूर्योदयादिष्टघटिकादि = ५० ।४२ ।०१ ।३५ लाई पलात्मक बनाएको

×६०	
३०००	
+४२	
३०४२	= पलात्मक इष्टबाट
–१७।३८	= तुलाको भोग्यपलादि घटाएको
३०२४।२२	
–३४९	= वृश्चिक
२६७५।२२	
–३४४	= धनु
२३३१।२२	
–३०२	= मकर
२०२९।२२	
–२४९	= कुम्भ
१७८०।२२	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

−२१५ = मीन
१५६५।२२
−२१५ = मेष
१३५०।२२
−२४९ = वृष
११०१।२२
−३०२ = मिथुन
७९९।२२
−३४४ = कर्कट
४५५।२२
−३४९ = सिंह शुद्ध राशि
१०६।२२ = कन्या अशुद्ध राशि

यहाँ सिंहसम्मका राशिहरूका उदयमान पलात्मक इष्टबाट घटे। अतः सिंहलाई शुद्ध भनियो र न घटेको कन्यालाई अशुद्ध भनियो।

१०६।२२ = शेष गगन गुणघ्नं (शेषलाई)
×३० = ३० ले गुणन गरेको
३१८०। ६६० ÷ ६०
+११। ६६०
३१९१। ० शेष,

३४१)३१९१(९ अंश, यसमा अशुद्ध राशि कन्याको उदयमानले भाग गरेको (अशुद्ध हल्लवाद्यम्)
३०६९
१२२
×६०
३४१) ७३२० (२१ कला
७१६१
१५९
×६०
३४१) ९५४० (२७ विकला
९२०७
३३३ शेष,

लब्ध अंशादि = ९।२१।२७

(भोग्य प्रकारले लग्न साधन गरिएकाले

शुद्ध राशि संख्या	= ५।००।००।००	= शुद्ध राशि सिंहमा
	+ ०९।२१।२७	= लब्ध अंशादिलाई जोडेको
	५।०९।२१।२७	= सायन लग्नबाट
	−२३।४६।३०	= अयनांश घटाएको
प्रथमलग्नस्पष्ट =	**४।१५।३४।२७**	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) उदाहरण – २, भोग्यप्रकार

रात्रिगत इष्टघटिकादि = २२।३६।१३।२५= बाट लग्नसाधन गर्दा

= ६।२८।२६।४९ = सायनसूर्यमा

+६। ००।००।०० = ६ राशि जोडेको

०।२८।२६।४९

३०।००।०० = तीस अंशबाट

–२८।२६।४९ = भुक्तांशादि घटएको

०१।३३।११ = मेषको भोग्यांशादिलाई

×२१५ = मेषको स्वोदयमानले गुणेको

२१५। ७०९५। २३६५ ÷ ६०

+११८। +३९।

३३३। ७१३४

–७०८०

५४ शेष

३०) ३३३ (११ ।६

३३०

३

×६०

१८०

१८०

×

मेषको भोग्यकाल (पलादि) = ११ । ६

रात्रिगत इष्टघटिकादि =२२।३६।१३।२५

× ६०

१३२०

+३६

पलात्मक इष्ट = १३५६ = पलात्मक इष्टबाट

११ । ०६= मेषको भोग्यपलादि घटएको

१३४४। ५४

–२४९ = वृष

१०९५। ५४

–३०२ = मिथुन

७९३। ५४

–३४४ = कर्कट

४४९। ५४

–३४९ = सिंह, अन्तिम पटक घटित शुद्ध राशि,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१००। ५४ = घटाउँने क्रममा नघटेको कन्या राशिलाई अशुद्ध भनियो।

१००। ५४ × ३० = ३०००। १६२०÷ ६०

+२७

३०२७

अशुद्ध राशि कन्याको मान = ३४१) ३०२७ (८ अंश

२७२८

२९९शेषलाई

×६० = ले गुणन गरेको

३४१)१७९४०(५२ = कला

१७७३२

२०८

×६०

३४१)१२४८०(३६ विकला

१२२७६

२०४शेष,

लब्ध अंशादि = ८।५२।३६

शुद्ध राशि संख्या	= ०५।००।००।००	= शुद्ध राशि सिंहमा
लब्ध अंशादि	= +०८।५२।३६	= लब्ध अंशादि जोडेको
	= ०५।०८।५२।३६	= यो सायन लग्न भयो, यसबाट
	= − २३।४६।३०	= अयनांश घटाएको
	= ०४।१५।०६।०६	**= निरयन प्रथम लग्नस्पष्ट भयो।**

(ग) उदाहरण – ३, भुक्तप्रकार

अहोरात्रमान = ६०। ००। ००। ०० बाट

श्रीसूर्योदयादिष्टघटिकादि = −५०। ४२। ०१। ३५ घटाउँदा

रात्र्यवशेष इष्टघटिकादि = ०९। १७। ५८। २५ भयो

सायन सूर्य = ०६। २८। २६। ४९

भुक्तप्रकारले लग्न साधन गर्दा २८। २६।४९= तुलाको भुक्तांशादिलाई नै

तुलाकै उदय मानले गुणेको = × ३४१

९५४८। ८८६६। १६७०९ ÷ ६०

+१५२। +२७८

९७००। ९१४४ ÷ ६० = १५२

९१२०

२४ शेष,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३०) ९७०० (३२३ लब्धि
९६९०
१० शेषलाई
× ६० ले गुणन गरेको
६०० = गुणनफल

गुणनफललाई ३० ले भाग गरेको = ३०) ६०० (२० = लब्धि
६००
×

भुक्तकाल (पलादि) = ३२३। २०

रात्र्यवशेष इष्टघटिकादि = ०९। १७। ५८। २५
× ६०
५४०
+१७
पलात्मक इष्ट = ५५७
पलात्मक इष्ट = ५५७ बाट
−३२३। २० = तुलाको भुक्तपलादि घटाएको
यहाँ शेष= २३३। ४० बाट
कन्याको मान =−३४१ घटेन,
अतः शेष अङ्क = २३३। ४० लाई नै
× ३० ले गुणन गरेको
६९९०। १२०० ÷ ६०
+२०
अशुद्ध राशि कन्याको मान = ३४१)७०१० (२० अंश
६८२०
१९०
× ६०
३४१) ११४०० (३३ कला
११२५३
१४७
× ६०
३४१) ८८२० (२५ विकला
८५२५
२९५ शेष,

लब्ध अंशादि = २०।३३।२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भुक्तप्रकारको लग्नसाधन हुँदा

अशुद्ध राशि कन्या =		६।००।००।००	= अशुद्ध राशिसंख्याबाट
		–२०।३३।२५	= प्राप्त अंशादि घटाएको)
सायन लग्न	=	५।०९।२६।३५	
	=	– २३।४६।३०	अयनांश घटाएको
निरयन प्रथम लग्नस्पष्ट =		**४।१५।४०।०५**	

विशेष– यहाँ दिइएका तीनवटा विधिहरूमध्ये पहिलो र तेस्रो उदाहरणको श्रीसूर्योदयादिष्टघटिकादि र रात्र्यवशेष इष्टघटिकादिको परिणाम परस्पर निकट छ भने दोस्रो चाहिँ कलादिका हिसाबमा केही फरक परेको छ। इष्टघटिकादि लिँदा घटी, पला पछिका अङ्कहरू छोडिएकाले पहिलो र तेस्रो उदाहरणका बीचमा कलादिको स्वल्पान्तर आएको हो । त्यसमा एउटै इष्ट समयको लग्नसाधन गर्दा आएका विभिन्न उदाहरणहरूमध्ये प्राप्त लग्नहरू यस प्रकार छन्–

श्रीसूर्योदयादिष्टघटिकादि = ५०। ४२ = **०४।१५।३४।५७ प्रथमलग्नस्पष्ट**

रात्रिगत इष्टघटिकादि = २२। ३६ = **०४।१५।०६।०६ = प्रथमलग्नस्पष्ट**

रात्र्यवशेष इष्टघटिकादि = ०९। १७ = **०४।१५।४०।०५ = प्रथमलग्नस्पष्ट**



(लग्नकुण्डली)



(चन्द्रकुण्डली)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.३.२. लग्नानयने विशेषविधिः

भुक्तं भोग्यं स्वेष्टकालान्न शुद्ध्येत् त्रिंशन्निघ्नात् स्वोदयाप्तं लवाद्यम्।
हीनं युक्तं भास्करे तत्तनुः स्यात् रात्रौ लग्नं भार्द्धयुक्ताद्रवेस्तु ॥[९२]

व्याख्या– *भुक्तं भोग्यं च यदेष्टकालनाडीपलेभ्यो न शुद्धध्येत् तदा इष्टनाडीपलानि त्रिंशद्गुणितानि कार्याणि, सायनसूर्यस्य राश्युदयेन भाज्यानि च। ततो लवाद्यं ग्राह्यम्। ततो भास्करे हीनयुक्तं कार्यम्। तद्यथा– यदा रवेर्भुक्तमानीतं भवति तदा लवाद्यं फलं सूर्यमध्ये हीनं कार्यम्। यदा भोग्यमानीतं भवति तदा लवाद्यं फलं सूर्यमध्ये हीनं कार्यम्। तत्तनुः = लग्नं स्यात्। रात्रौ लग्नसाधनं क्रियते चेत्तदा राशिषट्कयुक्ताद्रवेः सकाशाल्लग्नं साध्यम्। रात्रौ दशमलग्नसाधनेऽपि राशिषट्कयुक्ताद्रवेः सकाशाद्भुक्तयोग्यं साध्यम्।*

अर्थ– यदि सूर्यको भुक्त वा भोग्यकाल पलात्मकइष्टमा नघटेमा पलात्मकइष्टलाई ३० ले गुणा गरेर त्यसलाई सायनसूर्यको राशिमानले भाग दिनुपर्छ। यसरी प्राप्त अंशादि लब्धिलाई भुक्तकाल भए सायन सूर्यस्थित राशिबाट घटाउने र भोग्यकाल भए त्यही सायनसूर्यस्थित राशिमै जोडिदिनाले सायनलग्न हुन्छ र यसमा अयनांश घटाएपछि निरयन लग्न हुन्छ। सूर्यास्तपछिको रात्रिगत इष्टघटिकादिबाट लग्नसाधन गर्नुपरेमा सायनसूर्यमा ६ राशि जोडेपछि सायनसूर्यको जुन राशि हुन्छ त्यही राशिको मानले भाग गर्नुपर्छ।

६.३.३. प्रथम लग्न ल्याउने विशेष तरिका

(क) उदाहरण – १, भुक्तप्रकार

रात्र्यवशेष इष्टघटिकादि = ०१।४५ (कल्पित)
सायनसूर्य = ६।२८।२५।२७ (कल्पित)
तुलाको भुक्तांशादि = २८।२५।२७ (कल्पितलाई)
तुलाको स्वोदयमानले = × ३४१ = गुणन गरेको
९५४८।८५२५।९२०७ ÷ ६०
+१४४।+१५३
९६९२।८६७८

---

९२ नीलकण्ठः, **पूर्ववत्**, श्लो.– २७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३०) ९६९२ ३२३। ०४
९६९०
२
× ६०
१२०
१२०
×

तुलाको भुक्तकाल (पलादि) = ३२३।०४

रात्र्यवशेष इष्टघटिकादि = १।४५ = लाई पलात्मक बनाएको ।

× ६०
६०
+४५
१०५ = पलात्मक इष्टबाट
−३२३।०४ = तुलाको भुक्तकाल नघट्दा
१०५ = पलात्मक इष्टलाई नै
×३० = तीसले गुणन गरेको

अशुद्ध राशि तुलाको मान =३४१) ३१५० (९ अंश
−३०६९
८१ शेष,
× ६०
३४१) ४८६० (१४ कला
−४७७४
८६
× ६०
३४१ ० ५१६० (१५ विकला
−५११५
४५ शेष,

लब्ध अंशादि = **९।१४।१५**

सायनसूर्य ६।२८।२५।२७ = सायनसूर्य स्थित राशि संख्याबाट
−०९।१४।१५ = लब्ध अंशादि घटाएको
६।१९।११।१२

६।१९।११।१२ = सायनलग्नबाट
−२३।४६।३० = अयनांश घटाएको
५।२५।२४।४२ = **प्रथम निरयनलग्न स्पष्ट भयो ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) उदाहरण – २, भोग्यानुसार

श्रीसूर्योदयादिष्ट घटिकादि = ००।१० (कल्पित)
सायनसूर्य = ६।२८।२५।२७ (कल्पित)
तीस अंशबाट ३०।००।०० =
– २८।२५।२७ = तुलाको भुक्तांशादि घटाएको
१।३४।३३ = तुलाको भोग्यांशादिलाई
×३४१ = तुलाको स्वोदयमानले गुणन गरेको
३४१। ११५९४। ११२५३ ÷ ६०
+१९६। +१८७
११७८१
३०)५३७ (१७। ५४
५१०
२७
× ६०
१६२०
१६२०
×

तुलाको भोग्यकाल (पलादि)
१७।५४

पलात्मक इष्ट = ००।१० = पलात्मक इष्टबाट
–१७।५४ = भोग्यपलादि घटेन, र
००।१० = पलात्मक इष्टलाई नै
×३० = तीसले गुणन गरेको।
अशुद्ध राशि तुलाको मान ३४१) ३०० (० अंश
× ६०
३४१) १८०००(५२ कला
–१७७३२
२६८
× ६०
३४१)१६०८०(४७ विकला
–१६०२७
५३ शेष,

लब्ध अंशादि = ०।५२।४७

सायनसूर्य = ६।२८।२५।२७ विशेष नियमानुसार सायनसूर्यस्थित राशिमा
+ ००।५२।४७ = लब्ध अशादिलाई जोडेको
६।२९।१८।१४= सायनलग्न
–२३।४६।३०= अयनांश घटाएको

निरयण प्रथम लग्नस्पष्ट= ६।०५।३१।१४

इति प्रथमभावस्पष्टाध्याय:

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशमभावस्पष्टाध्यायः

७.१. अध्यायपरिचय

यस अध्यायमा दशमलग्न साधन गर्नका लागि आवश्यक पर्ने नतसाधनका सबै प्रकारका विधि, प्रक्रियाका साथै दशमलग्न ल्याउने क्रममा आवश्यक सबै प्रकारका उदाहरण दिई दशमभाव स्पष्ट पारिएको छ।

७.२. दशमलग्नसाधनमा नतानयन

दशमलग्नसाधन गर्नका लागि नतज्ञान अपेक्षित हुन्छ। यहाँ विविधमत र प्रकारले नतज्ञान प्रस्तुत गरिएको छ।

७.२.१. दशमलग्नसाधने नतानयनस्य प्रथमप्रकारः

पूर्वं नतं स्याद्दिनरात्रिखण्डं दिवानिशोरिष्टघटीविहीनम् ।
दिवानिशोरिष्टघटीषु शुद्धं द्युरात्रिखण्डं त्वपरं नतं स्यात् ॥१७॥[९३]

व्याख्या – *दिनार्धपूर्वकाले इष्टकाले सति दिनखण्डम् = दिनार्धं दिनगतघटीभिर्हीनं कार्यम् । तदा दिनपूर्वनतं स्यात् । रात्रौ रात्र्यर्धपूर्वकाले इष्टकाले सति रात्रिखण्डम् = रात्र्यर्धं रात्रिगतघटीभिर्हीनं कार्यम्, तदा रात्रिपूर्वनतं स्यात् । तत्क्षणं यदा दिनार्धादुपरीष्टकालस्तदा सूर्योदयादिष्टघटीषु शुद्धं कार्यम् = शोध्यम्, द्युखण्डम् = दिनार्धं दिवसे अपरनतम् = पश्चिमनतं स्यात्, तथा रात्र्यर्धादुपरीष्टकाले सति सूर्यास्तादिघटीषु शोध्यम्, रात्र्यर्धं रात्रौ पश्चिमनतं स्यात् ।*

अर्थ – दिन र रात्रिको इष्टकाल क्रमश दिनार्ध र रात्र्यर्धबाट घटाउँदा पूर्वनत हुन्छ। अर्थात् दिनमानको अर्ध = दिनार्ध र रात्रिमानको अर्ध = रात्र्यर्धबाट यदि दिन र रात्रिको इष्टकाल घट्छ भने शेष तुल्य पूर्वनत हुन्छ। यसैगरी दिन र रात्रिको इष्टकालमा दिनार्ध र रात्र्यर्ध घट्छ भने क्रमशः दिन र रात्रिको परनत हुन्छ।

मध्याह्नकालमा सूर्यबिम्बकेन्द्र याम्योत्तराहोरात्र वृत्तमा रहन्छ। त्यसैले पूर्वकपालीय इष्टकाल नै दिनार्धमा घट्नेछ। त्यसैगरी अधः याम्योत्तराहोरात्र वृत्त

---

९३ **पूर्ववत्**, श्लो.– २०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पातगत रविकेन्द्रको समय अर्धरात्रकालमा सूर्यास्तान्तर अर्धरात्रिपर्यन्त इष्टकाल कम हुनाले रात्रिको पूर्वनत हुन्छ । त्यसैगरी मध्याह्नोन्तर पश्चिमकपालीय इष्टकालमा दिनार्ध र अर्धरात्रि बितेपछिको इष्टकालमा रात्र्यर्ध घटाउँदा दिन र रात्रिको परनत हुन्छ ।

७.२.२. दशमलग्नसाधने नतानयनस्य प्रकारान्तरम्

रात्रेः शेषमितं युतं दिनदलेनाह्नोगतं शेषकं
विश्लेष्यं खलु पूर्वपश्चिमनतं त्रिंशच्च्युतं चोन्नतम् ।
यत्पूर्वोन्नतषड्भयुक्तरवितः पश्चान्नतादित्यतो
यल्लङ्कोदयकैश्च लग्नमिव तन्माध्यं सषड्भं सुखम् ॥१८॥[९४]

व्याख्या – *रात्रेः = निशायाः, शेषं = अवशिष्टघट्यादिकम्, इतम् = गतघट्यादिकम्, दिनदलेन = दिनार्धेन, युतं क्रमशः पूर्वपश्चिमनतम् = पूर्वापरनतं भवति । अर्थात् अर्धरात्रात् पश्चाज्जन्मसमयश्चेत् तदा राशिशेषं दिनदलेन युतं पूर्वनतं भवति, तथा च अर्धरात्रात् प्रागेव जन्मसमयश्चेत्तदा रात्रिगतं दिनदलेन युतं पश्चिमनतं भवति । एवं अह्नः = दिवसस्य गतं शेषकं च दिनदलेन विश्लेष्यम् = दिनार्धेन विशोध्यम् । तदा क्रमेण पूर्वपश्चिमनतं सिद्ध्यति । अर्थात् दिनस्य गतं दिनार्धेन विशोध्यते तदा पूर्वनतम्, एवं च दिनस्य शेषमानं दिनदलेन विशोध्यते तदा पश्चिमनतम् । तन्नतं त्रिंशच्च्युतम् = त्रिंशतः शुद्धमुन्नतं स्यात् । अर्थात् पूर्वसाधितनतयोः पूर्वनते त्रिंशच्च्युते पूर्वोन्नतं भवति ।*

पूर्वोन्नतषड्भयुक्तरवितः=पूर्वोन्नतघटिकाषड्राशियुक्तसूर्यतः, लङ्कोदयकैः = लङ्कायाः, राश्युदयमानैः, लग्नमिव = लग्नसाधनमिव, यल्लग्नं सिद्ध्यति तन्माध्यं = तद्दशमलग्नम्, तत्सषड्भम् = दशमलग्नं षड्राशियुतम्, सुखम् = चतुर्थभावः, सिद्ध्यतीति भावः ।

अर्थ – रात्रिमा अर्घरात्रिपछि इष्टकाल भएमा ६० घटीमा इष्टघटिकादिलाई घटाउनाले रहेको शेष रात्र्यावशिष्ट घटिकादिलाई दिनार्धमा जोडिदिँदा पूर्वनत हुन्छ । रात्रिमा अर्धरात्रिभन्दा पहिलेको इष्टकाल भएमा रात्रि गतघटिकादिलाई दिनार्धमा जोडिदिँदा पश्चिमनत हुन्छ । दिनमा मध्याह्नभन्दा पूर्व इष्टकाल भएमा दिनगत घटिकादिलाई दिनार्धमा घटाउँदा पूर्वनत हुन्छ ।

---

९४ केशवदैवज्ञः, *जातकपद्धतिः*, श्लो.– २ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रात्रिमा अर्धरात्रिभन्दा पहिलेको इष्टकाल भएमा रात्रि गतघटिकादिलाई दिनार्धमा जोडिदिँदा पश्चिमनत हुन्छ। दिनमा मध्यान्हभन्दा पूर्व इष्टकाल भएमा दिनगत घटिकादिलाई दिनार्धमा घटाउँदा पूर्व नत हुन्छ। यदि मध्यान्होत्तर सूर्यास्त पूर्वको इष्टकाल भएमा दिनशेष घटिकादिलाई दिनार्धमा घटाउँदा पश्चिमनत हुन्छ। पूर्वनतलाई ३० मा घटाउँदा पूर्वोन्नत हुन्छ।

पूर्वनत भएमा पूर्वोन्नत घटिकादिलाई इष्टकाल कल्पना गरेर सायन सूर्यमा ६ राशि जोडेर लङ्कोदयमानद्वारा भोग्य प्रकारले लग्नसाधनको नियमानुसार लग्नसाधन गर्नाले दशमलग्न हुन्छ। यदि पश्चिमनत भएमा पश्चिमनत घटिकादिलाई नै इष्टकाल मानेर तात्कालिक सायन सूर्यद्वारा लग्नसाधनको नियमानुसार भोग्य प्रकारले लग्नसाधन गर्दा दशमलग्न हुन्छ। सायन दशम लग्नमा अयनांश घटाउँदा निरयन दशमलग्न हुन्छ। दशमलग्नमा ६ राशि जोड्दा चतुर्थभाव हुन्छ।

७.२.३. विभिन्न नतज्ञानविधि

दशम लग्न साधन गर्नुभन्दा पहिला नत ज्ञान गर्नुपर्ने हुँदा विविध विद्वान् तथा ग्रन्थहरूको नतज्ञान सम्बन्धी अधिकांश धारणा र विचारलाई यहाँ समावेश गरिएको छ। वस्तुतः सबैको परिणति एउटै आउँछ तापनि पाठकहरूका लागि विविध ग्रन्थका भिन्दाभिन्दै तरिकाहरू देख्दा जटिलताको अनुभव हुन सक्ने हुँदा त्यसको समाधानका लागि सबैका तरिकाहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ। नत ल्याउन निम्नलिखित तरिकाहरूमध्ये जुन तरिका अपनाए पनि कलादिमा सामान्य अन्तरबाहेक एउटै उत्तर आउँछ। प्रायः सबै तरिकाले उदाहरण पनि यसमा दिइएको छ।

(क) नत ल्याउने पहिलो प्रकार

(१) सूर्योदयदेखि मध्याह्नभित्रको इष्टघटिकादिलाई दिनार्ध घटिकादिबाट घटाउनाले पूर्वनत हुन्छ।

(२) मध्याह्नोत्तरदेखि सूर्यास्तपूर्व जातकको जन्म भएमा श्रीसूर्योदयादिष्ट घटिकादिबाट दिनार्ध घटिकादि घटाउँदा पश्चिम नत हुन्छ।

(३) सूर्यास्तदेखि मध्यरात्रिपर्यन्त जातकको जन्म भएमा श्रीसूर्योदयादिष्ट-घटिकादिबाट दिनार्धघटिकादि घटाउँद पश्चिमनत हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) मध्यरात्र्युत्तर समयदेखि सूर्योदयपूर्व जातकको जन्मसमय भएमा श्रीसूर्योदयादिष्ट घटिकादिलाई अहोरात्रमान (६० घडी) बाट घटाएर शेषलाई दिनार्धघटिकादिका जोड्दा पूर्वनत हुन्छ।[९५]

(ख) दोस्रो प्रकार

(१) ऐजन।
(२) मध्याह्नोत्तर समयदेखि सूर्यास्तपूर्वको जन्मसमय भएमा श्रीसूर्योदयादिष्ट घटिकादिलाई दिनमान घटिकादिबाट घटाएर शेषलाई पुनः दिनार्धघटिकादिबाट घटाउनाले पश्चिमनत हुन्छ।
(३) सूर्यास्तदेखि रात्र्यर्धपूर्वको जन्मसमय भएमा श्रीसूर्योदयादिष्ट-घटिकादिबाट दिनमानघटिकादि घटाएर शेषलाई दिनार्धघटिकादिमा जोडिदिनाले पश्चिमनत हुन्छ।
४) ऐजन।[९६]

(ग) तेस्रो प्रकार

(१) ऐजन।
(२) मध्याह्नोत्तर समयदेखि सूर्यास्तपूर्वको जन्मसमय भएमा दिनशेष घटिकादिलाई दिनार्ध घटिकादिबाट घटाउँदा पश्चिमनत हुन्छ।
(३) ऐजन।
(४) ऐजन।

विशेष – पूर्वनतका घटिकादिलाई ३० बाट घटाउँदा (शेष) पूर्वोन्नत हुन्छ। पर्वोन्नतानुसार दशमलग्न साधन गर्दा सायनसूर्यमा ६ (राशि) जोडेर आएको राशिको लङ्कोदयमानद्वारा भोग्य प्रकारले दशमभाव साधन गरिन्छ। अन्यथा पूर्वनतानुसार भुक्त प्रकारले गर्नुपर्छ।[९७]

---

९५ मीठालाल ओझा, **पूर्ववत्**, पृ. ३४।
९६ नेमिचन्द्र शास्त्री, ***भारतीय ज्योतिष***, (नयाँ दिल्ली : भारतीयज्ञानपीठ प्रकाशन, सन् १९९७) पृ. १४६, १४७।
९७ केशवदैवज्ञः, **पूर्ववत्**।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) चौथो प्रकार

(१) ऐजन।

(२) मध्याह्नोत्तरकालदेखि सूर्यास्तपूर्व जन्म भएमा श्रीसूर्योदयादिष्टघटिकादिबाट दिनार्ध घटाउँदा दिवापरनत हुन्छ।

(३) सूर्यास्तदेखि मध्यरात्रिपर्यन्तको रात्रिगत इष्टघटिकादिलाई रात्र्यर्धघटिकादिबाट घटाउँदा रात्रिपूर्वनत हुन्छ।

(४) मध्यरात्र्योत्तरसमयदेखि सूर्योदयपूर्वको इष्ट भएमा रात्रिगत घटिकादिबाट रात्र्यर्धघटिकादिलाई घटाउँदा रात्रिपरनत हुन्छ।[९८]

७.२.४. प्रथम–चतुर्थ–सप्तम–दशमलग्नको परिभाषा

आफ्नो उदयक्षितिजमा स्पर्श गर्ने क्रान्तिवृत्तको निश्चित प्रदेश नै प्रथमलग्न हुन्छ। अस्तक्षितिज र क्रान्तिवृत्तको योगप्रदेश सप्तमलग्न हुन्छ। याम्योत्तरवृत्तको ऊर्ध्वभागलाई क्रान्तिवृत्तले जहाँ स्पर्श गर्छ त्यसलाई दशमलग्न वा मध्यलग्न भनिन्छ। याम्योत्तर र क्रान्तिवृत्तको अधःस्पर्शप्रदेश चतुर्थलग्न कहलाउँछ।

यत्र लग्नं भवृत्तं स्वके प्राक्कुजे तद् गृहाद्यं बुधैर्लग्नमित्युच्यते।
अस्तलग्नयुतं यत्र पश्चात्कुजे मध्यलग्नं च याम्योत्तरे मण्डले॥[९९]

७.२.५. दशमलग्नानयनम्

एवं लङ्कोदयैर्भुक्तं भोग्यं शोध्यं पलीकृतात्।
पूर्वपश्चान्नतादन्यत्प्राग्वत्तद् दशमं भवेत्॥१९॥[१००]

व्याख्या– *एवमनया रीत्या अर्थात् प्रथमलग्नानयनवत् कृत्वा तदतिरिक्तं स्वोदयस्थाने लङ्कोदयैः कृत्वा रवेर्भुक्तं भोग्यं साध्यम्, तत्पलीकृतात्= पूर्वपश्चिमनताच्छोध्यम्। अन्यदनवशिष्टं यत् कर्म तत् प्राग्वत् = पूर्वरीत्या अर्थात् प्रथमलग्नानयनवत् साध्यं तद्दशमं भवेत्। तद्यथा– यदा पूर्वनतं भवति तदा पूर्वनतमिष्टकालं प्रकल्प्य लंकोदयैः कृत्वा रवेर्भुक्तं शोध्यम्। अन्या क्रिया ऋणलग्नवत्। यदा पश्चिमनतं भवति तदा पश्चिमनतमिष्टकालं प्रकल्प्य लङ्कोदयैः कृत्वा रवेर्भोग्यं शोध्यम् अन्यक्रिया धनलग्नवत् कार्या तद्दशमं लग्नं भवेत्।*

---

९८ नीलकण्ठः, पूर्ववत्।
९९ *गोलपरिभाषा,* व्याख्या. कामेश्वर उपाध्याय, श्लो.– ७१।
१०० पूर्ववत्, श्लो.– २३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ– दशमलग्न साधन पनि प्रायः प्रथमलग्नकै नियमअनुसार गरिन्छ। सायन सूर्यलाई सूर्य मानेर इष्ट घटिकादिका ठाउँमा नतकाललाई इष्टकाल मानी राशि तथा स्वोदयपलका सट्टा लङ्कोदय (निरक्षोदयी) पलहरूद्वारा भुक्त वा भोग्य प्रकारले गणित गर्दा आउने लग्न नै दशमलग्न हुन्छ।

विशेष– दिन या रात्रिको पूर्वनतद्वारा गणित गर्दा भुक्त प्रकारले र दिन या रात्रिको परनत घटिकादिद्वारा भोग्य प्रकारले दशम लग्न साधन गर्नुपर्छ। दशमलग्न साधनका विविध प्रकारहरू छन् जसमा आपसमा विकलात्मक फरक पर्न सक्छ। यसरी सर्वतोभावेन क्वचित् विकलात्मक एकता नहुन पनि सक्छ।

दशमलग्न ल्याउने तरिका

(क) उदाहरण – १, पूर्वनत भुक्तप्रकार

अहोरात्रमान	=	६०।००।००।००	= बाट
श्रीसूर्योदयादिष्टघटिकादि	=	–५०।४२।०१।३५	= लाई घटाउँदा
रात्र्यवशेष–इष्टघटिकादि	=	०९।१७।५८।२५	= भयो। यसमा
दिनार्ध घटिकादि	=	+१४।०२।५४।०५	= जोड्दा
पूर्वनत घटिकादि	=	२३।२०।५२।३०	= भयो
सायनसूर्य	=	६।२८।२६।४९	
तुलाको भुक्तांशादिलाई	=	२८।२६।४९	
तुलाको लङ्कोदयमानले गुणन गरेको		×२७८	

७७८४ ।७२२८। १३६२२ ÷ ६०
+१२४ ।+२२७
७९०८। ७४५५
७४४०
१५ शेष,

३०) ७९०८ (२६३। ३६
७८९०
१८ × ६० = १०८०
१०८०
×

तुलाको भुक्तपलादि = २६३। ३६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वनतघटिकादि = २३।२०।५२।३०

× ६०
१३८०
+ २०
१४०० = पलात्मक पूर्वनतबाट
−२६३। ३६ = तुलाको भुक्तपलादि घटाएको
११३६। २४
− २७८ = कन्या
८५८। २४
−२९९ = सिंह
५५९। २४
− ३२३ = कर्कट (शुद्ध राशि)
२३६। २४ मिथुन अशुद्ध राशि।
×३०
७०८०। ७२० ÷ ६०
+१२
७०९२

अशुद्ध राशि मिथुनको लङ्कोदयमानले भाग गरेको ३२३) ७०९२ (२१ अंश

६७८३
३०९
×६०
३२३) १८५४० (५७ कला
१८४११
१२९
×६०
३२३) ७७४० (२३ विकला
७४२९
३११ शेष,

लब्ध अंशादि =२१।५७।२३

अशुद्ध राशि मिथुन	=	३।००।००।०० = को (तीन) संख्याबाट
लब्ध अंशादि	=	−२१।५७।२३ = लाई घटाएको
सायनदशम लग्न	=	२।०८।०२।३७
अयनांश घटाएको	=	−२३।४६।३०
निरयण दशमलग्न	=	**१।१४।१६।०७**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) उदाहरण– २, पूर्वोन्नत भोग्यप्रकार

सूत्र = ३०।००।००।००
पूर्वनत घटिकादि =–२३।२०।५२।३०
पूर्वोन्नत घटिकादि= ०६।३९।०७।३०
सायनसूर्य = ०६।२८।२६।४९
+ ६
०।२८।२६।४९

पूर्वोन्नतको नियमले गणित गर्दा सायन सूर्यमा ६ राशि जोडेको।

३०।००।००
भुक्तांशादि = –२८।२६।४९
भोग्यांशादि = १।३३।११

भुक्तांशादिलाई ३० अंशबाट घटाउँदा भोग्यांशादि १।३३।११ आएको हो।

मेषको भोग्यांशादिलाई १।३३।११
मेषकै लङ्कोदयमानले गुणन गरेको ×२७८

२७८। ९१७४। ३०५८ ÷ ६०
+१५३। +५०
४३१ ९२२४
९१८०
४४ शेष

३०) ४३१ (१४ । २२ (शेष ४४ लाई लिँदा २२+१ थप गरी <u>१४।२३</u> लिन सकिन्छ।
४२०
११
× ६०
६६०
६६०
० यसरी **मेष राशिको भोग्यकाल = <u>१४।२३</u> हुन आउँछ।**

पूर्वोन्नतघटिकादि = ६। ३९
× ६०
३६०
+ ३९
पलात्मक पूर्वोन्नतबाट =३९९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेषको भोग्यकाल घटाएको −१४।२२ =
३८४।३८
−२९९ = वृष = (शुद्ध राशि)
८५।३८ = (अशुद्ध राशि मिथुन)
×३०
२५५०। ११४० ÷ ६०
+१९
२५६९

अशुद्धराशि मिथुनको लङ्कोदयमान ३२३) २५६९ (७ अंश
−२२६१
३०८
× ६०
३२३) १८४८० (५७ कला
−१८४११
६९
× ६०
३२३) ४१४० (१२ विकला
−३८७६
२६४ शेष,

लब्ध अंशादि = ७।५७।१२
शुद्ध राशि वृष = २ = संख्या दुईमा
लब्ध अंशादि = + ७।५७।१२ = लाई जोडेको।
सायन दशम लग्न= ०२।७।५७।१२ = बाट
= −२३।४६।३०= अयनांश घटाएको
निरयन दशमलग्न = ११।१४।१०।४२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) उदाहरण – ३, रात्रिपरनत भोग्यप्रकार

श्री सूर्योदयादिष्ट घटिकादि = ५०।४२।०१।३५ = बाट
दिनमानघटिकादि = – २८।०५।४८।१० = लाई घटाउँदा
रात्रिगत इष्ट घटिकादि = २२।३६।१३।२५= भयो। यसबाट
रात्र्यर्धघटिकादि = –१५।५७।०५।५५= लाई घटाउँदा
रात्रिपरनतघटिकादि = ०६।३९।०७।३०= भयो
सायनसूर्य स्पष्ट = ०६।२८।२६।४९ = परनतबाट गणित गर्दा सायनसूर्यमा
+०६ = ६ राशि जोडेको
००।२८।२६।४९
३०।००।००= तीस अंशबाट
मेषको भुक्तांशादि = – २८।२६।४९ = भुक्तांशादिलाई घटाउँदा
मेषको भोग्यांशादि = ०१।३३।११ लाई
मेषकै लङ्कोदयमान × २७८ ले गुणन गरेको
२७८। ९१७४। ३०५८ ÷ ६०
+१५३। +५०
४३१। ९२२४
–९१८०
४४ शेष,

३०) ४३१ (१४ । २२
४२०
११
× ६०
६६०
६६०
×

रात्रिपरनत घटिकादि = ०६।३९।०७।३०
× ६०
३६०
+३९
पलात्मक परनत = ३९९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३९९ = पलात्मक परनतबाट

मेषको भोग्यपलादि = −१४।२२=मेषको भोग्यपलादि घटाएको

३८४।३८

शुद्ध राशि वृष −२९९

अशुद्ध राशि मिथुन = ८५। ३८ × ३० =

२५५०। ११४० ÷ ६०

+१९

अशुद्ध राशि मिथुनको लङ्कोदयमानले भाग गरेको ३२३)२५६९ (७अंश

−२२६१

३०८

×६०

३२३) १८४८० (५७ कला

−१८४११

६९

×६०

३२३) ४१४० (१२ विकला

−३८७६

२६४ शेष,

लब्ध अंशादि = ७।५७।१२

शुद्ध राशि (वृष) = ०२।००।००।०० = संख्या दुईमा

लब्ध अंशादि = + ७।५७।१२ = लाई जोड्दा

सायन दशमलग्न = ०२।७।५७।१२ = भयो। यसबाट

−२३।४६।३० = अयनांश घटाउँदा

निरयण दशमलग्न = ०१।१४।१०।४२ = भयो।

विशेष– एउटै इष्टमानमा दिइएका विविध उदाहरणहरूद्वारा गणितागत स्पष्ट दशम लग्न यस प्रकार छन् –

(१) पूर्वनत घटिकादि = २३।२०।५२।३० = १।१४।१६।७

(२) पूर्वोन्नत घटिकादि = ०६।३९।०७।३० = १।१४।१०।४२

(३) रात्रिपरनत घटिकादि = ०६।३९।०७।३० = १।१४।१०।४२

इति दशमभावस्पष्टाध्यायः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शेषभावस्पष्ट्याध्यायः

८.१. अध्यायपरिचय

द्वादशभाव स्पष्ट गर्ने क्रममा प्रथम र दशमभावबाहेकका अन्य सबै भाव र सन्धिहरूलाई आवश्यक विभिन्न उदाहरणद्वारा स्पष्ट पारी यसमा चलितचक्रसमेत प्रस्तुत गरिएको छ।

८.२. ससन्धिकं शेषभावानयनम्

यस अघि नै प्रथम र दशमभाव स्पष्ट गरिसकिएको छ। अब त्यसबाहेकका सबै भाव र साधन गर्न बाँकी सबै सन्धिहरू उदाहरण सहित यहाँ प्रस्तुत गरिएको छ।

८.२.१. ससन्धिकं शेषभावानयनस्य प्रथमः प्रकारः

सषड्भे लग्नखे जायातुर्यौ लग्नोनतुर्यतः।
षष्ठांशयुक्तनुः सन्धिरग्रे षष्ठांशयोजनात् ॥२०॥
त्रयः ससन्धयो भावाः षष्ठांशोनैकयुक्सुखात्
अग्रे त्रयः षडेवं ते भार्द्धयुक्ताः परेऽपि षट् ॥२१॥[१०१]

व्याख्या – *लग्नं राशिषट्कयुतं जाया = सप्तमभावो भवति। एवं सषड्भे खे तुर्यश्चतुर्थभावो भवति एवं भावचतुष्टयं जातम्। अथ लग्नोनतुर्यतः = लग्नं चतुर्थभावाच्छोध्यं शेषस्य षष्ठांशो राश्यादिस्तेनयुक् तनुर्लग्नं कार्यम्। सलग्नद्वितीयभावयोः सन्धिः स्यात्, लग्नस्य विरामसन्धिः स्यात्, धनभावस्यारम्भसन्धिरिति सर्वत्र ज्ञेयम्। अग्रे षष्ठांशयोजनात् स एवागतसन्धि, तेन = षष्ठांशेन युक्तोऽग्रे द्वितीयभावः स्याद् द्वितीयभावः षष्ठांशयुक्तः द्वितीयतृतीयभावयोः सन्धिः स्यात्। अयं षष्ठांशयुक्तस्तृतीयभावः स्यात्। अयं षष्ठांशयुक्तस्तृतीयचतुर्थभावयोः सन्धिः स्यात् एवं त्रयः ससन्धयोर्भावा जाताः। तदनन्तरमग्रे त्रयः ससन्धयः, भावाः साध्याः, तद्यथा पूर्वानीतषष्ठांसं रूपमध्ये संशोध्य अनेन राश्यादिना सुखभावो युक्तश्चतुर्थपञ्चमभावयोः सन्धिः स्यात् अयमेव सन्धिः पुनस्तेन युक्तः पञ्चमभावः स्यात्। अनेन युक्तः पञ्चमषष्ठभावयोः सन्धिः स्यात्। अयं तेन युक्तः षष्ठभावो भवति। अयं तेन युक्तः षष्ठसप्तमभावयोः सन्धिः स्यात्। एवं षट्ससन्धयो भावा जाताः, एते भार्द्धं षड्राशयस्तैर्युक्ताः सन्तोऽवशिष्टभावाः ससन्धयः स्युः।*

---

१०१ पूर्ववत्, श्लो.– २४, २५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ – लग्नमा ६ राशि जोड्दा सप्तम भाव बन्दछ भने दशम भावमा ६ राशि जोड्दा चतुर्थ भाव सिद्ध हुन्छ। अन्य भाव साधनका लागि चतुर्थ भावबाट प्रथम लग्नलाई घटाएर रहेको शेषलाई ६ ले भाग गरेपछिको षष्ठांशलाई प्रथम लग्नमा जोड्नाले प्रथम लग्नको सन्धि हुन्छ। यस सन्धिमा पुनश्च षष्ठांश जोड्दा द्वितीय भाव साधन हुन्छ। यसमा पनि षष्ठांश जोड्नाले द्वितीय भाव र त्यसमा पनि षष्ठांश जोडी तृतीय भावको सन्धिको साधन गरिन्छ भने यसमा समेत षष्ठांश जोड्दा पूर्व साधित चतुर्थ भाव आउनुपर्छ। यसरी क्रमशः तनु-धन-सहज-सुख नामक चारै ससन्धि भाव सिद्ध हुन्छन्।

अब उक्त षष्ठांशलाई एक (१) राशि (३० अंश) बाट घटाएर रहेको शेषलाई चतुर्थ भावमा जोड्दा चतुर्थ भावको सन्धि साधित हुन्छ। यसमा षष्ठांश शेष जोडिदिँदा पञ्चम भाव र यसमा पनि उक्त षष्ठांश शेष जोडेपछि पञ्चम भावको सन्धि-साधन हुन्छ। यसमा शेष षष्ठांश जोड्दा षष्ठभाव। अनि त्यसमा उक्त शेष जोड्दा षष्ठभावको सन्धि आउँछ भने यसमा पुनः शेष जोड्दा पूर्व साधित सप्तम भाव सिद्ध हुनुपर्छ। अगाडि यसैगरी प्रत्येक सन्धि र भावमा ६, ६, राशि जोड्दै गर्दा शेष भावहरू र सन्धिहरू पनि निस्कन्छन्। जस्तै - लग्न + ६ = सप्तमभाव, लग्नसन्धि + ६ = सप्तमसन्धि, द्वितीयभाव + ६ = अष्टमभाव, द्वितीयभाव सन्धि + ६ = अष्टमसन्धि आदि। ग्रह र ग्रह बसेको भावको राश्यंशादि समान भएमा पूर्णफल र सन्धि तथा ग्रहको राश्यंशादि तुल्य भएमा शून्य फलदायक हुन्छ।

८.२.१.१. ससन्धि शेषभाव ल्याउने तरिका

उदाहरण– १, रात्रिगत

(१) = ०४।१५।३४।४९ = प्रथम भावमा
+०६। ००।००।०० = ६ राशि जोड्दा
(७) = १०। १५।३४।४९ = सप्तम भाव भयो।
(१०) = ०१।१४।१०।३२ = दशम भावमा
+ ६ = ६ राशि जोड्दा
(४) = ०७।१४।१०।३२ = चतुर्थ भाव भयो।
०७।१४।१०।३२ = चतुर्थ भावबाट
-०४।१५।३४।४९ = प्रथम भाव घटाएको
०२।२८।३५।४३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६) ०।२।२८।३५।४३ (० (राशि) लब्धि = (शेषलाई ६ ले भाग गरेको)
×३०
६०
+ २८
६) ८८(१४ = अंश
८४
४
× ६०
२४०
+३५
६)२७५ (४५ = कला
२७०
५
×६०
३००
+४३
६)३४३(५७
३४२
१

षष्ठांश = ०।१४।४५।५७

प्रभाव भाव = **०४।१५।३४।४९**
+००।१४।४५।५७
सन्धि = ०५।०० ।२०।४६
+००।१४।४५।५७
५।१५।०६।४३ = द्वितीय भाव

(प्रथम भावदेखि तृतीय भावसम्म षष्ठांश जोडेको)

द्वितीय भाव = ५।१५।०६।४३
+ १४।४५।५७
